
गाउँ सभा / कार्यपालिका वैठकवाट स्वीकृत मिति २०८३/०३/१०

# गाउँ शिक्षा योजना

(२०८३/८४ - २०८७/८८)






सिलीचोङ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

ताम्कु, सङ्खुवासभा, नेपाल

**सिलीचोङ गाउँपालिका**

# गाउँ कार्यपालिकाको कार्यालय

**ताम्कु, सङ्खुवासभा , कोशी प्रदेश नेपाल**



## शुभ कामना

नेपालको संविधान, २०७२ ले आधारभूत शिक्षा प्राप्त गर्नु प्रत्येक नागरिकको मौलिक अधिकार हो भनी स्पष्ट गरेको छ। विद्यालय उमेरका सबै बालबालिकाहरुलाई आफ्नै घर आगनमा गुणस्तरीय विद्यालयीय शिक्षा प्रदान गर्नु स्थानीय सरकारको दायित्व हो। बालबालिकाको शैक्षिक आवश्यकतालाई समय सापेक्ष सम्बोधन गर्नका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्पष्ट गरेको छ। सुसंस्कृत र समृद् गाउँपालिका निर्माणमा शैक्षिक अवसरहरुलाई सुनिश्चित र व्यवस्थित गर्नु अहिलेको अनिवार्य शर्त हो।

समतामुलक पहुँच र न्यूनतम सिकाइ अनुकुल वातावरणमा प्रविधिमैत्री शिक्षण सिकाइ सहजीकरणको थालनी संगै गुणस्तरीय विद्यालय शिक्षा प्राप्तिको लागि आवश्यक शैक्षिक प्रबन्ध गर्न दीर्घकालिन शिक्षा योजना निर्माण र कार्यान्वयन गर्ने सोंच अनुरुप स्थानीय सरकारले लिएको १० वर्षे शैक्षिक मार्गचित्र अनुरुप पहिलो ५ वर्षे शिक्षा योजना निर्माण भएको छ। सिलीचोङ गाउँपालिकाको लागि शिक्षा योजना निर्माण हुनु आफैमा एक गौरवपूर्ण उपलब्धि हो। संगसंगै यसको सफल कार्यान्वयनका लागि चुनौतिपूर्ण अवसर पालिका सरकारको काँधमा आएको छ। हामीसंग सिमित श्रोत साधनको अधिकतम प्रयोग गरी शैक्षिक अवसर प्रदान गर्नु सरकारको दायित्व हो। यसका लागि हामी सम्पूर्ण पालिका नेतृत्वबाट अभिभावकीय भूमिका निर्वाह गर्दै प्राविधिक सहजीकरण सहित गाउँपालिकामा कार्यरत प्रशासनिक नेतृत्व, अभिभावक, प्रधानाध्यापक, शिक्षक, विद्यार्थीहरुको कार्यसंस्कार सहित सरोकारवाला सबैको सहयोगको आवश्यकता पर्दछ। सबैको उत्तिकै समन्वय, सहकार्यले मात्र शैक्षिक योजना सफल कार्यान्वयन संभव हुन्छ। अतः व्यवस्थित र क्रमिक कार्यान्वयन पद्तिले नतिजाको सुनिश्चित गर्ने र सोहि कार्यदिशा तर्फ आफ्नो कर्म र यात्रा जारी राख्न सम्बद्द सबैप्रति हार्दिक अनुरोध गर्दछु।

योजना निर्माणको क्रममा आफ्नो अमूल्य समय र सुझाव दिनुहुने कार्यपालिका पदाधिकारी, जनप्रतिनिधि, स्थानीय व्यक्तित्वहरु, नागरिक समाज, राजनीतिक दल, यस कार्यमा संलग्न कर्मचारीहरु, योजना लेखन कार्यदल सबैमा धन्यबाद व्यक्त गर्दछु। शैक्षिक योजनाको सम्पादन र सहजीकरण गर्नुहुने विज्ञ तथा सूचना र सुझाव सङ्कलनमा प्रत्यक्ष वा परोक्षरुपमा योगदान दिनुहुने सबै विद्यालय नेतृत्व, शिक्षक, विद्यार्थी, अभिभावक र स्थानीय सरोकारवालाहरुप्रति धन्यवाद व्यक्त गर्दछु। योजना आफैमा पूर्ण हुदैन यसको नियमन र नियमित कार्यान्वयनले मात्र यसले पूर्णता प्राप्त गर्दछ। यो जीवन्त सामग्री भएकोले सदैव परिमार्जन र रचनात्मक सुझावको अपेक्षा गर्दछु। अन्तमा यो शिक्षा योजना सफल कार्यान्वयनका लागि पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु।

भुपालराज राई

अध्यक्ष

सिलीचोङ गाउँपालिका

# सिलीचोङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
### ताम्कु, सङ्खुवासभा , कोशी प्रदेश नेपाल



## शुभ कामना

सिलीचोङ गाउँपालिका सङ्खुवासभा जिल्लाका स्थानीय तहमध्ये एक हो। यस स्थानीय तहको भुगोल विषम प्रकृतिको रहेको छ। ५ वडामा विभाजित यस पालिकाको शैक्षिक विकास र उन्नयनका लागि ३५ ओटा सामुदायिक विद्यालयहरु सञ्चालित रहेका छन्। सवै वडामा माध्यमिक र आधारभूत तहका विद्यालयहरुले वडाका सबै बालवालिकाहरुको शैक्षिक आवश्यकता पुरा गर्ने यात्रामा प्रयासरत रहेका छन । ग्रामीण क्षेत्रमा अवस्थित यस पालिका सडक पुर्वाधारवाट जोडिने क्रममा रहेको छ । पालिकाको स्थापनासंगै सडक यातायतमा भएको सुधारले वाह्य संसारसंग पालिकावासीलाई परिचित हुने अवसर सहित जीवनस्तरमा सुधार आएको छ । यद्यपि सामाजिक विकासको क्षेत्र खासगरी शिक्षाको क्षेत्रमा सन्तुलित विकास र गुणस्तर कायम गर्न पालिका प्रयासरत रहेको छ। विद्यालय शिक्षाका लागि आवश्यक भौतिक पूर्वाधार तयार भएता पनि शिक्षण सिकाइका लागि आवश्यक न्यूनतम पूर्वाधार र शैक्षिक अवसरहरु सिर्जना गर्न सकिएको छैन। सामाजिक , अर्थिक र शैक्षिकरुपमा विपन्न एवम् फरक स्थितिमा रहेका सबै बालबालिकाको लागि न्यूनतम सिकाइ अनुकुल वातावरणमा शैक्षिक अवसरहरु प्रदान गर्न पालिकाले शुरुवात गरेको शिक्षा क्षेत्रको योजनावद्ध थालनीको लागि यो शिक्षा योजना कोशेढुङ्गा सावित हुने अपेक्षा गरेकी छु ।

पालिकाको आवधिक विकास योजना तयार भएको परिप्रेक्ष्यमा शिक्षा योजनाको प्रवेशले आगामी दिनमा पालिकाको समग्र शिक्षा क्षेत्रको विकास र सुधार हुने कुरामा म विश्वस्त छु । आधारभूत शिक्षा, माध्यमिक शिक्षा. अनौपचारिक शिक्षाको क्षेत्रमा शैक्षिक गतिविधिहरु सञ्चालन गर्दै स्थानीय पाठ्यक्रम, स्थानीय विषयवस्तुमा आधारित सिकाइ , रैथाने ज्ञानसीप र प्रविधिको प्रवर्द्धनमा पनि यस योजनाले प्राथमिकता दिएकोमा मलाई खुशी पनि लागेको छ। महिला , बालबालिका , विपन्न र अपाङ्गता भएका बालबालिका लक्षित कार्यक्रमहरु अतिरिक्त विद्यार्थीहरुको प्रतिभा पहिचानको अवसरलाई योजनाले सम्वोधन गरेको छ। समग्र विद्यालय शिक्षाको प्रबन्ध र गुणस्तर सुधारमा संस्थागत जिम्मेवारी र पेशाकर्मीको कार्य सम्पादन करारको व्यवस्थाले अपेक्षित सुधार हुने निश्चित देखिन्छ। यद्यपि पालिकाको स्रोतको सिमितताले गर्दा सबै कार्यक्रमहरु एकसाथ कार्यान्वयन गर्न सकिदैन र क्रमीकरुपमा प्राथमिकताका आधारमा वाह्य स्रोतको खोजी गर्न आवश्यक रहेको देखिन्छ । योजनाले वजेट लाग्ने नलाग्ने क्रियाकलाप र कार्यक्रमको कार्यान्वयनको जिम्मेवारी समेत तोकेको सन्दर्भमा संघ प्रदेश र स्थानीय तहको आपासी समन्वय र सहयोगमा योजना कार्यान्वयनमा सहजता हुने कुरामा विश्वास पनि गरेकी छु।

अन्तमा यो शिक्षा योजनाको सफल कार्यान्वयनको शुभकामना सहित रचनात्मक सुझावको लागि हार्दिक अनुरोध गर्दछु। धन्यवाद !

देविता राई

उपाध्यक्ष

सिलीचोङ गाउँपालिका

# सिलीचोङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
### ताम्कु, सङ्खुवासभा , कोशी प्रदेश नेपाल



## शुभ कामना

पालिका विशेषको मानवीय पूर्जीको निर्धारण त्यसपालिकामा वसोवास गर्ने पालिकावासीको शैक्षिक स्थितिले दिशानिर्देश गर्छ। शैक्षिक स्थितिको प्रतिविम्व नै त्यस पालिकामा सञ्चालित शैक्षिक कार्यक्रम हो । सिलीचोङ गाउँपालिकाको समग्र विकासमा शिक्षा क्षेत्रको अहम् भूमिका रहेको हुन्छ। पालिकाको शैक्षिक स्थिति , मोजुदा शैक्षिक अवसरहरुको प्रवाह , साक्षरता दर, समुदायको संस्कार र संस्कृति , पालिकावासीको वोली व्यवहार लगायतका पक्षहरु पालिकाको जीवन्त तस्वीर हो । आवश्यकता नै विकासको जननी हो। विकास निरन्तर चलिरहने प्रक्रिया हो। आवश्यकता परिवर्तनशिल हुन्छ। परिवर्तित आवश्यकतालाई सम्वोधन गर्ने सशक्त माध्यम नै नवीन सिकाइ हो। नवीन सिकाइ शिक्षावाट प्राप्त हुन्छ। शिक्षा प्राप्तिका दुई मार्ग हुन्छन्। संस्थागत सिकाइ र वैयक्तिक सिकाइ । समय सापेक्ष सिकाइका अवसर सुनिश्चित गर्न संस्थागत र योजनावद्ध प्रयास जरुरी हुन्छ। सोको लागि सिलिचोङ गाउँपालिकाले चाल आव २०८२।८३ मा १० बर्ष मार्गचित्र अनुरुप ५ बर्षे शिक्षा योजना तयार गरेको छ। यस योजनाले पालिकाको समग्र शैक्षिक विकास र सुधारको क्षेत्रलाई समेट्ने कोशिस गरेको छ। तथापि योजना निर्माणको क्रममा प्राप्त सुझाव र विश्लेषित तथ्याङ्कका आधारमा कार्यक्रम तय गर्दा केही कार्यक्रम एवम् क्रियाकलापहरु छुट र दोहोरिएका हुन सक्छन्। यो शिक्षा योजना आफैमा जीवन्त र आवधिक योजना भएकोले बार्षिक प्रगति सूचकका आधारमा कार्यक्रम थपघट र परिमार्जनको संभावना रहेको हुन्छ।

योजनाको दूरदृष्टि र लक्ष्य प्राप्तिका लागि समय लाग्नु स्वभाविक छ। यसको लागि स्रोतको व्यवस्था , जनशक्ति परिचालन जिम्मेवारी वोध र कार्यान्वयनमा सक्रियता , प्रविधि र साधनको पहुँच र समानुपातिक वितरण र उपयोग तथा नियमित अनुगमन मुल्याङ्कन र प्राविधिक सहायता अनिवार्य हुन्छ। शैक्षिक अवसरको प्रदान र प्राप्ति साझा लक्ष्य र अभियानको क्षेत्र भएकोले सवैपक्ष वीच समन्वय र सहकार्य जरुरी छ। यसको लागि मूलत : सम्बन्धित शाखा , विद्यालय , विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ , अभिभावक ,शिक्षक , विद्यार्थी , जनप्रतिनिधि र शिक्षा सरोकारवाला, स्थानीय संघसंस्था र व्यक्ति वीच योजनाका वारेमा प्रवोधिकरण एवम् जानकारी सहित कार्यान्वयन गर्नु पर्छ । मेरो अनुरोध पनि यही रहन्छ कि योजना निर्माण गर्नु मात्र सफलता होईन कार्यान्वयन गर्नु नै नतिजा प्राप्त गर्नु हो। नतिजामुखी कार्यपद्धति नै संस्थागत सुन्दरता र सोन्दर्यता हो। अत : शिक्षा योजना सूचना र शक्तिपुञ्ज हो। त्यसका संवाहक भनेका हाम्रा विद्यालय , शिक्षक कर्मचारी र विद्यार्थी हुन्। उनीहरुका अभिभावकीय निकाय भनेका हामी नेतृत्व ,जनप्रतिनिधि र कर्मचारी हौ। अविछिन्न सहयोगी हात, अभिभावक तथा स्थानीय शिक्षाविद् र वुद्धिजीवी हौ। हाम्रो जिम्मेवारी र क्रियाशिलता नै शिक्षा योजना (२०८३/८४ -८७/८८) कार्यान्वयन र उपलब्धि प्राप्ति र साधन स्रोत सदुपयोगको कडी हो। अत : सकरात्मक सहयोगको अपेक्षा सहित सवै प्रति मेरो शुभकामना र धन्यवाद !

प्रविण राई
प्रमुख प्रशासकीय अधिकृत
सिलीचोङ गाउँपालिका

# सिलीचोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

### १ नं. वडा कार्यालय सिसुवाखोला, सङ्खुवासभा
### कोशी प्रदेश नेपाल



**शुभ कामना**

नेपालको संविधानले प्रत्याभूत गरेको आधारभूत शिक्षाको अधिकारलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै प्रत्येक बालबालिकालाई गुणस्तरीय, समावेशी तथा जीवनोपयोगी शिक्षा उपलब्ध गराउनु स्थानीय सरकारको महत्वपूर्ण दायित्व हो। बालबालिकाको शैक्षिक आवश्यकता तथा स्थानीय समुदायको अपेक्षालाई समयानुकूल सम्बोधन गर्न शिक्षा क्षेत्रको योजनाबद्ध विकास अपरिहार्य रहेको छ। यस सन्दर्भमा सिलीचोङ गाउँपालिकाले दीर्घकालीन सोचसहित तयार पारेको शिक्षा योजनाले गाउँपालिकाभित्रको समग्र शैक्षिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिएको छु।

शिक्षा क्षेत्रको विकास र सुधार केवल विद्यालयको भौतिक पूर्वाधार निर्माणमा मात्र सीमित नभई सिकाइ उपलब्धि, प्रविधिमैत्री शिक्षण सिकाई अवसर , दक्ष जनशक्तिको उपलब्धता  र बालमैत्री व्यवहार एवम् समावेशी वातावरण सहित समग्र विद्यालय व्यवस्थापनसँग प्रत्यक्ष रूपमा जोडिएको विषय हो। त्यसैले स्थानीय तह, विद्यालय, शिक्षक, अभिभावक, विद्यार्थी तथा सम्पूर्ण समुदायबीचको सहकार्य र साझा प्रतिबद्धताले मात्र योजनाका लक्ष्य र उद्देश्य हासिल गर्न सकिन्छ भन्ने मेरो दृढविश्वास रहेकोछ।

सिलीचोङ गाउँपालिका वडा नं. १ भित्र रहेका विद्यालयहरूमा गुणस्तरीय शिक्षा, अनुशासित शैक्षिक वातावरण तथा सबै बालबालिकाको सहज पहुँच सुनिश्चित गर्न वडा कार्यालय सधैं प्रतिबद्ध रहेको छ। शिक्षा क्षेत्रको समयसापेक्ष विकास र  सुधारको मार्गमा आपसी समन्वय , आवश्यक सहयोग र सहकार्यका लागि वडा कार्यालय सदैव अग्रसर रहने प्रतिबद्धता व्यक्त गर्दछ।

यस शिक्षा योजनाको निर्माण तथा कार्यान्वयन प्रक्रियामा प्रत्यक्ष तथा अप्रत्यक्षरूपमा योगदान पुऱ्याउनु हुने गाउँपालिका परिवार, जनप्रतिनिधि, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, कर्मचारी, विद्यार्थी, अभिभावक, राजनीतिक दलका प्रतिनिधि, नागरिक समाज तथा सम्पूर्ण सरोकारवालाप्रति ससम्मान हार्दिक धन्यवाद व्यक्त गर्दछु । साथै, योजनाको सफल कार्यान्वयनमार्फत सिलीचोङ गाउँपालिकाको शैक्षिक क्षेत्र थप व्यवस्थित र उपलब्धिमूलक हुने कुरामा म  विश्वस्त छु।

अन्त्यमा, शिक्षा क्षेत्रको समग्र उन्नयन र आफ्नै घर आंगनमा गुणस्तरीय शिक्षाको अवसर प्रदान गर्न र भावी पुस्ताको उज्ज्वल भविष्य निर्माणको अविरल यात्रामा सहभागी वनौं यस शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको लागि अग्रसर हौं भन्ने सन्देश सम्प्रेषण गर्दै यहाँहरुको रचनात्मक सुझाव नै  साझा प्रेरणा वन्न सकोस् र योजनाको सफल कार्यान्वयन होस् भन्ने शुभकामना व्यक्त गर्दछु। धन्यवाद !

गणेश राई
वडाध्यक्ष, वडा नं १
सिलीचोङ गाउँपालिका

# सिलीचोङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
### २ नं. वडा कार्यालय वाला, सङ्खुवासभा
### कोशी प्रदेश नेपाल



शिक्षालाई मानवको तेस्रो आँखा तथा ज्ञानको ज्योति भनेर पनि चिनिन्छ। वर्तमानमा शिक्षालाई व्यक्तिको आधारभूत अधिकारको रूपमा लिइन्छ। नेपालको संविधानले नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने मौलिक हकको व्यवस्था गरेको छ।

यस सिलीचोङ गाउँपालिकाको समग्र शैक्षिक स्थितिको गुणस्तर तथा नतिजामा सुधार ल्याउनका लागि यो दश वर्षे मार्गचित्र अनुरुप ५ बर्षे शिक्षा योजना निर्माण गरिएको हो। सिलीचोङ गाउँपालिकामा विकासमा समानता र समता , विविधताको पहिचान र सम्वोधन सहित समृद्धिका लागि गाउँपालिकाले शिक्षा क्षेत्रमा गरेको र गर्ने लगानीको उपयूक्त एवम् प्रशंसनीय प्रतिफल प्राप्तिको कार्यदिशा सहित हासिल योग्य लक्ष्य र उद्देश्यका साथ शिक्षा योजनाको निर्माण गरिएको छ।

शिक्षा क्षेत्रको विकास जस्तो पवित्र अभियानमा अगाडि बढ्दा आईपर्ने चुनौतीको न्यूनीकरण तथा समस्याहरूलाई समुचित तरिकाबाट समाधान गरी यस गाउँपालिकाको समग्र शिक्षा क्षेत्रको सुधारका लागि सम्पूर्ण गाउँपालिका बासीको साथ र सहयोग प्राप्त हुनेछ भन्ने पूर्ण आशा र विश्वास लिएको छु।

यो योजना निर्माणको क्रममा शुरुवाती चरणदेखि सहयोग गर्ने शिक्षा योजना मस्यौदा लेखन समिति, प्रधानाध्यापक ज्यूहरू, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ अध्यक्ष ज्यूहरू, शिक्षक प्रतिनिधि साथै सम्पूर्ण सरोकारवालाहरू प्रति हार्दिक धन्यवाद एवम् कृतज्ञता व्यक्त गर्दै योजनाको सफल कार्यान्वयनका लागि शुभकामना व्यक्त गर्दछु। धन्यवाद !

मोहन सम्शेर राई
वडाध्यक्ष, वडा नं २
सिलीचोङ गाउँपालिका

# सिलीचोङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
### ३ नं. वडा कार्यालय ताम्क, सङ्खुवासभा
### कोशी प्रदेश नेपाल



सिलीचोङ गाउँपालिकाले यस पालिकाको दिर्घकालीन शैक्षिक योजना निर्माण गरिरहदा मलाई असाध्यै खुशी लागेको छ । नेपालको संविधान २०७२ ले प्रदत्त शिक्षा प्राप्तिको अधिकारलाई आत्मासात गर्दै सिलीचोङ गाउँपालिकाको समग्र शैक्षिक विकास एवम् उन्नयनका लागि आवधिक योजना निर्माण र सोको कार्यान्वयन गर्नु स्थानीय सरकारको प्रमुख दायित्व हो । शिक्षा प्राप्त गर्नु प्रत्येक नागरिकको मौलिक अधिकार हो । गुणस्तरीय शिक्षा प्रदान गर्नु स्थानीय सरकारको कर्तव्य हो । त्यसैले समृद्ध गाउँपालिकाका लागि शैक्षिक अवसरलाई सुनिश्चित र ब्यवस्थित गर्नु आजको अनिवार्य शर्त हो ।

गुणस्तरीय विद्यालय शिक्षा प्राप्तिको लागि आवश्यक शैक्षिक प्रबन्ध गर्न शिक्षा योजना निर्माण र कार्यान्वयन गर्ने सोच अनुरुप शिक्षक, अभिभावक, टोल संयोजक र कर्मचारीको प्रत्यक्ष संलग्नतामा १० वर्षे योजनाको परिकल्पना अनुरुप पहिलो ५ वर्षे शिक्षा योजना निर्माण भएको छ । यद्यपि यसको सफल कार्यान्वयन चुनौतीपूर्ण छ । उपलब्ध सीमित स्रोत साधनको अधिक्तम् प्रयोग गरी शैक्षिक अवसर प्रदान गर्नु पालिकाको विशिष्टतता हो । तथापि यसका लागि हामी जनप्रतिनिधिको नेतृत्वदायी भूमिका , शिक्षा क्षेत्रमा कार्यरत विकास साझेदार संघ संस्थासंगको साझेदारी र सहकार्य , आम पालिकावासीको सकरात्मक योगदान ,स्थानीय समुदाय र अभिभावकको साथ सहयोग, वडामा कार्यरत कर्मचारीको प्रशासनिक नेतृत्व र प्राविधिक सहजीकरण, प्रधानाध्यापक, शिक्षक र विद्यार्थीको पेशागत अनुशासन र जिम्मेवारी हाम्रो शक्ति हो । उक्त शक्तिको उचित परिचालनवाट योजनाको व्यवस्थित र क्रमिक प्रभावकारी कार्यान्वयन सम्भव हुन्छ र छ पनि ।

योजना निर्माणको क्रममा आफ्नो अमुल्य समय र सुझाव दिनुहुने सिलीचोङ गाउँपालिकाका वि.ब्य.स. पदाधिकारी एवम् विद्यालय नेतृत्व, सम्पूर्ण शिक्षाप्रेमी, अभिभावक, बुद्धिजिवी, शिक्षक, विभिन्न संघ/संस्था प्रतिनिधी र संलग्न कर्मचारीहरू साथै योजना लेखन कार्यदल , सम्पादनमा सहयोग र सहजीकरण गर्नुहुने विज्ञ, सूचना तथा सुझाव संकलनमा प्रत्यक्ष वा परोक्ष रुपमा योगदान दिनुहुने सबै प्रति धन्यवाद ज्ञापन गर्दै शिक्षा समाज सापेक्ष हुने भएकोले समयसँगै हुने परिमार्जनका लागि सुझाव अपेक्षा गर्दछु । अन्तमा शिक्षा योजनाको सफल कार्यान्वयन एवम् शैक्षिक उन्नति र प्रगतिका मार्गमा यो योजना कोशेढुङ्गा वन्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु । धन्यवाद !

प्रताप सिंह तामाङ

वडाध्यक्ष, वडा नं ३

सिलीचोङ गाउँपालिका

## सिलीचोङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
### ४ नं. वडा कार्यालय मांतेवा, सङ्खुवासभा
### कोशी प्रदेश नेपाल



विद्यालय शिक्षाको पवित्र मन्दिर हो । जुन मन्दिरमा हजारौँ बालबालिकाहरु आफ्नो भाग्य र भविष्य कोर्न भनि दिनहुँ यात्रा गर्छन । जुन पवित्र सिकाई स्थल, ती अवोध बालबालिकाहरुको शिक्षा प्राप्त गर्ने नैसर्गिक अधिकारको विम्व हो । त्यसैले सुरक्षित, बालमैत्री र सुव्यवस्थित भौतिक पुर्वाधार , सक्षम प्रशासन र सवल आर्थिक पक्ष सहितको पाठशाला जहाँ सिकाई अनुकुल शैक्षिक वातावरण सिर्जना गर्न विशेषतः शिक्षक, विद्यार्थी र अभिभावकहरुको त्रिकोणात्मक पक्षको सम्बन्ध सुमधुर हुन जरुरी छ । त्यसलाई थप व्यवस्थित गर्न नजिकका शिक्षाप्रेमी, जग्गादाता, चन्दादाता र सरोकारवालाहरु समेतको पनि त्यतिकै महत्त्वपूर्ण भूमिका रहन्छ । यसलाई थप व्यवस्थित र अनुशासित वनाउन तीनै तहको सरकारहरुको पनि उत्तिकै जिम्मेवारी हुनु पर्दछ ।

भनिन्छ समृद्धिको पहिलो आधार शिक्षा हो । शिक्षाको जग बलियो बनाउन पूर्वतयारी र पूर्वयोजना निर्माण गर्नु जरुरी हुन्छ । त्यहि मुलमर्मलाई आत्मसात गरी सिलीचोङ सरकारको अगुवाईमा दशवर्षे मार्गचित्र अनुरुप ५ बर्षे शिक्षा योजना आ.व.२०८२।०८३ मा तयार भएकोमा खुसी व्यक्त गर्दछु । यो महत्वपूर्ण कार्य एवम् शैक्षिक मार्गचित्र तयार पार्न अहोरात्र खट्नुहुने गाउँपालिका अध्यक्षको सचिवालय, गाउँसभाका सदस्यहरु, सामाजिक विकास शाखा अन्तर्गतका शिक्षा शाखाका सम्पूर्ण कर्मचारीहरु, शिक्षाविद, विभिन्न विद्यालयका प्रधानाध्यापक तथा मस्यौदा समितिका सम्पूर्ण पदधिकारीहरु प्रति विशेष आभार व्यक्त गर्दछु । यस आवधिक दिर्घकलीन योजना निर्माणका क्रममा सकारात्मक सल्लाह सुझाव दिनुहुने सिलीचोङवासी सम्पूर्णलाई धन्यवाद दिन चाहान्छु ।

अन्तमा , सिलीचोङ गाउँपालिकाको दशवर्षे शिक्षा योजनाले गाउँपालिकाको शैक्षिक उन्नयनमा सकारात्मक प्रभाव पार्न सकोस् भन्ने अग्रिम शुभकामना व्यक्त गर्दछु । धन्यवाद !

देवेन्द्र राई
वडाध्यक्ष, वडा नं ४
सिलीचोङ गाउँपालिका

## सिलीचोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

### ५ नं. वडा कार्यालय याफू, सङ्खुवासभा
### कोशी प्रदेश नेपाल



विद्यालय उमेरका सबै बालबालिकाहरुलाई आफ्नै घरआगनमा गुणस्तरीय शिक्षा प्रदान गर्नु स्थानीय सरकारको सामाजिक दायित्व हो । स्थानीय सरकारको शिक्षा सम्बन्धि अधिकार क्षेत्र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्पष्ट गरेको प्रावधान अनुसार बालबालिकाको शैक्षिक आवश्यकतालाई समय सापेक्ष सम्बोधन गर्नका हाम्रो पालिका प्रयासरत रहेको छ । तदनुरुप यस सिलीचोङ गाउँपालिका वडा नं. ५ पनि उक्त यात्रामा सहभागी हुदै आफ्नो भूमिका निवार्ह गरेको छ । यद्यपि सुसंस्कृत र समृद्ध गाउँपालिकाका लागि शैक्षिक अवसरलाई सुनिश्चित र सुब्यवस्थित गर्न सकिएको छैन , केवल थालनी गरेका छौ ।

संखुवासभाको उत्तरी क्षेत्रको दुर्गम स्थानमा रहेर पनि शिक्षाको ज्योति छर्दै चेतनाको विगुल फुक्न र भावी सन्ततीको मुहार हँसिलो बनाउँदै देश विकासमा योग्य र सक्षम नागरिक उत्पादन गर्न विद्यालयले गरेको प्रगतीको प्रशंसा गर्दछु । गुणस्तरीय विद्यालय शिक्षा प्राप्तिको लागि आवश्यक शैक्षिक प्रबन्ध गर्न दीर्घकालिन शिक्षा योजना निर्माण र कार्यान्वयन गर्ने सोच अनुरुप शिक्षक, अभिभावक, टोल संयोजक र कर्मचारीको प्रत्यक्ष संलग्नतामा १० वर्षे सोच अनुरुप पहिलो ५ वर्षे शिक्षा योजना निर्माण भएको छ । यद्यपि यसको सफल कार्यान्वयन चुनौतिपूर्ण मात्र होईन उपलब्ध सिमित स्रोत साधनको अधिक्तम प्रयोग गरी शैक्षिक अवसर प्रदान गर्नु निकै कठीन पनि छ ।

भनिन्छ चुनौती नै अवसर हो , यसका लागि हामी सबैको साथ र सहयोग भयो भने नतिजा प्राप्ति दूर छैन । सरकारी तथा गैर सरकारी संस्थासंघको समन्वय र सहकार्य , स्थानीय समुदाय र सहयोगी मन एवम् हातहरुको सहभागिता र संलग्नतामा पालिका नैतृत्व र सम्बद्ध पेशाकर्मी एवम कर्मचारीहरुको प्राविधिक सहजीकरणमा शिक्षा क्षेत्रको परिवर्तन संभव हुन्छ र छ पनि । यसको लागि निरन्तर कोशीस र प्रयास जरुरी छ । योजना नै सुधारको पहिलो पाईला हो । जसलाई गतिशिल वनाउने कार्य परिचालित जनशक्ति र सुधारको सुनिश्चतता गर्ने अवयव नै वजेट हो । सोच र स्रोत तथा जनशक्ति र समयको उपयुक्त परिचालन नै योजनाको सफलता हो । अत : यसको लागि शिक्षा सरोकारवालाहरुको क्रियाशिलता र पेशागत अनुशासन आवश्यक हुन्छ । सोका लागि पालिकावासीको सकरात्मक भाव र पालिका नेतृत्वको अगुवाई सहितको प्रेरणा नै उर्जा हो । जुन हामी कहाँ त्यो संस्कार र कार्यवातावरण रहेको मेरो वुझाई छ । हामी सफल हुन्छौ र हुनु पनि पर्छ योजना कार्यान्वयनको दिशामा ।

योजना निर्माणको क्रममा आफ्नो अमुल्य समय र सुझाव दिनुहुने सिलीचोङ गा.पा.-०५, याफूका वि.ब्य.स. पदाधिकारी एवं विद्यालय नेतृत्व, सम्पूर्ण शिक्षाप्रेमी, अभिभावक, बुद्धिजिवी, शिक्षक, विभिन्न संघ/संस्था प्रतिनिधी र संलग्न कर्मचारीहरू साथै योजना लेखन कार्यदल सम्पादनमा सहयोग र सहजीकरण गर्नुहुने विज्ञ तथा सूचना तथा सुझाव संकलनमा प्रत्यक्ष वा परोक्ष रुपमा योगदान दिनुहुने सबै वडाबासी प्रति धन्यवाद ब्यक्त गर्दछु । यो जीवन्त सामग्री भएकोले सधै परिमार्जन र सुझावको अपेक्षा गर्छ । अन्तमा शिक्षा योजना को सफल कार्यान्वयनको शुभकामना साथै आगामी वर्षहरुमा अझ शैक्षिक उन्नति, प्रगतिको शिखर चुम्ने बौद्विक खुराक दिन सकोस भन्ने शुभकामना व्यक्त गर्दछु । धन्यवाद

ईश्वर राई
वडाध्यक्ष, वडा नं ५
सिलीचोङ गाउँपालिका

# सिलीचोङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
### ताम्कु, सङ्खुवासभा , कोशी प्रदेश नेपाल



## कार्यकारी साराशँ

नेपालको संविधानले शिक्षालाई मौलिक हक र राज्यको निर्देशक सिद्धान्तमा नागरिकको आधारभूत आवश्यकताको रुपमा प्रत्याभूत गरेको छ। नागरिकको सहज पहुँचमा शिक्षा प्रदान गर्नु राज्यको सामाजिक दायित्व हो। नागरिकको नैसर्गिक अधिकार हो। आधारभूत शिक्षा प्रदान गर्न राज्यका तर्फवाट समय सापेक्ष शैक्षिक नीति तथा कार्यक्रमहरु जारी भई कार्यान्वयन भईरहेका छन्। यद्यपि ती शैक्षिक नीति तथा कार्यक्रम लागू गरी कार्यान्वयन गर्ने सन्दर्भमा देश सङ्घीयतामा गएसँगै विद्यालय शिक्षाको सञ्चालन र व्यवस्थापनको जिम्मेवारी स्थानीय तहको एकल अधिकार क्षेत्र र संघ , प्रदेश सरकारको साझा अधिकार क्षेत्रभित्र पर्दछ। तीनै तहका सरकार वीच आपसी सहअस्तित्व , समन्वय र सहकार्यमा शैक्षिक क्षेत्रको विकास र सुधार गर्न आवश्यक छ र हुन्छ पनि। सोही बमोजिम विगत देखि अविछिन्नरुपमा निकायहरुवाट स्रोत र साधनको विनियोजन भई कार्यान्वयनका लागि प्रयास भईरहेको छ। तथापि पालिका विशेषको सिकाइ आवश्यकता, विद्यमान अवसर र संभावना , समस्या र चुनौतीको आधारमा शिक्षा नीति तथा कार्यक्रमहरु लागू गर्नु पर्ने हुन्छ। सोही बमोजिम **हिजोको शिक्षा, आजको ईच्छा र भोलीको अपेक्षा**लाई विश्लेषण गर्दै शिक्षा योजनालाई कार्यरुप दिन सिलीचोङ गाउँपालिकाले आ व २०८३।८४ देखि २०९३।९४ को लागि योजनाको प्रारुप तयार गर्ने सोच सहित पहिलो पाँच वर्षे शिक्षा योजना २०८३।८४ देखि २०८७।८८ निर्माण गर्ने प्राविधिक कार्यदल गठन गरी स्थानीय शिक्षा सरोकारवालाहरुसँगको आपसी अन्तरक्रिया र छलफलबाट उक्त योजना निर्माण भएको छ। शिक्षा योजना निर्माणका क्रममा पालिकाका नेतृत्व, कार्यपालिका पदाधिकारी , शिक्षा समितिका पदाधिकारी र यस पालिकाका सम्पूर्ण शाखाहरुसंग नियमित सम्पर्क र समन्वयमा पालिकाका प्रमुख सरोकारवालाहरुवाट उपलब्ध प्रेरणा ,आवश्यक स्रोत र सूचना तथा तथ्याङ्क, विद्यालय शिक्षाको विकास र गुणस्तर सुधार केन्द्रित सुझाव र विज्ञको प्राविधिक सल्लाहका आधारमा योजना निर्माण गरिएको हो। यसको अतिरिक्त समसामयिक शैक्षिक नीति तथा कार्यक्रम , संघ प्रदेश र स्थानीय सरकारवाट विद्यालय शिक्षा क्षेत्रमा गरेको लगानी, विगतको अनुभव र वर्तमानको आवश्यकतालाई केन्द्रविन्दुमा राखेर योजना निर्माण गरिएको छ ।

यस योजनालाई ८ वटा परिच्छेदमा लिपिवद्ध गरिको छ। परिच्छेद एक :परिचय, परिच्छेद दुई : दूरदृष्टि , लक्ष्य , उद्देश्य रणनीति र अपेक्षित उपलब्धी , परिच्छेद तीन : विद्यालय शिक्षा क्षेत्रका उपक्षेत्र, परिच्छेद चार : शिक्षा क्षेत्रसंग अन्तरसम्बन्धित विषयक्षेत्र , परिच्छेद पाँच : अन्य उपक्षेत्र ( स्थानीय विशेष ) , विद्यालय, परिच्छेद छ : सुशासन र व्यवस्थापन , परिच्छेद सात: लगानी र स्रोतको व्यवस्थापन र परिच्छेद आठ : अनुगमन तथा मुल्याङ्कन पक्षलाई समेटिएको छ। परिचय , वर्तमान अवस्था, अवसर ,समस्या र चुनौती , उद्देश्य , रणनीति र उपलब्धी, नतिजा र प्रमुख क्रियाकलाप तथा वजेटको खाकामा सवै अवयवहरुलाई प्रस्तुत गरिएको छ। यस ५ वर्षे शिक्षा योजनामा अनुमानित कुल वजेट ९२ करोड २३ लाख ८५ हजार मध्ये वाह्यस्रोत तर्फ ७१ करोड ५४ लाख ५० हजार ( ७७.५७ % ) र आन्तरिक स्रोत तर्फ २० करोड ६९ लाख ३५ हजार ( २२.४३ % ) स्रोत आंकलन गरिएको छ। स्थानीय संघसंस्थाको साझेदारी तर्फ १ करोड ३७ लाख ५० हजार र संघ प्रदेश सरकारसंग प्रस्तावित कार्यक्रमका लागि थप वजेट ६ करोड ४ लाख ५० हजार समावेश गरिएको छ (आधार वर्ष २०८३/८४ को जगमा ) । उक्त योजनामा विना वजेट तर्फ ८२ ( ३५ % ) ओटा क्रियाकलाप र वजेट लाग्ने १५३ ( ६५ % ) ओटा क्रियाकलाप सहित जम्मा २३५ क्रियाकलाप समावेश गरिएको छ। उक्त क्रियाकलापहरु आन्तरिक स्रोत तर्फ २३५ ओटा र वाह्य स्रोत तर्फ १८ओटा (ससर्त ) र प्रस्तावित १८ ( २ विना वजेट वाहेक) क्रियाकलापहरु रहेका छन्। ती २७१ ओटा क्रियाकलापहरु योजनामा रहेका १५ ओटा क्षेत्रगत अवयव (प्रारम्भिक बाल विकास र शिक्षा , आधारभूत शिक्षा , माध्यमिक शिक्षा, पाठ्यक्रम. पाठ्यपुस्तक सिकाइ सामग्री र मुल्याङ्कन; शिक्षक व्यवस्थापन र विकास , अनौपचारिक शिक्षा र आजीवन सिकाइ , प्राविधिक तथा व्यवसायिक सीप विकास , शैक्षिक समता र समावेशीकरण , विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम; विद्यालय सुरक्षा, विपद न्यूनीकरण र उत्थानशिलता; विद्यालयमा भौतिक पूर्वाधार विकास , विद्यालयमा सूचना तथा सञ्चार प्रविधि , शिक्षाको व्यवस्थापन र संस्थागत क्षमता विकास , शिक्षा योजना कार्यान्वयनको प्रवन्ध र अनुगमन तथा मुल्याङ्कन) प्रस्तुत गरिएको छ। चालु बर्षको कार्यक्रम तथा वजेटको कार्यान्वयनका लागि कार्ययोजना , योजना निर्माणको समय र वजेटमा समेत सामान्य हेरफेरको संभावना रहेसंगै यस योजनाको कार्यान्वयनमा सहजताको लागि पहिलो वर्षमा सञ्चालन गर्ने कार्यक्रम एवम् क्रियाकलाप र स्रोत व्यवस्थापनलाई अलग्गै प्रस्तुत गरिएको छ। संघ प्रदेश सरकारवाट प्राप्त वित्तिय अनुदान सहयोग र विकास साझेदार संघ संस्थासंगको समन्वय र साझेदारीमा योजना कार्यान्वयनमा स्रोत र प्राविधिक सहायताका लागि अपेक्षा समेत गरिएको छ।

गाउँपालिकाको सपना " कृषि पर्यटन र पूर्वाधार - समृद्ध सिलीचोङको आधार " लाई विपनामा रुपान्तरित गर्न शिक्षाको विकास पहिलो शर्त हो । शिक्षा आफैमा विकासको संवाहक हो र समग्र पूर्वाधार विकासको पनि पूर्वाधार हो। त्यसकारण शिक्षाले उच्च प्राथमिकता प्राप्त गरेको प्रमाण आन्तरिक स्रोततर्फको शिक्षा क्षेत्रमा गरेको वजेट विनियोजनले स्पष्ट गरेको छ। अत: विगतमा स्थानीय सरकारले गरेको लगानीको आधारमा आवधिक वजेटमा हुने अनुपातिक वृद्धि हुने तथ्यलाई सुरक्षित राख्दै कार्यक्रम र वजेट प्रस्तावित गरिएको छ। यद्यपि संघ,प्रदेश सरकारवाट प्राप्त स्रोतमा क्रमीक वृद्धिको अपेक्षा र गैरसरकारी निकायसंगको हातमालो कार्यलाई निरन्तरता दिईएको छ। योजनाको सफलता नै त्यसको प्रभावकारी कार्यान्वयन हो। तसर्थ स्थानीय समुदाय ,अभिभावक, शिक्षक र विद्यार्थीहरुवाट प्राप्त हुने सहयोग , सहभागितालाई उच्च सम्मान गर्दै स्थानीय राजनीतिक नेतृत्व , सामाजिक अभियान्ता र सरकारी निकाय र संस्थागत संरचनाहरुवाट सकरात्मक सहयोग र आवश्यकता अनुसार सहजीकरणको अपेक्षा पनि यस योजनाले राखेको छ। अन्तमा योजना निर्माणमा महत्वपूर्ण सहयोग गर्नु हुने सबै प्रति आभार प्रकट गर्दछु। धन्यवाद !

रमेश कार्की
शिक्षा अधिकृत (अधिकृतस्तर सातौं)
सिलीचोङ गाउँपालिका , ताम्कु संङ्खुवासभा

## हाम्रो भनाइ

शिक्षा मानव विकासको आधार स्तम्भ हो । शिक्षा विकासको संबाहक मात्र होईन यो समग्र विकासको पूर्वाधार पनि हो । आधारभूत शिक्षा नागरिकको नैसर्गिक अधिकार हो । सोको सुनिश्चित गर्नु राज्यको दायित्व हो । उक्त दायित्व पुरा गर्नका लागि नेपालको संविधानले शिक्षालाई मौलिक हकको रुपमा स्थापित गरेको छ । सोको प्रत्याभूतिको लागि संविधानमा शिक्षालाई एकल अधिकार र साझा अधिकार सूचीमा सुरक्षित गरेको छ । तदनुरुप स्थानीय सरकारको शिक्षा सम्बन्धि अधिकारको व्यवस्था एकल अधिकार सूचीमा सुस्पष्ट छ । सोको कार्यान्वयनमा सहजताको लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले थप स्पष्ट गरेको छ । यस पालिकाको शैक्षिक स्थिति विश्लेषण गर्दा विद्यालय शिक्षामा विद्यालय उमेर समूहका बालबालिकाहरुको पहुँचमा अपेक्षित सुधार भएता पनि गुणस्तर र संस्थागत सक्षमताको क्षेत्रमा अपेक्षित सुधार गर्न सकिएको छैन । सोको लागि दीर्घकालिन शिक्षा योजना निर्माण र कार्यान्वयनको थालनी अनिवार्य छ र हुन्छ पनि । समतामूलक पहुँच, प्रविधिमैत्री सिकाई वातावरण र गुणस्तरीय र जीवनोपयोगी शैक्षिक अवसर विना गाउँपालिकावासीको सामाजिक-आर्थिक विकास सम्भव हुँदैन । नेपालको संविधानले शिक्षा मौलिक हकका रूपमा प्रत्याभूत गर्दै आधारभूत र माध्यमिक शिक्षाको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको सन्दर्भमा दीघकालिन १० बर्षे गाउँ शिक्षा योजना समयसापेक्ष आवश्यकता हो । यद्यपि प्रथम चरणमा ५ बर्षे शिक्षा योजना तयार गरिएको छ ।

सिलीचोङ गाउँपालिकामा विद्यालय शिक्षामा पहुँच सुधार र विस्तार भए अनुरुप सिकाइ उपलब्धि, गुणस्तर, प्रविधिको उपयोग, शिक्षक पेशागत विकास तथा विद्यालय व्यवस्थापनमा अझै सुधार आवश्यक छ । भौगोलिक अवस्था, सामाजिक–आर्थिक असमानता, लैङ्गिक तथा अपाङ्गता सम्बन्धी चुनौतीका कारण सबै बालबालिकाले समानरुपमा गुणस्तरीय विद्यालय शिक्षा प्राप्त गर्न सकेका छैनन् ।

यस शिक्षा योजनाले स्थानीय आवश्यकता, स्रोत र सम्भावनालाई आधार मानी शिक्षा क्षेत्रको समग्र सुधारको मार्गचित्र प्रस्तुत गर्ने प्रयास गरेको छ । विद्यालय शिक्षा क्षेत्र योजना (SESP), राष्ट्रिय पाठ्यक्रम ढाँचा, दिगो विकास लक्ष्य (SDG–4) तथा प्रदेश/स्थानीय नीतिसँग सामञ्जस्यता कायम गर्दै योजना तयार गरिएको छ ।

हाम्रो भनाइ स्पष्ट छःशिक्षा केवल विद्यालयसम्म सीमित नभई आजीवन सिकाइको आधार बन्नुपर्छ । बालमैत्री, समावेशी, सुरक्षित र प्रविधिमैत्री सिकाइ वातावरण निर्माण, शिक्षकको क्षमता अभिवृद्धि, अभिभावक तथा समुदायको सक्रिय सहभागिता र उत्तरदायी शासकीय अभ्यासमार्फत शिक्षा सुधार सम्भव छ र हुन्छ ।

यस योजनाको सफल कार्यान्वयनका लागि पालिका नेत्तृत्व र जनप्रतिनिधि, प्रधानाध्यापक शिक्षक र विद्यार्थी , विव्यस शिक्षक अभिभावक संघ र आम अभिभावक तथा स्थानीय समुदाय, निजी क्षेत्र तथा विकास साझेदारबीच समन्वय र सहकार्य अपरिहार्य छ । साझा प्रतिबद्धता र प्रभावकारी कार्यान्वयन मार्फत हाम्रो सिलीचोङ गाउँपालिकालाई सिकाइमैत्री, समावेशी र गुणस्तरीय शिक्षाको लागि नमूना स्थानीय तहको रूपमा पहिचान स्थापित गर्न समग्र शैक्षिक विकास र सुधार गर्ने हाम्रो दृढ सङ्कल्प रहेको छ ।

यस शिक्षा योजनाको शुभारम्भको लागि मार्ग प्रशस्त गर्नु हुने कार्यपालिका, पालिका शिक्षा समिति, सूचना तथा तथ्य संकलनकर्ता , मस्यौदा लेखनकर्ता , राय र सुझाव सहित योजनाको परिमार्जन कार्यमा प्रत्यक्ष र परोक्षरुपमा सहभागी हुने सवै प्रति ससम्मान धन्यवाद दिदै योजना कार्यान्वयनमा रचनात्मक सहयोगको अपेक्षा समेत गर्दछौ ।



प्राविधिक कार्यदल

सिलीचोङ गाउँपालिका , सङ्खुवासभा

**शिक्षा योजना निर्माणका लागि कार्यपालिकाद्धारा गठित समितिहरुः**

**क) सल्लाहकार समितिः**

संयोजक/अध्यक्ष- श्री भूपाल राज मेवाहाङ

सदस्य- श्री देविता कुलुङ

सदस्य- श्री राम बहादुर कुलुङ

सदस्य- श्री गणेश कुलुङ

सदस्य- श्री मोहन शमसेर कुलुङ

सदस्य- श्री प्रताप सिंह तामाङ

सदस्य- श्री देबेन्द्र राई

सदस्य- श्री ईश्वर राई

सदस्य सचिव- श्री प्रविण राई

**ख) योजना अनुगमन मूल्याङ्कन समिति**

अध्यक्ष- गाउँपालिका अध्यक्ष

सदस्य- गाउँपालिका उपाध्यक्ष

सदस्य- सम्वन्धित विषयको विषय विज्ञ १ जना

सदस्य- सामाजिक विकास समितिको संयोजक

सदस्य सचिव- प्रमुख प्रशासकीय अधिकृत

**ग) योजना निर्माण कार्यदलः**

संयोजक/अध्यक्ष- श्री रमेश कार्की

सदस्य- श्री दुर्गाकिरण राई

सदस्य- श्री राजु विष्ट

सदस्य- श्री गणेश राई

सदस्य- श्री ईन्द्र बहादुर राई

सदस्य- श्री टेकनाथ चापागाई

सदस्य- श्री टेक सिंह राई

सदस्य- श्री सुरेन्द्र सिंह ठगुन्ना

सदस्य सचिव- श्री बुद्धि कुमार राई

विषयसूची


| सि.न. | विषय | पेज नं. |
|---|---|---|
| १ | योजना साराशं | १-३ |
| २ | विषय प्रवेश | |
| ३ | शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य | |
| ४ | योजना निर्माणको आधार | |
| ५ | योजना निर्माणको प्रकिया र चरण | |
| १ | परिच्छेद एक : गाउँपालिका परिचय | ४-११ |
| १ | संक्षिप्त परिचय | |
| १.१ | भौगोलिक अवस्थिति | |
| १.२ | जनसाङ्ख्यिक संरचना | |
| १.३ | सामाजिक तथा सांस्कृतिक अवस्था | |
| १.४ | आर्थिक अवस्था | |
| १.५ | शैक्षिक अवस्था | |
| २ | सबल पक्षहरु | |
| ३ | शिक्षा क्षेत्रका समस्याहरू | |
| ४ | अवसरहरु | |
| ५ | चुनौतीहरु | |
| २ | परिच्छेद दुई : दूरदृष्टि , लक्ष्य, उद्देश्य ,रणनीति , उपलब्धि तथा लक्ष्य निर्धारण | १२-२० |
| २.१ | दूरदृष्टि | |
| २.२ | लक्ष्य | |
| २.३ | उद्देश्य | |
| २.४ | रणनीति | |
| २.५ | अपेक्षित उपलब्धि | |
| २.६ | मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण | |
| ३ | परिच्छेद तीन : शिक्षाका मुख्य उपक्षेत्र | २१-४० |
| ३.१ | प्रारम्भिक बाल विकास र शिक्षा | |
| ३.२ | आधारभूत शिक्षा | |
| ३.३ | माध्यमिक शिक्षा | |
| ३.४ | प्राविधिक शिक्षा तथा व्यवसायिक सीप विकास | |
| ३.५ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाई | |
| ४ | परिच्छेद चार : अन्तरसम्बन्धित विषय तथा क्षेत्र | ४१-६५ |
| ४.१ | पाठ्यक्रम पाठ्यपुस्तक सिकाई सामग्री र मूल्याङ्कन | |
| ४.२ | शिक्षक व्यवस्थापन र विकास | |
| ४.३ | शैक्षिक समता र समावेशीकरण | |
| ४.४ | विद्यालय पोषण , स्वास्थ्य र सरसफाई कार्यक्रम | |

| | | |
|---|---|---|
| ४.५ | विद्यालयमा सुरक्षा विपत न्यूनीकरण तथा उत्थानशिलता | |
| ४.६ | विद्यालय भौतिक पूर्वाधार विकास | |
| ४.७ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | |
| ५ | परिच्छेद पाँच : अन्य क्षेत्र ( स्थानीय विषय ) | ६६ |
| ६ | परिच्छेद छ : विद्यालय सुशासन र व्यवस्थापन | ६७-७३ |
| ६.१ | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | |
| ६.२ | शिक्षा योजनाको कार्यान्वयन प्रबन्ध | ७४-८१ |
| ७ | परिच्छेद सात : लगानी र स्रोत व्यवस्थापन | |
| ७.१ | वजेट एवम् स्रोत प्रवाह स्थिति २०८१/८२ र २०८२/८३ | |
| ७.१.१ | संघ र प्रदेश ससर्त वजेट प्रवाह स्थिति | |
| ७.१.२ | आन्तरिक स्रोत वजेट प्रवाह स्थिति | |
| ७.२ | अनुमानित वजेट एवम् स्रोत प्रवाह स्थिति २०८३/८४ देखि २०८७/८८ | |
| ७.२.१ | संघ र प्रदेश ससर्त तर्फ | |
| ७.२.२ | आन्तरिक स्रोत तर्फ | |
| ७.२.३ | संघ (विशेष) कार्यक्रम तर्फ | |
| ८ | परिच्छेद आठ : अनुगमन तथा मुल्याङ्कन | ८२-८५ |
| ८.१ | अनुगमन तथा मुल्याङ्कन | |
| अनुसूची | | ८६- ९० |
| १ | योजनामा लिपिवद्ध केही छोटकरी शब्दहरुको विस्तारित रुप (Acronyms / Abbreviations) | |
| २ | शिक्षा योजना निर्माणका लागि कार्यपालिका वैठकका केही झलकहरु | |
| | शिक्षा योजना निर्माणका लागि गठित सल्लाहकार समिति अनुगमन मुल्याङ्कन समिति र कार्यदलका पदाधिकारीहरु | |
| ३ | पालिकास्तरमा मस्यौदा योजनाको प्रस्तुतीकरण र सुझाव सङ्कलनका केही झलकहरु | |
| ४ | वडास्तरमा आवश्यकता पहिचान एवम् सुझाव सङ्कलनका केही झलकहरु | |

## १. योजनाको सारांश

गाउँ शिक्षा योजना स्थानीय तहभित्रको शिक्षा प्रणालीलाई समावेशी, गुणस्तरीय र दिगो बनाउने उद्देश्यले तयार गरिएको समग्र रणनीतिक दस्तावेज हो । यस योजनाले प्रारम्भिक बालविकासदेखि माध्यमिक तथा वैकल्पिक/आजीवन शिक्षासम्मका कार्यक्रमलाई एकीकृत ढङ्गले समेटेको छ ।

योजनाको प्रमुख उद्देश्यहरूमा शिक्षामा समतामूलक पहुँच, सिकाइ उपलब्धि सुधार, शिक्षक तथा शैक्षिक जनशक्तिको क्षमता अभिवृद्धि, विद्यालय सुशासन र व्यवस्थापन सुदृढीकरण, सूचना तथा प्रविधिको प्रभावकारी उपयोग तथा सुरक्षित र बालमैत्री वातावरण निर्माण समावेश छन् ।

योजना तयार गर्दा तथ्याङ्क विश्लेषण, विद्यालय अवस्था अध्ययन, सरोकारवालासँग परामर्श तथा स्थानीय आवश्यकता पहिचानलाई आधार बनाइएको छ । यसले विद्यालय भर्ना र निरन्तरता, ड्रपआउट न्यूनीकरण, लक्षित समूह (बालिका, दलित, अपाङ्गता भएका बालबालिका, सीमान्तकृत समुदाय) का लागि विशेष कार्यक्रम तथा औपचारिक/वैकल्पिक शिक्षालाई प्राथमिकता दिईएको छ ।

योजना कार्यान्वयन रणनीतिमा स्पष्ट लक्ष्य, परिणाम सूचक, वार्षिक कार्ययोजना, जिम्मेवारी बाँडफाँड र अनुगमन–मूल्याङ्कन व्यवस्था समावेश गरिएको छ । स्थानीय स्रोत परिचालन, अन्तर–तह समन्वय, समुदाय सहभागिता र सार्वजनिक–निजी साझेदारीलाई जोड दिइएको छ ।

समग्रमा, यो शिक्षा योजना स्थानीय तहको शैक्षिक रूपान्तरणका लागि मार्गदर्शक दस्तावेज हो । योजनाको प्रभावकारी कार्यान्वयनले सबै बालबालिकालाई समान अवसर, गुणस्तरीय सिकाइ र जीवनोपयोगी सीप प्रदान गर्दै सामाजिक न्याय र दिगो विकासमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

## २.विषय प्रवेश

संविधानतः संघीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षा क्षेत्रको योजना, व्यवस्थापन तथा कार्यान्वयनको प्रमुख जिम्मेवारी स्थानीय तहमा निहित भएको छ । नेपालको संविधान,२०७२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा विद्यालय शिक्षा सम्बन्धी विद्यमान कानुनी तथा नीतिगत व्यवस्थाले स्थानीय तहलाई आफ्ना भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक सन्दर्भ अनुसार शिक्षा नीति तथा योजना निर्माण गर्ने स्पष्ट अधिकार र दायित्व प्रदान गरेको छ । यस सन्दर्भमा स्थानीय शिक्षा योजना स्थानीय तहको शिक्षा विकासको मार्गदर्शक दस्तावेजका रूपमा अत्यन्तै महत्वपूर्ण मानिन्छ ।

स्थानीय शिक्षा योजना भनेको स्थानीय तहभित्रका बालबालिका, युवा तथा वयस्कहरूको समावेशी, गुणस्तरीय, जीवनोपयोगी र समान पहुँच सुनिश्चित गर्ने उद्देश्यले तयार गरिने दीर्घकालीन योजना हो । यस योजनाले प्रारम्भिक बाल विकासदेखि माध्यमिक तह, प्राविधिक तथा व्यवसायिक शिक्षा, अनौपचारिक तथा आजीवन सिकाइसम्मका सबै आयामलाई समेट्दै स्थानीय आवश्यकतामा आधारित लक्ष्य, रणनीति, कार्यक्रम तथा बजेटको स्पष्ट खाका प्रस्तुत गर्दछ । साथै यसले संघीय तथा प्रदेशस्तरीय शिक्षा नीति, विद्यालय शिक्षा क्षेत्र योजना (SESP) तथा दिगो विकास लक्ष्य (SDG–4) सँग स्थानीय शिक्षा विकासलाई समन्वयात्मकरूपमा अघि बढाउन सहयोग पुऱ्याउँछ ।

स्थानीय शिक्षा योजना निर्माण प्रक्रिया तथ्यमा आधारित, सहभागीमूलक र समावेशी हुनुपर्दछ । यस क्रममा विद्यालय, शिक्षक, अभिभावक, विद्यार्थी, समुदाय, सरोकारवाला निकाय तथा विषयगत विज्ञहरूको सार्थक सहभागिता सुनिश्चित गर्नु आवश्यक हुन्छ । यसले शिक्षा क्षेत्रमा विद्यमान असमानता, पहुँचको समस्या, गुणस्तरका चुनौती, लैङ्गिक तथा सामाजिक समावेशीकरणका सवाल, अपाङ्गता मैत्री पूर्वाधार, डिजिटल शिक्षा, जलवायु परिवर्तन तथा विपद् प्रतिरोधी शिक्षा प्रणाली जस्ता समसामयिक विषयहरूलाई सम्बोधन गर्न सहयोग गर्दछ ।

यसरी तयार गरिने स्थानीय शिक्षा योजनाले स्थानीय तहको शिक्षा क्षेत्रमा लगानीको प्राथमिकता निर्धारण गर्ने, स्रोत साधनको प्रभावकारी परिचालन गर्ने तथा नतिजामूलक कार्यान्वयनलाई सुनिश्चित गर्ने आधार प्रदान गर्दछ। दीर्घकालीन शैक्षिक दृष्टिकोण, स्पष्ट लक्ष्य उद्देश्य र मापनयोग्य सूचकहरूसहितको यस शिक्षा योजना मार्फत सिलीचोङ गाउँपालिकाले सबै पालिकावासीका लागि समावेशी, गुणस्तरीय आधारभूत र माध्यमिक शिक्षाको अवसर स्थापित शिक्षा पद्धति सहित सुनिश्चत हुने विश्वास गरिएको छ।

## ३.शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

शिक्षा सामाजिक, आर्थिक तथा मानवीय विकासको आधारस्तम्भ हो। गुणस्तरीय, समावेशी र जीवनोपयोगी शिक्षा बिना दिगो विकास सम्भव हुँदैन। संघीय शासन प्रणाली कार्यान्वयनसँगै शिक्षा क्षेत्रको योजना र व्यवस्थापन तथा सेवा प्रवाहको महत्वपूर्ण जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएको सन्दर्भमा शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य थप बढेको छ। स्पष्ट दूरदृष्टि, लक्ष्य र रणनीति बिना सञ्चालन गरिने शैक्षिक कार्यक्रमहरू अपेक्षित नतिजा दिन नसक्ने हुँदा व्यवस्थित शिक्षा योजना अपरिहार्य भएको छ।

शिक्षा योजना निर्माणको प्रमुख आवश्यकता स्थानीय सन्दर्भ, आवश्यकता र प्राथमिकताका आधारमा शिक्षा विकासलाई अगाडि बढाउनु हो। देशभर शिक्षा क्षेत्रमा भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विविधता विद्यमान छ। एउटै किसिमको नीति र कार्यक्रमले सबै स्थानका समस्या समाधान गर्न नसक्ने भएकाले स्थानीय तथ्याङ्क, विद्यालयको अवस्था, सिकाइ उपलब्धि, पहुँच र निरन्तरताको अवस्था, शिक्षक व्यवस्थापन, पूर्वाधार तथा स्रोत साधनको यथार्थ मूल्याङ्कनका आधारमा शिक्षा योजना तयार गर्नु आवश्यक हुन्छ। यसले स्थानीय समस्यालाई पहिचान गरी समाधानमुखी हस्तक्षेप सुनिश्चित गर्दछ।

शिक्षा योजना निर्माणको अर्को महत्वपूर्ण औचित्य सीमित स्रोत साधनको प्रभावकारी र पारदर्शी उपयोग हो। शिक्षा क्षेत्रमा लगानी बढ्दै गए तापनि स्रोतको सही प्राथमिकता निर्धारण हुन नसक्दा अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन। शिक्षा योजनाले स्पष्ट प्राथमिकता, कार्यक्रम र बजेटबीचको अन्तरसम्बन्ध स्थापित गरी स्रोतको दोहोरोपन घटाउने र नतिजामूलक लगानी सुनिश्चित गर्ने आधार प्रदान गर्दछ। साथै यसले विकास साझेदार तथा अन्य सरोकारवालासँग समन्वय र सहकार्य गर्न सहज बनाउँछ।

समावेशीता, समानता र सामाजिक न्याय प्रवर्द्धन गर्नु पनि शिक्षा योजना निर्माणको प्रमुख औचित्य हो। बालबालिकाको पहुँचबाहिर रहने अवस्था, लैङ्गिक विभेद, जातीय तथा सामाजिक बहिष्करण, अपाङ्गता, गरिबी र भौगोलिक कठिनाइका कारण सिर्जित असमानतालाई सम्बोधन गर्न लक्षित रणनीति आवश्यक हुन्छ। शिक्षा योजनाले GESI उत्तरदायी कार्यक्रमहरू समावेश गरी पछाडि परेका तथा जोखिममा रहेका समूहको शिक्षामा पहुँच, सहभागिता र सिकाइ उपलब्धि सुधार गर्न सहयोग पुऱ्याउँछ।

त्यसैगरी, शिक्षा योजनाले शिक्षा प्रणालीको गुणस्तर सुधार र दिगोपन सुनिश्चित गर्दछ। शिक्षकको पेशागत विकास, पाठ्यक्रम कार्यान्वयन, शिक्षण–सिकाइ प्रक्रिया, परीक्षा तथा मूल्याङ्कन प्रणाली, डिजिटल शिक्षा र नवप्रवर्तनलाई योजनाबद्ध रूपमा अघि बढाउन शिक्षा योजना आवश्यक हुन्छ। साथै, जलवायु परिवर्तन, विपद् जोखिम न्यूनीकरण र आपत्कालीन अवस्थामा पनि सिकाइ निरन्तरता कायम राख्ने शिक्षा प्रणाली निर्माणका लागि दीर्घकालीन सोच र तयारी शिक्षा योजनामार्फत मात्र सम्भव हुन्छ।

यसरी, शिक्षा योजना निर्माण स्थानीयदेखि राष्ट्रिय लक्ष्यसम्मको सेतुका रूपमा कार्य गर्दछ। यसले विद्यालय शिक्षा क्षेत्र योजना (SESP), दिगो विकास लक्ष्य (SDG–4) तथा राष्ट्रिय शिक्षा नीतिसँग स्थानीय शिक्षा विकासलाई समन्वय गर्दै उत्तरदायी,

प्रभावकारी र परिणाममुखी शिक्षा प्रणाली निर्माण गर्न स्पष्ट दिशा प्रदान गर्दछ । त्यसैले, गुणस्तरीय, समावेशी र व्यवहारिक शिक्षा सुनिश्चित गर्न शिक्षा योजना निर्माण र कार्यान्वयन एक अत्यन्त औचित्यपूर्ण कार्य हो ।

## ४.योजना निर्माणका आधार

शिक्षा योजना निर्माण गर्दाका देहाय बमोजिमका सामग्रीहरूलाई आधार लिएर योजना निर्माण गरिएको हो :

क) नेपालको संविधान

ख) सोह्रौँ आवधिक योजना

ग) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

घ) सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७

ङ) राष्ट्रिय/प्रादेशिक/स्थानीय तहको दीर्घकालीन सोच

च) अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली

छ) विद्यालय शिक्षा क्षेत्र योजना

ज) राष्ट्रिय शिक्षा नीति, २०७६

झ) दिगो विकास लक्ष्य

ञ) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८

ट) स्थानीय तहको आवधिक योजना र मध्यमकालीन खर्च संरचना

ठ) राष्ट्रिय जनगणनाको प्रतिवेदन, २०७८

ड) राजनीतिक दलको घोषणापत्र/बाचापत्र/प्रतिज्ञापत्रहरु

ढ) विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम

## ५.योजना निर्माण प्रक्रिया एवम् चरण

योजना निर्माणको क्रममा देहाय बमोजिमका प्रक्रियाहरू अवलम्वन गरिएको छ :

क) कार्यपालिकाको बैठकको निर्णय

ख) योजना निर्माण सल्लाहकार समितिको गठन

ग) योजना निर्माण मुल्याङ्कन समितिको गठन

घ) योजना निर्माण कार्यदल गठन

ङ) सरोकारवालाहरुको भेलाको उपस्थिति र निर्णय

च) प्रथम मस्यौदा तयारी

छ) मस्यौदाको प्रस्तुतीकरण र सुझाव सहित योजना परिमार्जन

ज) योजनाको प्राविधिक मूल्याङ्कन सहित अन्तिम रुप

झ) योजनाको स्विकृति र कार्यान्वयनका लागि अनुमोदन

# परिच्छेद १
# गाउँपालिका परिचय

## १.संक्षिप्त परिचय

### १.१ भौगोलिक अवस्थिति

यो गाउँपालिकाको केन्द्रको भौगोलिक अवस्थिति समुन्द्र सतहबाट करिब २५०० मि. उचाइमा रहेको छ भने गाउँपालिकाको भौगोलिक अवस्थिति २७°२६' उत्तरी अक्षांस देखि २७°४३' र ८६°५६' पूर्वीदेशान्तरदेखि ८७°११' पूर्वी देशान्तरसम्म फैलिएको छ। साविकका ५ वटा गा.वि.स.हरु सिसुवाखोला, बाला, ताम्कु,मांतेवा र याफु (याफुको साविक १,२,३,४ र ९ नं.वडा) गाभेर मिति २०७३ फागुन २७ गतेको नेपाल सरकारको निर्णय बमोजिम यो गाउँपालिका गठन गरिएको हो। यसको सिमानामा पूर्वतर्फ सङ्खुवासभा जिल्लाको चिचिला र मकालु गाउँपालिका, पश्चिमतर्फ सोलुखुम्वु जिल्ला, उत्तरतर्फ संखुवासभा जिल्लाको मकालु गाउँपालिका र दक्षिणतर्फ भोजपुर जिल्ला रहेका छन्। यस स्थानीय तहको नामाकरण ऐतिहासिक, सांस्कृतिक तथा भौगोलिक विशेषताका आधारमा गरिएको मानिन्छ, जसले स्थानीय पहिचान र गौरवलाई प्रतिबिम्बित गर्दछ।

हावापानीको दृष्टिले यस स्थानीय तहमा सामान्यतया उपोष्णदेखि समशीतोष्ण जलवायु पाईन्छ। गर्मी याममा तापक्रम मध्यमदेखि उच्च रहने र वर्षायाममा पर्याप्त वर्षा हुने गर्दछ। जाडो याममा तापक्रम घट्ने भए पनि अत्याधिक चिसो कम हुन्छ। यस प्रकारको हावापानी कृषि, वन तथा जैविक विविधताको दृष्टिले अनुकूल मानिन्छ।

पर्यटकीय सम्भावनाको हिसाबले यहाँ प्राकृतिक सौन्दर्य, धार्मिक तथा सांस्कृतिक स्थलहरू रहेका छन्। नदी, वनजंगल, डाँडाकाँडा, ऐतिहासिक मन्दिर, गुम्बा वा सांस्कृतिक धरोहरहरूले आन्तरिक पर्यटन प्रवर्द्धनको राम्रो सम्भावना देखाउँछन्। यद्यपि पूर्वाधार, प्रचार–प्रसार र व्यवस्थापनको कमीका कारण यी सम्भावनाहरू पूर्ण रूपमा उपयोग हुन सकेका छैनन्।

स्थानीय तहमा पाइने जैविक विविधतामा विभिन्न प्रजातिका वनस्पति, वन्यजन्तु तथा चराचुरुङ्गीहरू पर्दछन्। वन क्षेत्रले वातावरणीय सन्तुलन कायम राख्न, जलाधार संरक्षण गर्न र स्थानीय जीविकोपार्जनमा योगदान पुऱ्याएको छ। यो स्थानीय तहमा विश्वकै होचो अरुण उपत्यका तथा मकालु बरुण राष्ट्रिय निकुञ्ज क्षेत्र रहेता पनि वन अतिक्रमण, अव्यवस्थित दोहन र जलवायु परिवर्तनका असरले जैविक विविधतामा चुनौती सिर्जना भईरहेको छ।

प्राकृतिक प्रकोप तथा जोखिमको दृष्टिले यस स्थानीय तह बाढी, पहिरो, आगलागी, खडेरी तथा भूकम्प जस्ता जोखिमहरूसँग आंशिक रूपमा संवेदनशील रहेको छ। विशेष गरी वर्षायाममा नदी तथा खोलानालाबाट बाढी र पहिरोको जोखिम बढ्ने गर्दछ। जोखिम न्यूनीकरणका लागि पूर्वतयारी, जनचेतना, सुरक्षित पूर्वाधार विकास तथा स्थानीय तहको आपतकालीन व्यवस्थापन क्षमता सुदृढीकरण आवश्यक देखिन्छ।

समग्रमा, यस स्थानीय तहमा प्रशस्त प्राकृतिक, जैविक तथा पर्यटकीय सम्भावना रहे तापनि दिगो व्यवस्थापन, जोखिम न्यूनीकरण र योजनाबद्ध विकासमार्फत मात्र यी स्रोतहरूको समुचित उपयोग सम्भव छ।

### १.२ जनसाङ्ख्यिक संरचना

यस स्थानीय तहको जनसाङ्ख्यिक संरचनाले विविधता, गतिशीलता र विकासका चुनौती तथा सम्भावनालाई एकैसाथ प्रतिबिम्बित गर्दछ। जनसङ्ख्याको बनावट हेर्दा महिला र पुरुषको अनुपात करिब सन्तुलित रहेको पाइन्छ। यद्यपि कार्यशील उमेर समूहमा पुरुषको बैदेशिक रोजगारीका कारण महिला जनसङ्ख्याको अनुपात तुलनात्मक रूपमा बढी देखिने अवस्था पनि रहेको छ। बालबालिका, किशोर–किशोरी, कार्यशील उमेर (१५–५९ वर्ष) तथा ज्येष्ठ नागरिकको जनसङ्ख्या वितरणले भविष्यको शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षा आवश्यकतालाई सङ्केत गर्दछ।

यस स्थानीय तहमा जनजाति अल्पसङ्ख्यक, दलित, आदिवासी, अपाङ्गता भएका व्यक्ति तथा अन्य सीमान्तकृत समुदायहरूको उल्लेखनीय उपस्थिति रहेको छ। यी समूहहरू सामाजिक, आर्थिक तथा शैक्षिक पहुँचका दृष्टिले अझै पनि जोखिममा रहेको अवस्था देखिन्छ, जसले लक्षित तथा समावेशी नीतिको आवश्यकता औँल्याउँछ।

जनसङ्ख्याको वृद्धिदर मध्यम स्तरको रहेको अनुमान गरिन्छ। जन्मदर, मृत्युदर, स्वास्थ्य सेवामा पहुँच तथा बसाइँसराइका प्रवृत्तिले यस वृद्धिदरलाई प्रभावित गरेको छ। यदि हालको प्रवृत्ति निरन्तर रहेमा आगामी वर्षहरूमा कार्यशील उमेर समूहको हिस्सा क्रमशः घट्ने र ज्येष्ठ नागरिकको जनसङ्ख्या बढ्ने सम्भावना देखिन्छ।

बसाइँसराइको दृष्टिले यो स्थानीय तह श्रम-आधारित बाह्य तथा आन्तरिक बसाइँसराइबाट प्रभावित छ। रोजगारी, शिक्षा र सेवा सुविधाको खोजीमा युवा वर्गको बाहिरिने प्रवृत्तिले स्थानीय उत्पादनशीलता र विद्यालय उमेर समूहको संख्यामा असर पारेको छ। जनसङ्ख्याको समग्र प्रक्षेपणले दीर्घकालमा शिक्षा, सीप विकास, रोजगारी सिर्जना र सामाजिक संरक्षण कार्यक्रमलाई जनसाङ्ख्यिक यथार्थसँग जोडेर अघि बढाउनुपर्ने आवश्यकता स्पष्ट पार्दछ।

समग्रमा, यस स्थानीय तहको जनसाङ्ख्यिक संरचनाले समावेशी विकास, लक्षित शिक्षा तथा मानव संसाधन विकास रणनीतिका लागि बलियो आधार प्रदान गर्दछ।

## १.३ सामाजिक तथा सांस्कृतिक अवस्था

यस स्थानीय तह सामाजिक, सांस्कृतिक र भाषिक विविधताले सम्पन्न क्षेत्रका रूपमा परिचित छ। यहाँ विभिन्न जातजाति र समुदायहरूको बसोबास रहेको छ, जसले आपसी सहअस्तित्व, सहिष्णुता र सामाजिक सद्भावको परम्परालाई बलियो बनाएको छ। किराँत, बौद्ध, हिन्दु, इसाई तथा अन्य धर्मावलम्बीहरूको उपस्थिति रहेको यो क्षेत्रमा धार्मिक सहिष्णुता र विविध आस्था-प्रणाली सामाजिक जीवनको अभिन्न अङ्गका रूपमा विकसित भएका छन्।

स्थानीय तहमा प्रचलित परम्परा, संस्कृति, चाडपर्व, संस्कार, लोककला तथा सांस्कृतिक अभ्यासहरूले समुदायको पहिचान, मूल्य मान्यता र सामाजिक आचरणलाई निर्देशित गर्दछन्। यस्ता सांस्कृतिक सम्पदाले सामाजिक एकता, नैतिक शिक्षा र अन्तरपुस्तीय सम्बन्ध सुदृढ गर्न महत्वपूर्ण भूमिका खेलेका छन्। तथापि आधुनिक जीवनशैली, शहरीकरण र वैदेशिक प्रभावका कारण केही परम्परागत अभ्यासहरू क्रमशः लोपोन्मुख हुने जोखिममा रहेका छन्।

भाषिक दृष्टिले यस स्थानीय तह बहुभाषिक प्रकृतिको छ। नेपाली भाषासँगै कुलुङ, मेवाहाङ/नेवाहाङ, तामाङ, शेर्पा लगायत विभिन्न मातृभाषाहरू प्रयोगमा छन्। जसले सांस्कृतिक पहिचान र सिकाइ प्रक्रियामा विशेष महत्त्व राख्दछन्। मातृभाषामा आधारित शिक्षा तथा सञ्चारले बालबालिकाको सिकाइ सहज बनाउने र समावेशी शिक्षा प्रवर्द्धन गर्ने सम्भावना देखिन्छ।

यस स्थानीय तहमा पुस्तौँदेखि हस्तान्तरण हुँदै आएको रैथाने ज्ञान, सीप र प्रविधि कृषि, पशुपालन, जडीबुटी, घरेलु उद्योग, वास्तुकला, खानपान र प्राकृतिक स्रोत व्यवस्थापनसँग जोडिएका छन्। यस्ता ज्ञान र सीपहरूले स्थानीय जीविकोपार्जन, आत्मनिर्भरता र दिगो विकासमा योगदान पुऱ्याउँदै आएका छन्। यद्यपि पर्याप्त अभिलेखीकरण, प्रवर्द्धन र आधुनिक प्रविधिसँगको समन्वयको अभावले यी ज्ञान-सीपहरूको निरन्तरता चुनौतीमा परेको देखिन्छ।

समग्रमा, सामाजिक-सांस्कृतिक विविधता, मातृभाषा र रैथाने ज्ञान यस स्थानीय तहका अमूल्य सम्पदा हुन्। तिनको संरक्षण, प्रवर्द्धन र शिक्षा तथा विकास योजनासँग एकीकरण गर्नु दीर्घकालीन सामाजिक विकासका लागि अपरिहार्य देखिन्छ।

## १.४ आर्थिक अवस्था

यस स्थानीय तहको आर्थिक संरचना मुख्यतः कृषि, सेवा तथा उद्यमशीलतामा आधारित रहेको छ। परम्परागत कृषि यहाँको प्रमुख व्यवसायका रूपमा विद्यमान छ, जसअन्तर्गत अलैंचीखेती, रुद्राक्ष, चिराईतो,अल्लो, सुन्तला, अम्रिसो, अन्नबाली, तरकारी, फलफूल, पशुपालन तथा साना स्तरका कृषि-आधारित गतिविधिहरू सञ्चालन भइरहेका छन्। यद्यपि सिँचाइ, प्रविधि, बजार पहुँच र मूल्य श्रृंखलाको सीमितताका कारण कृषि क्षेत्रको उत्पादकत्व अपेक्षा अनुसार वृद्धि हुन सकेको छैन।

उद्योग तथा व्यापारको क्षेत्रमा घरेलु तथा साना उद्योगहरू जस्तै अल्लो प्रशोधन, हस्तकला, निर्माण सामग्री, सिलाइ–कटाइ तथा कृषिमा आधारित उद्योग आर्थिक क्रियाकलापका महत्वपूर्ण आधार बनेका छन्। स्थानीय बजार, साना व्यापारिक प्रतिष्ठान

र सेवा व्यवसायले रोजगारी सिर्जना गरिरहेको भए पनि पूँजी, सीप, प्रविधि र लगानी वातावरणको कमजोरीले यस क्षेत्रको विस्तार सीमित रहेको देखिन्छ।

पर्यटन सम्भावनाको दृष्टिले यस स्थानीय तहमा प्राकृतिक, धार्मिक र सांस्कृतिक सम्पदाले आन्तरिक पर्यटन प्रवर्द्धनको अवसर प्रदान गरेका छन्। होमस्टे, धार्मिक यात्रा, स्थानीय संस्कृति र प्राकृतिक सौन्दर्यमा आधारित पर्यटन गतिविधिले आयआर्जन र रोजगारी सिर्जनामा योगदान पुऱ्याउने सम्भावना रहे तापनि पूर्वाधार विकास, प्रवर्द्धन र व्यवस्थापन अझै अपर्याप्त छन्।

रोजगारीका अवसरहरू सीमित भएकाले श्रमशक्तिको उल्लेखनीय हिस्सा आन्तरिक तथा वैदेशिक रोजगारीमा संलग्न रहेको छ। रेमिट्यान्सले घरायसी अर्थतन्त्रमा योगदान पुऱ्याए पनि दीर्घकालीन उत्पादनशील क्षेत्रमा यसको न्यून प्रयोग चुनौतीका रूपमा देखिन्छ।

समग्रमा, यस स्थानीय तहको आर्थिक विकासका लागि कृषि आधुनिकीकरण, साना तथा मध्यम उद्यम प्रवर्द्धन, पर्यटन विकास र सीपमूलक रोजगारी सिर्जनालाई एकीकृत रूपमा अघि बढाउनु आवश्यक देखिन्छ।

## १.५ शैक्षिक अवस्था

| उपक्षेत्र | अवस्थाको विश्लेषण |
|---|---|
| प्रारम्भिक बालविकास तथा शिक्षा | प्रारम्भिक बालविकास तथा शिक्षा बालबालिकाको समग्र विकासको आधार हो। यस स्थानीय तहमा प्रारम्भिक बालविकास केन्द्रहरूको सङ्ख्या २८ रहेको छ भने ती केन्द्रहरूमा समेटिएका बालबालिकाको सङ्ख्या १२९ रहेको छ। केन्द्रहरूको भौगोलिक वितरण र सेवा गुणस्तरमा एकरूपता नदेखिने अवस्था विद्यमान छ।<br>लैङ्गिक दृष्टिले प्रारम्भिक तहमा बालक र बालिकाको सहभागिता तुलनात्मक रूपमा सन्तुलित देखिन्छ। यद्यपि अपाङ्गता भएका, दलित, आदिवासी/जनजाति तथा अन्य सीमान्तकृत समुदायका बालबालिकाको पहुँच र नियमितता अझै चुनौतीपूर्ण छ। अपाङ्ग-मैत्री पूर्वाधार, विशेष सिकाइ सामग्री र समावेशी शिक्षण अभ्यासको अभाव यसका प्रमुख कारण हुन्।<br>प्रारम्भिक बालविकास केन्द्रहरूमा कार्यरत सहजकर्ताको सङ्ख्या २८ रहेको छ। अधिकांश सहजकर्ताले आधारभूत तालिम प्राप्त गरे पनि खेल विधिमा आधारित सिकाइ, बालमनोविज्ञान र समावेशी शिक्षण विधिमा निरन्तर क्षमता अभिवृद्धि आवश्यक देखिन्छ। सहजकर्ता र बालबालिका अनुपात १:४.६ रहेको छ, जुन केही केन्द्रमा मापदण्ड अनुकूल छैन।<br>पूर्वाधारको दृष्टिले सुरक्षित, बालमैत्री कक्षाकोठा, खानेपानी, शौचालय, खेल सामग्री तथा सिकाइ कुनाको उपलब्धता केन्द्रगत रूपमा असमान छ। सूचना तथा सञ्चार प्रविधिको प्रयोग न्यून रहेको छ र डिजिटल सिकाइ सामग्री सीमित केन्द्रहरूमा मात्र प्रयोगमा आएका छन्।<br>जलवायु तथा वातावरणीय दृष्टिले केही केन्द्रहरू बाढी, पहिरो, अत्यधिक चिसोको जोखिममा रहेका छन्। जसले बालबालिकाको नियमितता र स्वास्थ्यमा असर पुऱ्याएको छ। सुरक्षित पूर्वाधार र वातावरणीय सचेतना कार्यक्रमको आवश्यकता देखिन्छ।<br>समग्रमा, यस स्थानीय तहमा प्रारम्भिक बालविकासमा पहुँच विस्तार भए तापनि समावेशिता, गुणस्तर, पूर्वाधार र वातावरणीय सुरक्षामा सुधार आवश्यक छ। लक्षित कार्यक्रम, सहजकर्ताको क्षमता विकास र बालमैत्री वातावरण निर्माणमार्फत प्रारम्भिक शिक्षाको गुणस्तर सुदृढ गर्न सकिने सम्भावना देखिन्छ। |
| आधारभूत शिक्षा | आधारभूत शिक्षा (कक्षा १-८) सबै बालबालिकाको मौलिक अधिकार र जीवनोपयोगी सिकाइको आधार हो। यस स्थानीय तहमा आधारभूत तहका विद्यालयहरूको सङ्ख्या २९ रहेको छ भने अध्ययनरत विद्यार्थीको सङ्ख्या १२१० रहेको छ। भर्ना दरमा सुधार देखिए तापनि कक्षा दोहोरिने, कक्षा छोड्ने र सिकाइ उपलब्धिमा तहगत भिन्नता देखिन्छ।<br>लैङ्गिक दृष्टिले आधारभूत तहमा बालक र बालिकाको सहभागिता तुलनात्मक रूपमा सन्तुलित देखिन्छ। यद्यपि आदिवासी/जनजाति, दलित, अपाङ्गता भएका, तथा अन्य सीमान्तकृत समूहका |

| | |
|---|---|
| | बालबालिकाको नियमितता र सिकाइ उपलब्धि अपेक्षाकृत कमजोर रहेको अवस्था पाइन्छ । अपाङ्ग-मैत्री पूर्वाधार, सहायक सामग्री तथा समावेशी शिक्षण विधिको अभाव यसका प्रमुख कारण हुन् ।<br>विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बालबालिकाको सङ्ख्या ८० जना रहेको छ । विद्यालयहरूको भौगोलिक वितरण केही क्षेत्रमा पहुँचमैत्री र केही क्षेत्रमा दुर्गम देखिन्छ। शिक्षक विद्यार्थी अनुपात औसत **१ : ९.५** रहेको छ भने गणित, विज्ञान र अङ्ग्रेजी विषयमा विषयगत दक्ष शिक्षकको अभाव देखिन्छ । विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बालबालिकाको सङ्ख्या ८० रहेको छ ।<br>उचित तालिम, सामग्री र व्यवस्थापनको अभावले यसको प्रभावकारिता सीमित भए पनि व्यवस्थितरूपमा लागू गर्न सकेमा पहुँच र लागत-प्रभावकारिता सुधार गर्ने सम्भावना अधिक देखिन्छ ।<br>पूर्वाधारको दृष्टिले सुरक्षित कक्षाकोठा, बालमैत्री शौचालय, खानेपानी, पुस्तकालय र खेलकुद सुविधाको उपलब्धता विद्यालयगत रूपमा असमान छ । सिकाइ सामग्री तथा स्थानीय सन्दर्भअनुकूल पाठ्यसामग्रीको उपलब्धता सीमित रहेको छ । सूचना तथा सञ्चार प्रविधिको प्रयोग अझै न्यून छ, जसले प्रविधिमा आधारित सिकाइ विस्तारमा चुनौती सिर्जना गरेको छ ।<br>जलवायु तथा वातावरणीय दृष्टिले केही विद्यालयहरू बाढी, पहिरो, गर्मी वा चिसो जस्ता जोखिममा रहेका छन्, जसले शैक्षिक नियमितता र पूर्वाधारमा असर पारेको छ । सुरक्षित विद्यालय पूर्वाधार, विपद् पूर्वतयारी र वातावरणीय शिक्षाको आवश्यकता देखिन्छ ।<br>समग्रमा, यस स्थानीय तहमा आधारभूत शिक्षामा पहुँच विस्तार भए तापनि समावेशिता, सिकाइ गुणस्तर, शिक्षक व्यवस्थापन, पूर्वाधार तथा जलवायु-अनुकूल विद्यालय विकासमा अझै सुधार आवश्यक देखिन्छ । लक्षित समावेशी कार्यक्रम र गुणस्तर सुधारका पहलमार्फत आधारभूत शिक्षालाई सुदृढ बनाउन सकिने सम्भावना देखिन्छ । |
| माध्यमिक शिक्षा | माध्यमिक शिक्षा (कक्षा ९-१२) विद्यार्थीहरूको जीवनोपयोगी सीप, विश्लेषणात्मक सोच र भविष्यका अवसरका लागि आधार तयार गर्ने महत्वपूर्ण चरण हो । यस स्थानीय तहमा माध्यमिक विद्यालयहरूको सङ्ख्या ६ रहेको छ भने ती विद्यालयमा अध्ययनरत विद्यार्थीको सङ्ख्या ३१५ रहेको छ । भर्ना दरमा सुधार भए तापनि कक्षा छोड्ने र सिकाइ उपलब्धिमा तहगत भिन्नता देखिन्छ। शिक्षक–विद्यार्थी अनुपात औसत १ : १५.७५ रहेको छ । विषयगत दक्षशिक्षक विशेषगरी गणित, विज्ञान, अङ्ग्रेजी तथा प्राविधिक/व्यावसायिक विषयमा सीमित उपलब्ध छन्, जसले सिकाइ गुणस्तरमा असर पुऱ्याएको छ ।<br>लैङ्गिक दृष्टिले माध्यमिक तहमा बालक र बालिकाको सहभागिता ५०.२% र ४९.८% रहेको छ । अपाङ्गता भएका, दलित, आदिवासी/जनजाति तथा अन्य सीमान्तकृत समूहका विद्यार्थीहरूको सहभागी दर अपेक्षाकृत कम छ, जसले लक्षित समावेशी हस्तक्षेपको आवश्यकता औँल्याउँछ ।<br>पूर्वाधारका दृष्टिले सुरक्षित कक्षाकोठा, बालमैत्री शौचालय, खानेपानी, पुस्तकालय र खेलकुद सुविधाको उपलब्धता विद्यालयगतरूपमा असमान छ । सिकाइ सामग्री, प्रयोगात्मक उपकरण तथा ICT सामग्रीको पहुँच न्यून छ ।<br>जलवायु तथा वातावरणीय दृष्टिले केही विद्यालयहरू बाढी, पहिरो, गर्मी वा अत्याधिक चिसो जस्ता जोखिममा रहेका छन्, जसले शैक्षिक नियमितता र पूर्वाधारमा असर पुऱ्याएको छ । सुरक्षित पूर्वाधार, वातावरणीय शिक्षा र विपद् तयारी कार्यक्रम आवश्यक देखिन्छ। |

| | |
|---|---|
| | समग्रमा, यस स्थानीय तहमा माध्यमिक शिक्षामा पहुँच विस्तार भए तापनि समावेशिता, सिकाइ गुणस्तर, शिक्षक व्यवस्थापन, पूर्वाधार र ICT प्रविधि विस्तारमा सुधार आवश्यक छ। लक्षित योजना र गुणस्तर सुधारका पहलमार्फत माध्यमिक शिक्षाको प्रभावकारिता वृद्धि गर्न सकिने सम्भावना देखिन्छ । |
| अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ | अनौपचारिक शिक्षा र आजीवन सिकाइले सबै उमेर समूहका नागरिकलाई जीवनोपयोगी सीप, साक्षरता र आर्थिक अवसर प्रदान गर्ने महत्वपूर्ण माध्यमको रूपमा काम गर्दछ । यस स्थानीय तहमा विभिन्न अनौपचारिक शिक्षा कार्यक्रमहरू सञ्चालनमा रहेका छन्, जसमा साक्षरता अभियान, बालबालिका र युवा लक्षित कार्यक्रम, महिला साक्षरता समूह, सीप विकास तालिम ,विद्यालयमा आमा भेला, महिला समूह सहजीकरण लगायतका पहलहरू समावेश छन् । हाल सम्म यो तहमा सहभागी साक्षरता संख्या ५६९५ र निरक्षर जनसंख्या अनुमानित ६७ रहेको छ ।<br>वैकल्पिक शिक्षा कार्यक्रम, जस्तै पुनःभर्ना, विद्यालय बाहिरका बालबालिका र किशोर-किशोरीका लागि सञ्चालन गरिएका कार्यक्रमहरू, सामाजिक र आर्थिक पृष्ठभूमि अनुसार लक्षित गरी कार्यान्वयन भइरहेका छन् । यसले बालबालिका, युवा र महिला समावेशीकरणमा सकारात्मक योगदान पुऱ्याएको छ । तथापि, समूहगत सहभागिता, नियमितता र गुणस्तरमा अझै सुधारको आवश्यकता देखिन्छ ।<br>आयआर्जन तथा व्यावसायिक सीपसँग जोडिएका तालिम कार्यक्रमले समुदायका सदस्यलाई आत्मनिर्भर र रोजगारीसक्षम बनाउने उद्देश्य राख्दछन् । यस स्थानीय तहमा सञ्चालन भएका कृषि, हस्तकला, सिलाइ–कटाइ, आईटी/प्रविधि र स्थानीय उत्पादनमा आधारित तालिममा सहभागीको सङ्ख्या २०० रहेको छ । यस्ता तालिमहरूले दिगो आयआर्जनको सम्भावना बढाउने भए तापनि तालिमपछि रोजगारी र बजार पहुँचमा चुनौतीहरू देखिन्छन् ।<br>सामुदायिक पुस्तकालय, सिकाइ केन्द्र र डिजिटल स्रोतहरूको पहुँचमा अझै असमानता छ । धेरै स्थानमा पुस्तकालय सञ्चालन भए तापनि बालबालिका, युवा र महिला समुदायले त्यसको पूर्ण उपयोग गर्न सकेका छैनन् । पुस्तकालय, सीप परीक्षण, प्रशिक्षण र परामर्शलाई एकीकृत गर्दै स्थानीय स्तरमा सिकाइ वातावरणलाई अझ प्रभावकारी बनाउनु आवश्यक रहेको छ ।<br>समग्रमा, यस स्थानीय तहमा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रमले साक्षरता, सीप विकास र समुदाय सहभागितामा उल्लेखनीय योगदान पुऱ्याएका छन् । तथापि, निरक्षरता न्यूनीकरण, गुणस्तरीय कार्यक्रम विस्तार, लक्षित समूहको समावेशी सहभागिता, आयआर्जन तथा सीपको व्यावसायिक उपयोग र स्थानीय पुस्तकालय तथा ज्ञान स्रोतको सशक्तिकरणलाई प्राथमिकता दिनु आवश्यक देखिन्छ । यसले दीर्घकालीन रूपमा समुदायमा जीवनभर सिकाइको वातावरण र दिगो विकास सुनिश्चित गर्न सहयोग पुऱ्याउनेछ । |

यस स्थानीय तहमा शिक्षाको पहुँच विस्तार भएको देखिन्छ । प्रारम्भिक बालविकास केन्द्रदेखि माध्यमिक तहसम्म विद्यार्थीहरूको भर्ना र सहभागिता वृद्धि भएको छ । प्रारम्भिक बालविकास र आधारभूत तहमा लैङ्गिक समानता अपेक्षाकृत सन्तुलित देखिन्छ भने माध्यमिक तहमा बालिकाको निरन्तरतामा सुधार आवश्यक छ । अपाङ्गता भएका, दलित, आदिवासी/जनजाति तथा अन्य सीमान्तकृत समूहका बालबालिकाको पहुँच र सिकाइ उपलब्धि अपेक्षितरुपमा हासिल गर्न सकिएको छैन । जसले लक्षित समूह एवम् बालबालिकाका लागि समावेशी कार्यक्रमको आवश्यकता औंल्याउँछ ।

शिक्षक क्षमता र व्यवस्थापनमा सुधार आवश्यक देखिन्छ । विशेष गरी विषयगत दक्ष शिक्षकको अभाव, शिक्षक-विद्यार्थी अनुपातको असमानता, बहुकक्षा/बहुस्तरको अभ्यास प्रारम्भिक र आधारभूत तहमा मात्र सीमित रहेको अवस्थाले सिकाइ गुणस्तरमा प्रत्यक्ष असर पुऱ्याउँछ ।

पूर्वाधार, सिकाइ सामग्री र ICT पहुँच असमान रहेको छ । सुरक्षित, बालमैत्री र अपाङ्गता-मैत्री कक्षाकोठा, पुस्तकालय, प्रयोगात्मक सामग्री र डिजिटल स्रोतहरूको अभावले गुणस्तरीय शिक्षण सिकाइमा चुनौती सिर्जना गरेको छ । जलवायु तथा वातावरणीय जोखिम, जस्तै बाढी, पहिरो, गर्मी वा अत्याधिक चिसो, विद्यालय र बालविकास केन्द्रको नियमितता तथा पूर्वाधारमा प्रभावकारी असर पुऱ्याएको छ ।

अनौपचारिक शिक्षा र आजीवन सिकाइले समुदायमा साक्षरता, सीप विकास र जीवनोपयोगी सीप प्रदान गर्ने महत्वपूर्ण भूमिका खेल्दै आएको छ । तथापि निरक्षरता न्यूनीकरण, गुणस्तरीय तालिम, आयआर्जन र व्यावसायिक सीपको प्रयोग, तथा सामुदायिक पुस्तकालय र ज्ञान स्रोतहरूको उपयोगमा अझ सुधार आवश्यक देखिन्छ ।

समग्रमा, यस स्थानीय तहको शिक्षा क्षेत्रमा पहुँच र समावेशिता विस्तार भए तापनि गुणस्तरीय सिकाइ, समावेशी पहुँच, शिक्षक क्षमता, पूर्वाधार सुधार, ICT पहुँच र वातावरणीय जोखिम व्यवस्थापन मुख्य चुनौती बनेका छन् । यसका लागि तथ्याङ्कमा आधारित लक्षित कार्यक्रम, समावेशी नीतिहरू, बालमैत्री वातावरण निर्माण, शिक्षक क्षमता अभिवृद्धि र स्थानीय समुदायको सक्रिय सहभागिता आवश्यक छ । यी पहलहरू सफलतापूर्वक कार्यान्वयन भएमा स्थानीय तहमा दिगो, गुणस्तरीय र समावेशी शिक्षा प्रणाली विकास गर्न सकिने स्पष्ट सम्भावना छ ।

## २. सबल पक्ष

यस स्थानीय तहले शिक्षा क्षेत्रमा समावेशिता, गुणस्तर सुधार र पहुँच विस्तारका लागि विभिन्न असल अभ्यासहरू लागू गर्दै आएको छ । प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्म बालबालिकाको समग्र विकास सुनिश्चित गर्न सुरक्षित, बालमैत्री र अपाङ्ग-मैत्री कक्षाकोठा निर्माण गरिएको छ । प्रारम्भिक तहमा खेलमा आधारित सिकाइ, बालमनोविज्ञान र अभिभावक सहभागिता कार्यक्रम सञ्चालन गरिएका छन् जसले बालबालिकाको नियमित उपस्थिति र सिकाइ प्रभावकारिता बढाउन सहयोग पुऱ्याएका छन् ।

आधारभूत र माध्यमिक तहमा लैङ्गिक समानता सुनिश्चित गर्दै बालक र बालिकाको सहभागिता सन्तुलन कायम गरिएको छ । दलित, अपाङ्गता भएका, आदिवासी/जनजाति तथा अन्य सीमान्तकृत समूहको सहभागिता बढाउन लक्षित कार्यक्रम सञ्चालन भएका छन् । शिक्षक व्यवस्थापनमा सुधार गर्दै विषयगत दक्ष शिक्षकको नियुक्ति र निरन्तर पेशागत विकास कार्यक्रम सञ्चालन गरिएका छन् । शिक्षक-विद्यार्थी अनुपात सुधार गर्ने, तालिम र क्षमता अभिवृद्धि मार्फत सिकाइ गुणस्तर वृद्धि गर्ने पहलहरू सफल देखिएका छन् ।

पूर्वाधार र सिकाइ वातावरण सुधारका लागि विद्यालयहरूमा पुस्तकालय, प्रयोगशाला, खेलकुद सामग्री र ICT उपकरण उपलब्ध गराइएका छन् । विद्यालयमा वातावरणीय सचेत कार्यक्रम लागू गरेर जलवायु जोखिम न्यूनीकरणमा कदम चालिएको छ । साथै, अनौपचारिक शिक्षा र आजीवन सिकाइ कार्यक्रम मार्फत महिला, युवा र अपाङ्गता भएका व्यक्तिहरूको साक्षरता र व्यावसायिक सीप विकासमा योगदान पुऱ्याइएको छ । आयआर्जन, कृषि, हस्तकला र स्थानीय उत्पादनका तालिमहरूले समुदायमा आत्मनिर्भरता वृद्धि गरेका छन् ।

स्थानीय तहले विद्यालय व्यवस्थापन समिति र अभिभावक/समुदायको सक्रिय सहभागिता सुनिश्चित गर्दै योजना, अनुगमन र मूल्याङ्कन प्रक्रियामा सुधार गरेको छ । विद्यालय र समुदायबीच सहकार्य बढाएर सिकाइ गुणस्तर सुधार, समावेशी शिक्षा विस्तार र बालबालिकाको नियमित उपस्थिति सुनिश्चित गरिएको छ । यसरी लागू गरिएका असल अभ्यासहरूले स्थानीयतहमा समावेशी, गुणस्तरीय,बालमैत्री र दिगो शिक्षा प्रणाली विकासमा योगदान पुऱ्याएका छन्

## ३. शिक्षा क्षेत्रका समस्या

- विद्यालय शिक्षामा सबै बालबालिकालाई समान पहुँच, सहभागिता र गुणस्तर सुनिश्चित गर्न नसक्नु।
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण सुनिश्चित गर्न नसक्नु।
- अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिकालाई समावेशी सिकाइ वातावरण उपलब्ध गराउन नसक्नु
- पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धि प्रभावकारी रूपमा हासिल गर्न नसक्नु।
- बालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरण सुधार गर्न नसक्नु।
- स्थानीय पाठ्यक्रम निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्न नसक्नु।
- विषयगत तथा कक्षागत शिक्षकको दरबन्दी पर्याप्त नहुनु।
- सूचना तथा सञ्चार प्रविधि (ICT) पहुँच नहुनु र प्रभावकारी प्रयोग गर्न नसक्नु।
- साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसर पर्याप्त उपलब्ध गराउन नसक्नु।
- वैकल्पिक सिकाइ कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु।
- विद्यालय र बालविकास केन्द्रको भौतिक पूर्वाधार विकास पर्याप्त नहुनु।
- विद्यालय पूर्वाधार र सिकाइ वातावरणमा जलवायु-उत्थानशीलता सुनिश्चित गर्न नसक्नु।
- शिक्षक विद्यार्थीको अनुपात समान कायम गर्न नसक्नु।
- जिम्मेवार निकायबाट समय समयमा प्रभावकारी रुपमा अनुगमन तथा मूल्याङ्कन हुन नसक्नु।
- पर्याप्त मात्रामा शिक्षकको पेशागत विकासका कार्यक्रम सञ्चालन नहुनु।
- विद्यालय शिक्षा अभिभावकको चासो र चिन्ताको विषय नबन्नु।
- सबै तहको सिकाई उपलब्धीमा एकरुपता नहुनु।
- सबै तहको उत्तीर्णदरमा एकरुपता नहुनु ।
- शिक्षकहरुवाट स्थानीय सिकाई सामग्रीको पर्याप्त प्रयोग नहुनु।
- मातृभाषामा सिकाई सामग्री विकास र प्रयोग नहुनु।

## ४. अवसर एवम् सम्भावना

- संवैधानिक तथा कानुनी आधारहरु प्राप्त हुनु,
- शिक्षामा लगानी वृद्धि गरी गुणस्तर सुधार गर्न सक्नु,
- स्थानीय सरकार सञ्चालन ऐनले शिक्षाका अधिकार स्थानीय तहमा प्रदान गर्नु,
- तीन तहको सरकार तथा अन्य सङ्घ संस्थाहरुबाट शिक्षामा लगानी गर्न सकिने वातावरण हुनु,
- सुचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार हुनु,
- स्थानीय पाठ्यक्रममा वातावरण संरक्षण, हरित विद्यालय निर्माण, जलवायु परिवर्तनसम्बन्धी विषयवस्तु समावेश गरी निर्माण र कार्यान्वयनको अवसर हुनु,
- स्थानीयतहमा भएको रैथाने ज्ञान, सिप र प्रविधिलाई आन्तरिकीकरण गर्नु,
- वैकल्पिक सिकाइ सहजीकरण गरी विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चितता हुनु।
- पढ्दै कमाउदै कार्यक्रमको लागि स्थानीय उत्पादित क्षेत्र (अम्रिसो , अल्लो , रुद्राक्ष , अलैची र सुन्तला ) हुनु
- होमस्ट र पदमार्गको क्षेत्र हुनु
- अधिकाशं क्षेत्र जल जमीन जडीवुढीको उर्वर क्षेत्र हुनु

## ५ . चुनौती

- लैङ्गिक, भाषिक, भौगोलिक, आर्थिक, शारीरिक अपाङ्गता, जात/जाति, आदिको विविधताका कारण सबै बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्न,

- जनसाङ्खिकीय प्रवृत्ति (विशेषत: जन्म र बसाँई सराई), बनोट र बसोबास साथै भौगोलिक विकटता कारण व्यवहारिक विद्यालय नक्साङ्कन तथा समायोजन कार्यले पूर्णता पाउन,
- स्थानीय परिवेशका कारण भैरहेको विद्यालय शिक्षक दरवन्दीलाई न्यायोचित वितरण गर्न,
- विद्यालयमा थप आर्थिक व्यस्थापन हुन नसक्ने हुँदा निःशुल्क तथा अनिवार्य शिक्षा कार्यान्वयन पूर्णरूपमा गर्न,
- दक्ष जनशक्तिको अभावका कारण पाठ्यक्रम, पाठ्यपुस्तक तथा मुल्याकंन प्रणालीमा सुधार र शिक्षामा सुचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोग गर्न,
- विपत्को अवस्थाको व्यवस्थापन र त्यस्ता समयमा वैकल्पिक माध्यमबाट सिकाई अवसर प्रदान र आपतकालीन स्रोतसाधनको व्यबस्थापन गर्न,
- जनसाङ्ख्यिक समूहहरूको विविधताका कारण आजीवन सिकाइको पहिचानमा विविधता र समान अवसर सुनिश्चित गर्न,
- सबै विद्यालयमा तोकिएअनुसारको भौतिक पूर्वाधारको निर्माण र हरित विद्यालयको रूपमा विकास गर्न,
- शिक्षा क्षेत्रको विकास र सुधारको लागि दिगो स्रोतको व्यवस्थापन गर्न।
- संघ र प्रदेश सरकारवाट प्राप्त वित्तीय हस्तान्तरणसंगै नीतिगत प्रावधान (न्यूनत वेतन कमर्चारीको पारश्रमिक एवम् समयसापेक्ष वृद्धि हुने तलव र सुविधा ) वमोजिमको वजेटको रिक्तताको व्यवस्थापन गर्न।
- शिक्षण सिकाईको मार्गमा  विकसित नवीन विधि र प्रविधिको अवधारणा र प्रयोगको सुनिश्चितता गर्न।
- न्यून विद्यार्थी प्रवाह  यद्यपि भौगीलिक विकटता र सहज आवागमन नभएका क्षेत्र विशेषमा नियमित विद्यालय सञ्चालन गर्न।
- पालिका सेवा क्षेत्रलाई राष्ट्रिय राजमार्ग एवम् जिल्ला सदरमुकामसंग जोड्ने राजमार्गसंग ग्रामीण अर्थतन्त्रलाई  गतिशिल र शिक्षा क्षेत्रको विकास र सुधारमा स्थानीय योगदानको हिस्सा सुनिश्चित गर्न
- जलवायु परिवर्तन र त्यसको असर कम गर्ने उपायहरु अवलम्बन गर्न सिमित जनशक्ति र स्रोतका कारण अपेक्षित उपलब्धि प्राप्त गर्न।

# परिच्छेद २
# दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१ दूरदृष्टि

सीपमूलक, प्रविधिमैत्री, रोजगारमूलक,उत्पादनशिल र प्रतिस्पर्धी जनशक्ति तयार - गुणस्तरीय विद्यालय शिक्षा समृद्ध सिलीचोङको आधार

## २.२ लक्ष्य

समतामूलक पहुँच सहित गुणस्तरीय, सीपमूलक र प्रविधिमैत्री शिक्षा प्रणालीको विकास गर्दै स्थानीय र राष्ट्रिय-श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्ने सक्षम, नैतिक र आत्मनिर्भर जनशक्ति उत्पादन गर्ने ।

## २.३ उद्देश्य

- सबै बालबालिकालाई समान पहुँच, सहभागिता र गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु ।
- विद्यालय शिक्षामा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सुनिश्चित गर्नु ।
- अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिकालाई समावेशी सिकाइ वातावरण उपलब्ध गर्नु ।
- पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धि प्रभावकारी रूपमा हासिल गर्नु ।
- बालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरण सुधार गर्नु ।
- स्थानीय पाठ्यक्रम निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नु ।
- विषयगत तथा कक्षागत शिक्षकको पर्याप्त दरबन्दी सुनिश्चित गर्नु ।
- सूचना तथा सञ्चार प्रविधि (ICT) पहुँच विस्तार गरी प्रभावकारी प्रयोग गर्नु ।
- साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसर उपलब्ध गर्नु ।
- वैकल्पिक सिकाइ कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्नु ।
- विद्यालय पूर्वाधार र सिकाइ वातावरणमा जलवायु-उत्थानशीलता सुनिश्चित गर्नु ।
- प्राविधिक तथा व्यावसायिक शिक्षामा विद्यार्थीको सहभागिता अभिबृद्धि गर्ने ।
- सम्बन्धित निकायबाट समय समयमा अनुगमन तथा सुपरिवेक्षण कार्य गर्नु ।
- विद्यालय शिक्षामा अपनत्व बृद्धि गर्न अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्नु ।
- शिक्षकलाई आबश्यकतामा आधारित पेशागत विकासका कार्यक्रम सञ्चालन गर्नु ।
- शिक्षा क्षेत्रका लागि स्रोतको व्यवस्थापन लागि लगानी सम्मेलन र साझेदारीकार्य वातावरण तयार गर्नु ।

## २.४ रणनीति

| उद्देश्य | रणनीति |
|---|---|
| १. सबै बालबालिकालाई समान पहुँच, सहभागिता र गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु । | १. बालबालिकाको भर्ना र नियमित उपस्थितिको अनुगमन गर्ने । |
| | २. विद्यालयको पहुँच नपुग्ने क्षेत्रका बालबालिकालाई लक्षित कार्यक्रम सञ्चालन गर्ने |
| | ३. अभिभावक र समुदायको सहभागिता सुनिश्चित गर्ने । |
| | ४. बालबालिकाको स्कूल बस वा यातायात सुविधा उपलब्ध गराउने गर्ने । |
| | ५. बालबालिकाको नियमित उपस्थितिका लागि स्थानीय जागरूकता कार्यक्रम सञ्चालन गर्ने । |
| | ६.शैक्षिक गुणस्तर सुधारका लागि पालिकास्तरमा शैक्षिक सम्मेलन गर्ने |

| | |
|---|---|
| २. विद्यालय शिक्षामा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सुनिश्चित गर्नु | १. बालिकाका लागि भर्ना र समर्थन कार्यक्रम लागू गर्ने। |
| | २. शिक्षक र समुदायलाई लैङ्गिक समावेशी तालिम प्रदान गर्ने। |
| | ३. विद्यालय स्तरमा समावेशी नीति र अनुगमन प्रक्रिया विकास गर्ने। |
| | ४. लैङ्गिक र सामाजिक समावेशी शिक्षा सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने। |
| | ५. समावेशी बालबालिकाको सहभागिता र नियमित उपस्थितिको अनुगमन गर्ने। |
| ३. अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिकालाई समावेशी सिकाइ वातावरण उपलब्ध गराउन गर्नु | १. अपाङ्ग-मैत्री पूर्वाधार निर्माण गर्ने। |
| | २. सहायक सिकाइ सामग्री उपलब्ध गराउने गर्ने। |
| | ३. शिक्षकलाई समावेशी शिक्षण तालिम प्रदान गर्ने। |
| | ४. लक्षित समूहका बालबालिकाको नियमित उपस्थितिको अनुगमन गर्ने। |
| | ५. अभिभावक र समुदायलाई समावेशी शिक्षा विषयमा सचेत गर्ने। |
| | ६.मातृभाषामा सिकाई सहजीकरणको सामग्री विकास र प्रयोग गर्ने। |
| ४. पाठ्यक्रमले तोकेको सिकाइ उपलब्धि प्रभावकारी रूपमा हासिल गर्नु | १. शिक्षक-विद्यार्थी अनुपात सुधार र गुणस्तरीय शिक्षक नियुक्ति गर्ने। |
| | २. सिकाइ मूल्याङ्कन र सुधार कार्यक्रम नियमित सञ्चालन गर्ने। |
| | ३. पाठ्यक्रम अनुसार सहायक सिकाइ सामग्री उपलब्ध गर्ने। |
| | ४. शिक्षकलाई नयाँ शिक्षण विधिमा तालिम प्रदान गर्ने। |
| | ५. सिकाइ उपलब्धिको अनुगमन र रिपोर्टिङ प्रणाली विकास गर्ने। |
| ५. बालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरण सुधार गर्नु | १. सुरक्षित, बालमैत्री र अपाङ्ग-मैत्री कक्षाकोठा निर्माण गर्ने। |
| | २. खेलकुद, पुस्तकालय र प्रयोगशाला जस्ता पूर्वाधार सुधार गर्ने। |
| | ३. बालबालिकाको सहभागिता र अभिभावक सहयोगद्वारा विद्यालय वातावरण सुधार गर्ने। |
| | ४. विद्यालय परिसर सफाइ र हरित कार्यक्रम सञ्चालन गर्ने। |
| | ६. विद्यालयमा स्वास्थ्य र सुरक्षा उपाय लागू गर्ने। |
| ६. स्थानीय पाठ्यक्रम निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नु | १. समुदाय र शिक्षकको सहभागिता सहित स्थानीय पाठ्यक्रम विकास गर्ने। |
| | २. स्थानीय सन्दर्भअनुकूल सिकाइ सामग्री उपलब्ध गर्ने। |
| | ३. शिक्षकलाई स्थानीय पाठ्यक्रम कार्यान्वयन तालिम प्रदान गर्ने। |
| | ४. पाठ्यक्रम कार्यान्वयन अनुगमन र सुधार गर्ने। |
| | ५. विद्यार्थीको सन्दर्भअनुकूल मूल्याङ्कन प्रणाली लागू गर्ने। |
| | ६. नैतिक र संस्कारयुक्त शिक्षालाई स्थानीय विषयमा समावेश गर्ने |
| ७. विषयगत तथा कक्षागत शिक्षकको दरबन्दी सुनिश्चित गर्नु | १. आवश्यक शिक्षक दरबन्दी पहिचान र पूर्ति गर्ने। |
| | २. विषयगत दक्षता अनुसार शिक्षक नियुक्ति गर्ने। |
| | ३. शिक्षक व्यवस्थापन र अनुगमन प्रणाली मजबुत गर्ने। |

| | |
|---|---|
| | ४. शिक्षक प्रशिक्षण र पेशागत विकास कार्यक्रम सञ्चालन गर्ने। |
| | ५. शिक्षक–विद्यार्थी अनुपात सुधार सुनिश्चित गर्ने। |
| ८. सूचना तथा सञ्चार प्रविधि (ICT) पहुँच विस्तार गरी प्रभावकारी प्रयोग गर्नु | १. विद्यालयमा ICT उपकरण र इन्टरनेट सुविधा उपलब्ध गर्ने। |
| | २. शिक्षक र विद्यार्थीलाई ICT तालिम प्रदान गर्ने। |
| | ३. डिजिटल सामग्री र प्रविधिमा आधारित सिकाइ कार्यक्रम सञ्चालन गर्ने। |
| | ४. ICT प्रयोग अनुगमन र सुधार कार्यक्रम सञ्चालन गर्ने। |
| | ५. स्थानीय समुदायमा ICT सञ्चार प्रशिक्षण कार्यक्रम उपलब्ध गर्ने। |
| ९. साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसर उपलब्ध गराउन गर्नु | १. समुदायमा साक्षरता र जीवनपर्यन्त शिक्षा कार्यक्रम सञ्चालन गर्ने। |
| | २. महिला, युवा र लक्षित समूहका लागि अनौपचारिक शिक्षा कार्यक्रम उपलब्ध गर्ने। |
| | ३. शिक्षा कार्यक्रमको अनुगमन र गुणस्तर सुधार गर्ने। |
| | ४. स्थानीय पुस्तकालय र ज्ञान केन्द्रको प्रयोग विस्तार गर्ने। |
| | ५. जीवनपर्यन्त शिक्षा सम्बन्धी सामग्री र स्रोत उपलब्ध गर्ने। |
| १०. वैकल्पिक सिकाइ कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्नु | १. स्कूल बाहिरका बालबालिका र किशोर-किशोरीका लागि कार्यक्रम सञ्चालन गर्ने। |
| | २. समुदाय र स्थानीय संस्थासँग सहकार्य गरेर वैकल्पिक शिक्षा विस्तार गर्ने। |
| | ३. वैकल्पिक शिक्षाको गुणस्तर अनुगमन र सुधार गर्ने। |
| | ४. स्थानीय सन्दर्भअनुकूल वैकल्पिक सामग्री विकास गर्ने। |
| | ५. शिक्षक र प्रशिक्षकको क्षमता अभिवृद्धि गर्ने। |
| ११. विद्यालय पूर्वाधार र सिकाइ वातावरणमा जलवायु-उत्थानशीलता सुनिश्चित गर्ने | १.कक्षाकोठा, शौचालय, खानेपानी, खेलकुद र पुस्तकालय निर्माण गर्ने। |
| | २.विद्यालय पूर्वाधार जलवायु जोखिम प्रतिरोधी ढाँचामा निर्माण गर्ने। |
| | ३.पूर्वाधारको नियमित मर्मत–सम्भार सुनिश्चित गर्ने। |
| | ४.स्थानीय समुदाय र संघ/संस्थासँग सहकार्य गर्ने। |
| | ५.भौतिक पूर्वाधारको गुणस्तर अनुगमन गर्ने। |
| | ६..बालबालिकाको स्वास्थ्य र सुरक्षा सुनिश्चित गर्दै पूर्वाधार सुधार गर्ने। |
| | ७जलवायु अनुकूल हरित कार्यक्रम सञ्चालन गर्ने। |
| | ८.प्राकृतिक विपद् जोखिम न्यूनीकरणका लागि विद्यालय अनुगमन गर्ने। |
| | ९.शिक्षक र विद्यार्थीलाई वातावरणीय सुरक्षा तालिम प्रदान गर्ने। |
| | १०.विद्यालय स्तरमा जलवायु सचेतना र आपतकालीन तयारी कार्यक्रम सञ्चालन गर्ने। |
| १२. प्राविधिक तथा व्यावसायिक  शिक्षामा | 1. प्राविधिक विषय सम्बन्धी जनचेतनामुलक कार्यक्रम सन्चालन गर्ने। |
| | 2. प्रयोगात्मक,प्रर्दशनि र प्रतियोगितात्मक कार्यक्रम सञ्चालन गर्ने। |
| | 3. छात्रावृत्ती, प्रोत्सहान तथा परामर्श कार्यक्रम सञ्चालन गर्ने। |

| | |
|---|---|
| विद्यार्थीको सहभागिता अभिबृद्धि गर्ने | 4. उद्योगी, व्यावसायी तथा स्थानीय तह संग सहकार्य गर्ने । |
| | 5. शिक्षामा गुणस्तर सुधारका लागि आवश्यक पक्षहरुसंग समन्वय र साझेदारी गर्ने । |
| १३. सम्बन्धित निकायबाट समय समयमा अनुगमन तथा सुपरिवेक्षण कार्य गर्नु | 1. मासिक रुपमा अनिवार्य रुपमा अनुगमन सुपरीवेक्षण गर्ने । |
| | 2. अनुगमन र सुपरीवेक्षणबाट प्राप्त नतिजालाई प्रभावकारी कार्यान्वयन गर्ने । |
| | 3. अनुगमन र सुपरीवेक्षणबाट प्राप्त नतिजालाई मूल्याङकन गरी दस्तावेजीकरण गर्ने । |
| १४. विद्यालय शिक्षामा अपनत्व बृद्धि गर्न अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्नु | 4. शैक्षिक सत्रको प्रारम्भसँगै सेवाक्षेत्रभित्र, वडाभित्र अभिभावक तथा जिम्मेवार व्यक्तित्वहरुसँग अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने । |
| | 5. अभिभावक तथा जिम्मेवार व्यक्तिहरुबाट प्राप्त सुझावलाई विद्यालयले कार्यान्वयन गर्ने । |
| | 6. अभिभावकहरुलाई अनुगमन सुपरीवेक्षणका लागि परिचालन गर्ने । |
| १५. शिक्षकलाई आबश्यकतामा आधारित पेशागत विकासका कार्यक्रम सञ्चालन गर्नु | 1. सबै तहका शिक्षकहरुलाई आवश्यकता पहिचान गरी विभिन्न प्रकृतिका शैक्षिक तालिमहरु सञ्चालन गर्ने । |
| | 2. दक्ष शिक्षकहरुबाट नव प्रवेशी तथा कम अनुभवि शिक्षकहरुका लागि छोटो अवधिको तालिम सञ्चालन गर्ने । |
| | 3. शिक्षक समुह निर्माण गरी भर्चुअल माध्यमबाट अनुभवहरु आदान प्रदान गर्ने । |
| १६. शिक्षा क्षेत्रका लागि स्रोतको व्यवस्थापन लागि लगानी सम्मेलन र साझेदारी वातावरण तयार गर्नु । | १. अन्तर सरकार समन्वय, साझेदारी र सहकार्यको वातावरण तयार हुने कार्यक्रम सञ्चालन गर्ने |
| | २. शिक्षा क्षेत्रको दिगो लगानीको लागि स्थानीय स्रोत र साधनको मापन र परिचालन गर्ने<br>३. स्थानीय उद्यमीहरुसंगको सहकार्यमा शिक्षा क्षेत्रमा सि एस आर परिचालन गर्ने |

## २.५ अपेक्षित उपलब्धि

- सबै बालबालिकालाई समान पहुँच, सहभागिता र गुणस्तरीय शिक्षा सुनिश्चित हुनेछ ।
- अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिकालाई समावेशी सिकाइ वातावरण उपलब्ध हुनेछ ।
- सिकाई निरन्तरताको लागि वैकल्पिक शिक्षण सिकाइको अवसर प्राप्त भएको हुनेछ ।
- विद्यालय पूर्वाधार र सिकाइ वातावरणमा जलवायु-उत्थानशीलता सुनिश्चित हुनेछ ।
- साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसर उपलब्ध भएको हुनेछ ।
- नवसाक्षरहरुका लागि डिजिटल साक्षरताको अवसर प्राप्त भएको हुनेछ ।
- सूचना तथा सञ्चार प्रविधि (ICT) मा आधारित शिक्षण सिकाई अवसर भएको हुनेछ ।
- विषयगत तथा कक्षागत शिक्षकको दरबन्दी सुनिश्चित हुनेछ ।
- स्थानीय पाठ्यक्रम निर्माण र परिमार्जन सहित कार्यान्वयन भएको हुनेछ ।
- बालमैत्री वातावरणमा सिकाइ अवसर प्राप्त भएको हुनेछ ।
- विद्यालय शिक्षामा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सुनिश्चित भएको हुनेछ ।
- प्राविधिक तथा व्यावसायिक शिक्षामा विद्यार्थीको सहभागितामा वढोत्तरी भएको हुनेछ ।

- सम्बन्धित निकायबाट नियमित रुपमा अनुगमन तथा सुपरिवेक्षण र प्रविधिक सहयोग भएको  हुनेछ।
- समुदायको  विद्यालय प्रति  सकरात्मक र अपन्त्व वोध  सहित अभिभावक सहभागिता भएको हुनेछ।
- शिक्षकलाई आबश्यकतामा आधारित पेशागत विकास र क्षमता विकासको अवसर प्राप्त भएको  हुनेछ।
- शिक्षा क्षेत्रमा दिगो  स्रोत व्यवस्थाको लागि सकरात्मक वातावरण तयार भएको हुनेछ।

## २.६ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

| क्र.स. | सूचक | | आधार वर्ष २०८२ | २०८४ | २०८७ | २०९२ | कार्यसम्पादन सम्वन्धी सूचनाको श्रोत |
|---|---|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास र शिक्षा | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | स्थानीय | ५६.२ | ६०.० | ७०.० | ९०.० | IEMIS |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ८६.४ | ८९.५ | ९४. | ९९. | फ्ल्यास रिपोर्ट |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | स्थानीय | ५६.२ | ६५.० | ७७.० | ९३.५ | IEMIS |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ६८.७ | ७३. | ८५. | ९५. | फ्ल्यास रिपोर्ट |
| २. | आधारभूत शिक्षा (कक्षा १ - ८) | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | स्थानीय | ७५.२ | ८२.८ | ९४.१ | १०० | IEMIS |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ९६.८ | ९७.५ | ९९. | १०० | फ्ल्यास रिपोर्ट |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | स्थानीय | ९४.१ | ९८.० | ९९.० | १००.० | IEMIS |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | १२१.९ | ११५. | १०७. | १०५. | फ्ल्यास रिपोर्ट |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | स्थानीय | ९६.९ | ९८.० | ९९.० | १०० | IEMIS |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | १२१.१ | ९९. | ९९.५ | १०० | फ्ल्यास रिपोर्ट<br>दि.वि.ल. दिगो विकासको लक्ष्य(रा.समीक्षा) |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | स्थानीय | १२१.१ | ११० | १०५ | १०० | IEMIS |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ११८. | ११५. | | | फ्ल्यास रिपोर्ट |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुद प्रवेश दर* (%) | स्थानीय | ९४.७९ | | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ९८.३ | | | | फ्ल्यास रिपोर्ट |
| २.६ | आधारभूत तहको कक्षा ५ को कूल प्रवेश दर* (%) | स्थानीय | ११९.४७ | | | | IEMIS |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ११३. | ११०. | १०७. | १०५. | फ्ल्यास रिपोर्ट |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | स्थानीय | ५४.१८ | | | | IEMIS |
| | | प्रदेश | ९३.३ | | | | |
| | | राष्ट्रिय | ९३. | | | | |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | स्थानीय | ९३.०१ | | | | IEMIS |
| | | प्रदेश | ८२.९ | | | | |
| | | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ | फ्ल्यास रिपोर्ट |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | स्थानीय | ८९.०० | | | | IEMIS |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | २२.२ | २०. | १५. | १०. | फ्ल्यास रिपोर्ट |
| | | | | | | | |
| | | | | | | | |
| २.१० | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | स्थानीय | | | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | १.०२ | | | १.०१ | |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | स्थानीय | ९४.८ | ९६.० | ९८.० | १०० | फ्ल्यास रिपोर्ट |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ९३.८ | ९९. | | १०० | |
| २.१२ | | स्थानीय | १२१.६ | ११०.० | १०५.० | १००.० | फ्ल्यास रिपोर्ट |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ११०.४ | | | | फ्ल्यास रिपोर्ट |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | स्थानीय | ८३.४ | ९०.० | ९८.० | १००.० | फ्ल्यास रिपोर्ट |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | ७९.३ | | | | फ्ल्यास रिपोर्ट |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | स्थानीय | ८३.४ | ९०.० | ९८.० | १००.० | फ्ल्यास रिपोर्ट |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | | ७२.७ | | | दि.वि.ल. ४ (ने.रा.का.) |
| | | | | | | | |
| २.१५ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | स्थानीय | | | | | |
| | | प्रदेश | | | | | |
| | | राष्ट्रिय | १.०१ | | | | फ्ल्यास रिपोर्टवि.क्षे.वि.यो. |
| २.१९ | विद्यालय वाहिर रहेका बालबालिका | | स्थानीय | ८० जना | २० जना | ० | फ्ल्यास रिपोर्ट |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | | २.९ | १. | दि.वि.ल. ४ (ने.रा.का.) |
| २.२ | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | | स्थानीय | | | | |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | ४३.७ | ४५. | ५०. | फ्ल्यास रिपोर्ट<br>पन्ध्रौँ योजना<br>दि.वि.ल. ४ (ने.रा.का.) |
| ३. | माध्यमिक शिक्षा (कक्षा ९-१२) | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | | स्थानीय | ५१.१ | ६०.० | ८०.० | |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | ४७.६ | | ६५. | फ्ल्यास रिपोर्ट<br>पन्ध्रौँ योजना |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | | स्थानीय | ६६.० | | | |
| | | | प्रदेश | | | | |
| | | | राष्ट्रिय | ७१.४ | | | फ्ल्यास रिपोर्ट<br>दि.वि.ल. (रा.समीक्षा) |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | स्थानीय | १.०९ | | | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | १.०२ | १. | १. | पन्ध्रौँ योजना<br>वि.क्षे.वि.यो.<br>दि.वि.ल. (रा.समीक्षा) |
| ३.४ | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर* (%) | स्थानीय | ८९.२४ | | | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ९७.५ | | | फ्ल्यास रिपोर्ट |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | स्थानीय | ३०.५७ | | | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ६०.३ | | | फ्ल्यास रिपोर्ट |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | स्थानीय | ८.९२ | | | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | २४. | | | फ्ल्यास रिपोर्ट |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* | स्थानीय | २६.९२ | | | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | २०.६ | २२. | २७. | फ्ल्यास रिपोर्ट<br>दि.वि.ल. ४ (ने.रा.का.) |
| ४. | जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | स्थानीय | ९६.४७ | | | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ५८. | | ९५. | पन्ध्रौँ योजना |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | स्थानीय | ९८.८४ | | | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ८२. | ८९. | ९५. | दि.वि.ल. ४ (ने.रा.का.) |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | स्थानीय | | | | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ९२. | | ९९. | पन्ध्रौँ योजना |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | स्थानीय | ०.९० | | | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ०.६५ | | | दि.वि.ल. (रा.समीक्षा) |
| ६. | सुशासन तथा व्यवस्थापन | | | | | |
| ६.१ | आधारभूत तह (कक्षा१-५) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | १:७ | | | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | २४:०१:०० | | ३०:०१:०० | फ्ल्यास रिपोर्ट पन्ध्रौँ योजना |
| ६.२ | | स्थानीय | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | आधारभूत तह (कक्षा६-८) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | प्रदेश | | | | |
| | | राष्ट्रिय | ३०:०१:०० | | ३०:०१:०० | फ्ल्यास रिपोर्ट पन्ध्रौँ योजना |
| ६.३ | आधारभूत तह (कक्षा१-८) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | | | | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ३३:०१:०० | ३१:०१:०० | ३०:०१:०० | पन्ध्रौँ योजना |
| ६.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | | | | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ४०:०१:०० | | ३०:०१:०० | फ्ल्यास रिपोर्टपन्ध्रौँ योजना |
| ६.५ | माध्यमिक तह (कक्षा९-१२) मा विद्यार्थी:शिक्षक अनुपात | स्थानीय | | | | |
| | | प्रदेश | | | | |
| | | राष्ट्रिय | ४१:०१:०० | ३५:०१:०० | ३०:०१:०० | पन्ध्रौँ योजना |

# परिच्छेद ३
# विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### परिचय

नेपालको संविधानको धारा ३९ (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भनी उल्लेख गरिनु र शिक्षा ऐन २०२८ को नवौं संशोधनले बालविकास र शिक्षालाई विद्यालय शिक्षाकै अङ्गको रूपमा मान्यता दिनुले यसको आवश्यकता र महत्व थप पुष्टि भएको छ। बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु आवश्यक भएको छ। यसै कुरालाई मध्यनजर गरेर यस पालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास र शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने कार्यक्रमहरू समावेश गरिएको छ। सञ्चालन, रेखदेख लगायतका कार्यहरू योजनामा समेटिएका छन्।

### ३.१.१ वर्तमान अवस्था

प्रारम्भिक बालविकास विद्यालय शिक्षाको आधारको रुपमा शिक्षा प्रदान गर्न २८ वटा बालविकास केन्द्र सञ्चालित छन् जसमा सिकाइ सहजीकरण गर्नका लागि २८ जनानै बालबिकास सहजकर्ता कार्यरत रहेका छन भने जम्मा १२९ जना बालबिकास कक्षामा बालबालिकाहरु अध्ययनरत छन। जसमा छात्र ७२ र छात्रा ५७ रहेका छन। फूलका मूना जस्ता कलिला वालवालिकाहरुका लागि मनोबैज्ञानिक पक्षलाई ध्यान दिएर विद्यालयमा नियमितता दिनको लागि सहजकर्ताले निभाउनुपर्ने विभिन्न मनोक्रियात्मक सिकाइ सहजीकरण गर्न सहजकर्ताहरुको लागि बालमनोविज्ञानमा आधारित तालिमको नितान्त आवश्यकता रहन्छ तथापि सबै विद्यालयहरुमा कार्यरत सहजकर्ताहरु तालिम प्राप्त नरहेको कारण सोचेजस्तो उपलब्धि हासिल हुन सकेको छैन। त्यसैगरी बालबिकास सहजकर्ताको आवश्यक शैक्षिक योग्यता, कक्षाकोठाको बसाइ व्यबस्थापन, बाल उद्यान, स्वच्छ पिउने पानी र बालमैत्री शौचालयको निर्माण प्राय सबै विद्यालयमा नभएको कारण उचित सिकाइ वातावरण व्यबस्थापन गर्न सकिएको छैन।

तालिका न १ ; शिक्षक वितरण २०८२

| कार्यक्रम | विद्यालय | अनुदान कोटा | न्यून | विद्यार्थी संख्या | अनुपात | पालिका | निजि | कुल जम्मा | अनुपात |
|---|---|---|---|---|---|---|---|---|---|
| प्रारम्भिक बाल विकास र शिक्षा | ३५ | २८ | ७ | १२९ | १ : ७.४६ | - | ७ | ३५ | १: ४.६ |
| नीतिगत व्यवस्था : प्रति विद्यालय एक प्रारम्भिक बाल विकास कक्षा र न्यूनतम २० देखि २५ जना बालबालिका वरावर १ सहयोगी कार्यकर्ताको अवधारणा। | | | | | | | | | |

### ३.१.२ उद्देश्य

- चार बर्ष उमेरका सबै बालबालिकाको सर्वाङ्गीण विकास र आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक बालविकास सेवामा पहुँच बढाउनु,
- प्रारम्भिक बालविकास तथा शिक्षाका सेवाहरूमा गुणस्तर सुनिश्चित गर्नु,
- वालविकास केन्द्र र प्रारम्भिक बाल कक्षामा ६ सिकाई कर्नर सहित वालमैत्री सिकाई वातावरण कायम गर्नु।
- प्रारम्भिक बालविकास कक्षाका लागि आवश्यक सम्पूर्ण भौतिक र मनोबैज्ञानिक व्यवस्थापन सुधार गर्नु,
- प्रारम्भिक बालविकास शिक्षाको पाठ्यक्रमको परिमार्जन तथा अनुकूलन गर्नु,
- कार्यरत जनशक्तिको वृत्ति विकास त था क्षमता विकास गर्नु,
- अनुदान अप्राप्त वाल विकास कक्षा सञ्चालनका लागि जनशक्तिको व्यवस्थापन गर्नु।

- स्थानीय तहको आवश्यकतामा आधारित हुने गरी प्रारम्भिक बाल विकास तथा शिक्षाका लागि सुपरिवेक्षण र सहजीकरणका लागि थप छुट्टै अधिकार सम्पन्न संयन्त्र स्थानीय तहले निर्माण गर्नु,
- वालविकास केन्द्रको नक्साङ्कन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ केन्द्र स्थापना गर्नु,

### ३.१.३ रणनीति

- सबै बालबालिकाको पहुँचका लागि सङ्घीय सरकारले निर्धारण गरेको मापदण्डअनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने,
- वालविकास शिक्षाको नक्साङ्कन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ केन्द्र स्थापना गर्ने,
- जटिल भौगोलिक क्षेत्रमा बसोबास गर्ने समुदायका बालबालिकाका लागि विभिन्न नमूनाहरू विकास गरी पहुँच सुनिश्चित गर्ने,
- पाठ्यक्रमको परिमार्जन तथा अनुकूलन गर्ने,
- लागत सहभागिता अभिवृद्धि गर्ने,
- आवश्यकता अनुसार सहयोगी जनशक्ति (आया) व्यवस्था गर्ने,
- कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैर सरकारी सङ्घ संस्था, नीजि क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने,
- ऐन र कार्यविधीमा उल्लेख भए बमोजिमको मापदण्ड पूरा गर्ने,
- कार्यरत जनशक्तिको वृत्ति विकास तथा क्षमता विकास गर्ने,
- स्थानीय तहको आवश्यकतामा आधारित हुने गरी प्रारम्भिक बाल विकास तथा शिक्षाका लागि सुपरिवेक्षण र सहजीकरणका लागि थप छुट्टै अधिकार सम्पन्न संयन्त्र बनाउने,
- पाठ्यक्रम र मापदण्ड तथा ढाँचाहरूलाइ समयानुकुल स्थानीयकरणकालागि समायोजन तथा परिमार्जन गर्ने,
- भौगोलिक विकटता र अपाङ्गता भएका तोकिएका उमेर समूहलाई सम्बोधन गर्ने गरी नीतिगत व्यवस्था गर्ने

### ३.१.४ प्रमुख उपलब्धि र नतिजा

#### उपलब्धि

- सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ

#### नतिजा

- प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकारूलाई एक बर्षको प्रारम्भिक बालविकास तथा शिक्षामा सहज पहुँच हुनेछ,
- प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गर्ने अवसर हुनेछ ,
- सबै प्रारम्भिक बालविकास केन्द्रहरूमा न्यूनतम योग्यता र तालिम प्राप्त शिक्षक तथा बालबालिकाको हेरचाह तथा सहयोगका लागि सहायक कर्मचारी सहित केन्द्रले न्यूनतम मापदण्ड पूरा गरेका हुनेछ,
- बालबालिकाहरूको विकासात्मक तथा सिकाइ आवश्यकता सम्बोधन हुने पाठ्यक्रम समायोजन तथा अनुकूलन भएको हुनेछ,
- भौगोलिक जटिलता रहेका तथा अपाङ्गता भएका बालबालिकालाई समेट्न आवश्यकतामा आधारित जस्तैः घरमा आधारित, समुदायमा आधारित, कार्यक्षेत्र तथा घुम्ती बालविकास तथा शिक्षा कार्यक्रमका नमूना विकास हुनेछ,
- प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय, गैरसरकारी सङ्घसंस्था र विद्यालयहरू जिम्मेवार भएको हुनेछ ।

○ बालविकास कक्षाको लागि न्यूनतम सिकाई अनुकुल वातावरण तयार भएको हुनेछ ।

### ३.१.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य र अनुमानित वजेट

| क्रस. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) २०८३।८४ देखि २०८७।८८ | | | | | | ५ बर्षको वजेट | स्रोत र जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | घर दैलो अभिभावक भेटघाट तथा वालवालिका भर्ना सहजीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | ० | पालिका र विद्यालय |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्डको प्रबोधीकरण एवम् पुर्नताजगी | पटक | आवश्यकता अनुसार | | | | | ५ | ७५० | पालिका र लिडर विद्यालय |
| ३ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको नक्साङ्कन तथा पुनर्वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | ० | पालिका |
| ४ | परिवार, समुदाय, गैर सरकारी सङ्घसंस्था, निजीक्षेत्रसँगको समन्वय र सहकार्य | पटक | २ | २ | २ | २ | २ | १० | २५० | शिक्षा शाखा |
| ५ | बालबालिकाको अभिलेखीकरण | निरन्तर | १ | १ | १ | १ | १ | ५ | ० | शिक्षा शाखा |
| ६ | वडास्तरमा बालकक्षा विकास संयन्त्र स्थापना र परिचालन | पटक | ५ | ५ | ५ | ५ | ५ | २५ | ६२५ | पालिका र लिडर विद्यालय |
| ७ | वाल विकास उमेर समूहका अनाथ, असहाय र अपाङ्गता वालवालिका पहिचान | पटक | १ | १ | १ | १ | १ | ५ | १२५ | पालिका |
| ८ | पोषणयुक्त दिवा खाजाको व्यवस्था (प्रति दिन रु १० प्रतिजना १८० दिन ) | जना | २१० | २१० | २१० | २१० | २१० | १०५० | १८९० | पालिका |
| ९ | पाठ्यक्रम प्रबोधिकरण एवम् सहजीकरण | विद्यालय | आवश्यकता अनुसार | | | | | ३५ | ० | लिडर विद्यालय |
| १० | बाल विकास शिक्षकको पेशागत र क्षमता विकास (पुर्नताजगी ) | पटक | १ | १ | १ | १ | १ | ५ | ७५० | पालिका |
| ११ | बालबालिकाको स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्य सम्बन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन र कुपोषण भएका बालबालिकाका लागि परामर्श | विद्यालय | आवश्यकता अनुसार | | | | | | ० | अन्तर शाखा समन्वय |
| १२ | सिकाई माध्यमको रुपमा स्थानीय भाषाको सामग्री विकास र कार्यान्वयन - वडास्तर | विद्यालय | आवश्यकता अनुसार | | | | | ५ | १०० | लिडर विद्यालय |
| १३ | अभिभावक शिक्षा- वडास्तर | पटक | ५ | ५ | ५ | ५ | ५ | २५ | ६२५ | पालिका |
| १४ | अभिभावक तथा समुदायका सदस्य मार्फत स्थानीय ज्ञान तथा सिप बालबालिकालाई सिकाउने वातावरण विकास | निरन्तर | आवश्यकता अनुसार | | | | | ५ | ० | स्थानीय समुदाय |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १५ | बालबालिकाको शारीरिक, सामाजिक, मानसिक तथा भावनात्मक सुरक्षा तथा आवश्यकता अनुसार मनोसामाजिक परामर्श तालिम (आन्तरिक र वाह्य ) | पटक | १ | १ | १ | १ | १ | ५ | ४५० | पालिका र लिडर विद्यालय |
| १६ | परिवार, समुदाय, निजीक्षेत्र तथा गैर सरकारी सङ्घसंस्थाहरूको सहभागिता, संलग्नता र जिम्मेवारी वोधको वातावरण विकास | निरन्तर | आवश्यकता अनुसार | | | | | ५ | ० | पालिका |
| १७ | वालकालिकाको तथ्याङ्क अद्यावधिक-ईमिस | पटक | निरन्तर | | | | | ५ | ० | शिक्षा |
| १८ | आया / सहयोगीको व्यवस्था ( २० प्लस वालवालिका भएको हकमा) | जना | आवश्यकता अनुसार | | | | | ५ | ७०० | पालिका |
| १९ | प्रारम्भिक वालविकास तथा शिक्षाका सहयोगीकार्यकर्ताको लागि थप सुविधा | संख्या | २८ | २८ | २८ | २८ | २८ | १४० | १२७४० | पालिका |
| २० | नमुना प्रारम्भिक बालविकास सहजकर्तालाई पुरस्कारको व्यवस्था | जना | ५ | ५ | ५ | ५ | ५ | २५ | २५० | पालिका |
| २१ | प्रारम्भिक बालविकास सहजकर्ताको थप कोटाको व्यवस्थापन (स्वयंसेवक) | जना | ७ | ७ | ७ | ७ | ७ | ३५ | ४९०० | पालिका र समुदाय |
| २२ | वालकक्षा कक्षाकोठा सजावट | ओटा | ७ | ७ | ७ | ७ | ७ | ३५ | ३५०० | पालिका र विद्यालय |
| २३ | ६ सिकाई कुनाको व्यवस्था र प्रयोग | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ३५ | ० | विद्यालय र सका |
| २४ | पोर्टफवलियो प्रयोग र रिपोर्ट कार्ड प्रयोग | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ३५ | ० | विद्यालय र सका |
| २५ | दैनिक कार्यतालिका प्रदर्शन र सोको कार्यान्वयन | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ३५ | ० | विद्यालय र सका |
| २६ | नमूना बाल विकास कक्षा अवलोकन (आन्तरिक र बाह्य) | कक्षा | आवश्यकता अनुसार | | | | | ५ | ५०० | पालिका र विद्यालय |
| २७ | बाल विकास शिक्षकको लागि सिकाई सञ्जाल निर्माण र परिचालन | वडा | निरन्तर | | | | | ५ | ० | सका र पालिका |
| २८ | पहिचान भएका अनाथ, असहाय र अपाङ्गता वालवालिकाका लागि प्रोत्साहन | जना | २५ | २५ | २५ | २५ | २५ | १२५ | १२५० | पालिका र स्थानीय संघसंस्था |
| २९ | अनाथ असहाय र अपाङ्गता भएका बालबालिकाका लागि आवसीय सुविधा | जना | २५ | २५ | २५ | २५ | २५ | १२५ | १२५० | पालिका र स्थानीय संघसंस्था |
| ३० | पूर्वाधार, सिकाइ क्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाई तथा खेल सामग्री व्यवस्थापन (न्यूनतम मापदण्ड ) | औटा | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ | १७५० | पालिका र स्थानीय संघसंस्था |
| जम्मा(आन्तरिक स्रोत ) | | | ६४८१ | ६४८१ | ६४८१ | ६४८१ | ६४८१ | | ३२४०५ | आधार बर्ष ०८२/८३ |

## ३.२ आधारभूत शिक्षा

### परिचय

शिक्षा मानव जीवन, जगत र विकासको लागि अपरिहार्य हुन्छ । राज्य सञ्चालनमा विश्वका प्राय सवै देशले शिक्षालाई मूल प्राथमिकतामा राख्ने गरेको पाइन्छ । शिक्षा प्राप्त गर्ने नागरिकको नैसर्गिक अधिकार हो । शिक्षालाई शासन, विकास र सेवा प्रवाहको पुर्वाधारको रुपमा लिन सकिन्छ । नागरिकको सर्वाङ्गीण विकासको आधारनै शिक्षा हो । शिक्षा कुनैपनि देशको राष्ट्रिय पुँजी हो जसले भविश्यमा राष्ट्रिय उत्पादन र उत्पादकत्वलाई सुदृढ गर्दछ । शिक्षाले सक्षम, सवल, सभ्य, समावेशी, समन्यायिक जनशक्ति उत्पादनमा सघाउछ । शिक्षामा गरेको लगानी राष्ट्रिय पुँजी निर्माण हो । त्यस्तो पुँजी परिचालनले "समृद्ध नेपाल, सुखी नेपाली " को दीर्घकालिन सोचलाई व्यवहारिक जीवनमा सावित गर्न सक्छ । शिक्षाका उल्लेखित मार्गदर्शन पुरा गर्ने आधार आधारभूत शिक्षाको कुशल सफल मितव्ययी समावेशी र समन्यायिक व्यवस्थापन हो । शिक्षाको आधारनै आधारभूत शिक्षा हो । आधारभुत शिक्षाको समुचित व्यवस्थापनको लागि राज्य संयत्रबाट तयार गरिएका संवैधानिक व्यवस्था मार्गदर्शन नीतिगत तथा कानूनी व्यवस्था शिक्षा सम्वन्धी योजना कार्यक्रम आयोजनाहरुको तर्जुमा तथा कार्यान्वयन गर्ने गरिएको छ । नागरिकको शिक्षालाई सुनिश्चित गर्न नेपालको संविधान, २०७२ को धारा ३१ मा आधारभूत शिक्षा निःशुल्क तथा अनिवार्य प्रदान गर्ने मौलिक हक कार्यान्वयन गर्न नीतिगत तथा कानूनी व्यवस्था गरिएको छ । नेपालको संविधान २०७२ को अनुसूची -८ खण्ड ८ मा आधारभुत शिक्षा तथा माध्यमिक शिक्षा सम्बन्धी व्यवस्था स्थानीय तहको अधिकार क्षेत्र भित्र राखिएको छ । संविधानको अनुसूची- ९ मा साझा अधिकारको दोस्रो बुँदामा शिक्षा सम्वन्धी अधिकारको व्यवस्था गरिएको छ । शिक्षा ऐन,२०२८ (संशोधन सहित) शिक्षा नियमावली,२०५९ (संशोधन सहित) शिक्षक सेवा आयोगको नियमावली,२०५७ (संशोधन सहित) को व्यवस्था गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को परिच्छेद ३ को दफा ११ मा शिक्षा सम्वन्धी अधिकारको व्यवस्था गरिएको छ । दीगो विकासको चौंथो लक्ष्यको रुपमा गुणस्तरीय शिक्षा रहेको छ । सन् २०३० सम्म सबै बालबालिकाहरूलाई सान्दर्भिक साथै सिकाइका सकारात्मक असरहरू प्राप्त हुनसकुन भन्ने उद्देश्यले उनीहरूका निम्ति निःशुल्क, न्यायोचित तथा गुणात्मक आधारभूत शिक्षाको सुनिश्चितता गर्ने । दिगो विकासका लक्ष्य हासिल गरी वि.सं. २०८७ सम्ममा नेपाललाई मध्यम आयस्तर भएको राष्ट्रमा स्तरोन्नति गर्ने लक्ष्य रहेको, वि.सं.२१०० सम्ममा समुन्नत राष्ट्रको स्तरमा पुऱ्याउने लक्ष्य निर्धारण गरिएको । १६ औं योजनाले सुशासन,सामाजिक न्याय र सम्बृद्धिको दीर्घकालीन सौंच राखेको छ ।

### ३.२.१ वर्तमान अवस्था

सिलीचोङ गाउँपालिका स्थित रहेका सामुदायिक विद्यालयहरुको आधारभूत तह कक्षा १ देखी ८ भित्र १-३, ४-५ र ६-८ का विद्यालयहरु विभिन्न वडाहरुमा भूगोल विशेष सञ्चालित छन । ती विद्यालयहरुमा अध्ययन गर्ने कक्षा १-३ मा छात्रा १८१ र छात्र २२८ गरी जम्मा ४०९, कक्षा ४-५ मा छात्रा १५९ र छात्र १५५ गरी जम्मा ३१४, कक्षा ६-८ मा छात्रा २४२ र छात्र २५१ गरी जम्मा ४९३ गरी १ देखी ८ सम्म जम्मा १२१६ जना विद्यार्थीहरु अध्ययनरत छन् ।

तालिका न २ : शिक्षक वितरण २०८२

| आधारभूत तह कक्षा १-५ | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सञ्चालित कक्षा | विद्यालय संख्या | दरवन्दी | राहत | जम्मा | विद्यार्थी संख्या | अनुपात | पालिका | शिक्षण अनुदान | जम्मा | अनुपात |
| जम्मा | ३५ | ८३ | १९ | १०२ | ७२३ | १:७ | २ | ० | १०४ | १:६.९५ |
| प्रति विद्यालय र शिक्षक अनुपात १: २.९१ नोट : न्यूनतम मापदण्ड विद्यार्थी र शिक्षक अनुपात १:२ र १:३ यद्यपि कक्षागत अनुपात १:३ & १:५ रहेको । (Result : No Real Needs ) | | | | | | | | | | |
| आधारभूत तह कक्षा ६-८ | | | | | | | | | | |
| सञ्चालित कक्षा | विद्यालय संख्या | दरवन्दी | राहत | जम्मा | विद्यार्थी संख्या | अनुपात | पालिका | शिक्षण अनुदान | जम्मा | अनुपात |
| जम्मा | १० | १६ | ९ | २५ | ४१५ | १:१६.६ | १६ | १ | ४२ | १:९.८ |
| प्रति विद्यालय शिक्षक अनुपात १ : २.५ नोट : न्यूनतम मापदण्ड १: ३ / ४ र विषयगत समेत ( Result : Real Needs ) | | | | | | | | | | |

यी दरबन्दीहरु नेपालको प्रचलित शिक्षा ऐन, २०२८ (संशोधनसहित) र यस गाउँपालिकाको शिक्षा ऐन, २०७६ अनुसार शिक्षक विद्यार्थीको संख्याको आधारमा तालमेल नमिलेको अवस्थाबाट विद्यालयहरु गुज्रिरहेको बर्तमान अवस्था रहेको छ। विद्यार्थीहरुको सन्दर्भमा बिकट भूगोल, कृषि र पशुपालनमा आधारित आर्थिक अवस्थाका कारण अभिभावकहरुले आफ्ना नानीबाबुहरुलाई विद्यालय समय बाहेक अतिरिक्त समय पठनपाठनका लागि उपलब्ध नगराएका कारण विद्यार्थीहरुको सिकाइ उपलब्धी तथा गुणस्तरमा समेत असर परेको पाईन्छ। शिक्षकको सन्दर्भमा मौजुदा स्वीकृत दरबन्दीमा कार्यरत स्थायी शिक्षकहरु शिक्षक सेवा आयोगबाट सिफारिस भई आएतापनि भौगोलिक बिकटताका कारण परीक्षणकाल सकिने वित्तिकै सरुवा प्रक्रियामा जानाले पठनपाठनमा प्रत्यक्ष असर पर्न गएकाले सोँचेजस्तो शैक्षिक गुणस्तर र उपलब्धि हासिल हुन सकेको छैन।

### ३.२.२ उद्देश्य

- आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,
- आधारभुत तहको शिक्षामा गुणस्तर सुनिश्चत गर्नु,
- आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु,
- विद्यार्थीहरुको सिकाइ उपलब्धी अभिबृद्धि निरन्तर रुपमा मूल्याङ्कन गर्नु,
- विद्यालयमा बालमैत्री,समावेशी र सुरक्षित सिकाइ वातावरण तयार पार्नु,
- विद्यालयको नक्साङ्कन, पुनर्वितरण र समायोजन गर्नु,
- शिक्षकलाई प्राधानाध्यापक र प्रधानाध्यापकलाई स्थानीय तहप्रति जिम्मेवार बनाउनु,
- शिक्षण सिकाइ विधिलाई समय सापेक्ष बनाउनु,
- शिक्षकको तालिम तथा क्षमता विकास कार्यक्रम तयार गर्नु,
- स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्धलाई थप व्यवस्थित गर्नु,
- शिक्षक दरबन्दी पुनर्वितरण तथा समायोजन गर्नु।
- अन्तर विद्यालय सिकाई सहायता संयन्त्र तयार गर्नु।
- सुदृढ विद्यालय व्यवस्थापन सञ्चालनको संस्थागत वातावरण तयार गर्नु।

### ३.२.३ रणनीति

- विद्यालय नक्साङ्कन गर्ने
- विद्यालयहरूको पुनर्वितरण तथा समायोजन गर्ने
- अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षाका लागि कानून तर्जुमा गर्ने
- अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षाका लागि आवश्यक स्रोतको व्यवस्था गर्ने
- विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको यथार्थ विवरण संकलन गरी पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउने
- न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गर्ने
- शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई स्थानीय तह प्रति जवाफदेही बनाउने
- विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्ध सहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने
- विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गर्ने
- सबै विद्यालयहरूमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पुरा गराउने
- शिक्षण सिकाइ विधिमा आवश्यक परिमार्जन गर्ने
- कक्षा ३ सम्म कक्षा शिक्षणलाई कार्यान्वयन गर्ने
- आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने

- मूल्याङ्कनलाई शिक्षण सिकाइकै अभिन्न अंगको रूपमा प्रयोगमा ल्याउने
- विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराई सिकाइमा सुधार ल्याउने
- कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धित क्षमता विकास गर्ने
- शिक्षामा काम गर्ने सबै जनशक्तिको क्षमता विकास र उत्प्रेरणा व्यवस्थापन गर्ने
- विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चाल गर्ने
- विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराउने
- स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्धलाई थप व्यवस्थित गर्ने
- विद्यालय शिक्षालाई विविधता अनुकूल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेश अनुकूल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधता अनकुलको माध्यम भाषाको उपयोग तथा सामाजिक साँस्कृतिक विविधताको सम्मान र समावेश हुने गरी सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गर्ने
- विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने
- विद्यालय शिक्षालाई सूचना तथा प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गर्ने
- दैनिक जीवनसँग सम्बन्धित व्यवहार कुशल सीपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्ने
- अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्न सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन र सुधार गर्ने
- शिक्षक दरबन्दी पुनर्वितरण तथा समायोजन गर्ने
- नतिजा प्रति जवाफदेहिता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यवस्थापकीय पद्धतिमा सुधार गर्ने
- विद्यालयको कार्यसम्पादन र विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरी जवाफदेहिता सुनिश्चित गर्ने
- शिक्षक विकास र सहायता प्रणालीलाई व्यवस्थित गर्ने।

### ३.२.४ प्रमुख उपलब्धि र नतिजा

#### उपलब्धि

- अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि हुनेछ।

#### नतिजा

- सबै बालबालिका आधारभूत शिक्षाको पहुँच प्राप्त भएको हुनेछ,
- सबै विद्यालयले प्राथमिकता प्राप्त सक्षमता (PMEC) पूरा गरेका हुनेछन्,
- न्यूनतम भौतिक पूर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता भएको हुनेछ,
- आवश्यक संख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था हुनेछ,
- बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुनेछ,
- विद्यालयमा पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन हुनेछ,
- विद्यालयमा पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्ध हुनेछ,
- बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका हुनेछन्,
- आधारभूत शिक्षाको भर्ना, सहभागिता तथा सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक समता सूचकमा सुधार हुनेछ,
- विद्यालय शिक्षा प्रणाली प्रकोप, संकट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशील हुनेछ,

- सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइमा सहयोग पुगेको हुनेछ,
- जनशक्तिको क्षमता विकास भई गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुनेछ।
- तोकिएको समयावधिमा भित्र आधारभूत तहको शिक्षा सबै बालबालिकाले पुरा गरेका हुनेछन्।
- शैक्षिक क्षतिको विद्यमान अवस्थामा क्रमीक सुधार भएको हुनेछ।

### ३.२.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य र अनुमानित वजेट

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) २०८३।८४ देखि २०८७।८८ | | | | | | वजेट (५ वर्ष) | स्रोत र जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | घर दैलो अभिभावक भेटघाट तथा वालवालिका भर्ना सहजीकरण | **पटक** | १ | १ | १ | १ | १ | ५ | ५०० | पालिका र विद्यालय |
| २ | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | १ | १ | १ | १ | १ | ५ | ० | शिक्षा शाखा |
| ३ | मापदण्ड अनुसार शिक्षक व्यवस्थापन | जना | २ | २ | २ | २ | २ | १० | ० | पालिका |
| ४ | कक्षा शिक्षण सम्बन्धी शिक्षक तालिम (कक्षा १-३ ) | जना | ३५ | ३५ | ३५ | ३५ | ३५ | १७५ | ७५० | पालिका |
| ५ | बालबालिकाहरूका लागि पठन सामग्री व्यवस्था (कक्षा १-३ ) | पटक | १ | १ | १ | १ | १ | ५ | ७५० | पालिका |
| ६ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | ७५० | पालिका |
| ७ | शिक्षक क्षमता विकास (एकीकृत र विषयगत ) | जना | ३५ | ३५ | ३५ | ३५ | ३५ | १७५ | ७५० | पालिका |
| ८ | सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास तालिम | विद्यालय | ३५ | ३५ | ३५ | ३५ | ३५ | १७५ | ७५० | पालिका |
| ९ | विद्यालय पोषण तथा दिवाखाजाको प्रबन्ध (प्रति दिन प्रति जना Rs ५) - कक्षा १- ५ | विद्यार्थी | ८५० | ८५० | ८५० | ८५० | ८५० | ४२५० | ३८२५ | पालिका |
| १० | निशुल्क पाठ्यपुस्तक व्यवस्था (स्थानीय समेत) | सवै | १ | १ | १ | १ | १ | ५ | ० | संघ सरकार |
| ११ | डिजिटल सिकाई र सन्दर्भ सामग्रीको व्यवस्था | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १५०० | पालिका र ससर्त |
| १२ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान (प्रति कक्षा रु ५००० ) | बार्षिक | २९ | २९ | २९ | २९ | २९ | १४५ | ३६५० | पालिका |
| १३ | कक्षाकोठामा आधारित मूल्याङ्कन - विद्यालयस्तर | मासिक | १२ | १२ | १२ | १२ | १२ | ६० | ० | विद्यालय |
| १४ | विव्यस, शिअसं का पदाधिकारीहरूको क्षमता विकास ( आन्तरिक र वाह्य ) | पटक | १ | १ | १ | १ | १ | ५ | ४५० | पालिका |
| १५ | अभिभावक अन्तक्रिया र सहभागिता -वडास्तर | पटक | ५ | ५ | ५ | ५ | ५ | २५ | ६२५ | पालिका र वडा |
| १६ | उत्कृष्ट शिक्षकलाई पुरस्कारको व्यवस्था | जना | ५ | ५ | ५ | ५ | ५ | २५ | २५० | पालिका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १७ | सुन्य NG अभियान ( BEE ) | विद्यालय | आवश्यकता अनुसार | | | | | १० | ८७५ | पालिका |
| | कमजोर विद्यार्थीको लागि Booster Class र अति कमजोरका लागि Zero Class | विद्यालय | आवश्यकता अनुसार | | | | | १७५ | ० | विद्यालय |
| १८ | घर शिक्षा कार्यक्रम एवम् अभिभावक परामर्श | वडास्तर | ५ | ५ | ५ | ५ | ५ | २५ | ६२५ | विद्यालय र वडा |
| १९ | कक्षाकोठा वुक कर्नर र पाठ्यसामग्रीको व्यवस्था (कक्षा१-५ ) | विद्यालय | २५ | २५ | २५ | २५ | २५ | १२५ | ६२५ | पालिका र विद्यालय |
| | वुक कर्नर एवम् पुस्तकालय सामग्रीको व्यवस्था (कक्षा ६-८ ) | विद्यालय | ७ | ७ | ७ | ७ | ७ | ३५ | ८७५ | पालिका र विद्यालय |
| २० | स्थानीय शैक्षिक सामग्री संकलन निर्माण र प्रयोग | विद्यालय | ३५ | ३५ | ३५ | ३५ | ३५ | १७५ | ० | विद्यालय |
| २१ | मेरो विद्यालय मेरो योगदान ( स्थानिय विज्ञ परिचालन ) | विद्यालय | आवश्यकता अनुसार | | | | | ७ | ० | विद्यालय र समुदाय |
| २२ | नियमित शिक्षण योजना निर्माण र सहजीकरण | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्त र | ६ | ० | विषय शिक्षक र विषयगत समिति |
| २३ | असल अभ्यास अवलवोकन तथा सिकाई अनुभव विनिमय कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | पालिका |
| २४ | सिकाई विविधतामा आधारित सिकाईसहजीकरणका लागि कार्यमूलक अनुन्धान र घटना अध्ययन | पटक | १ | १ | १ | १ | १ | ५ | ० | विद्यालय र शिक्षक |
| २५ | पोर्टफोलियोको व्यवस्था र प्रयोग ( कक्षा ४ र ५ ) | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ३५ | ० | विद्यालय र पालिका |
| २६ | पालिका शिक्षक | शिक्षक | १६ | १६ | १६ | १६ | १६ | ८० | ७२२५ | पालिका |
| २७ | घुम्ति कक्षा व्यवस्थापन | संख्या | १ | १ | १ | १ | १ | ५ | २५० | पालिका |
| | घुम्ति कक्षा सञ्चालन (आमा विद्यालयको व्यवस्थापनमा ) | कक्षा | १ | १ | १ | १ | १ | ५ | ० | आमा विद्यालय |
| जम्मा(आन्तरिक स्रोत ) | | | ५१०५ | ५१०५ | ५१०५ | ५१०५ | ५१०५ | | २५५२५ | **आधार बर्ष ०८२।८३** |

## ३.३ माध्यमिक शिक्षा

### परिचय

श्रमप्रति सकारात्मक भावना भएका सिपमूलक जनशक्ति उत्पादन गर्ने माध्यमिक तहको शिक्षालाई साधारण, व्यवसायिक र संस्कृत गरी तीन धारमा बाँडिएको छ। विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यान्वयन सँगै कक्षा (९–१२) मा प्राविधिक तथा व्यवसायिक धारको सुरुवात गरिएको छ। यो तहको शिक्षा कामको संसाधन प्रवेश गर्न सक्ने सिप सहितको नागरिक विकास तथा उच्च शिक्षाको लागि तयारीको आधार पनि हो। नेपालको शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसारको पाठ्यक्रमको कार्यान्वयन वि.स. २०७७ बाट प्रारम्भ भएको छ। नेपालको वर्तमान संविधानले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ ले पनि प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ।

राष्ट्रिय शिक्षा नीति, २०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै यसबाट सिर्जनशिलता रचनात्मकता,अध्ययनशिलता,सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी सीपयुक्त एवम् उत्पादनशिल जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ। विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति,२०७६ ले विद्यालय तहदेखिनै परम्परागत मौलिक ज्ञान, प्रविधि तथा सिपका वारेमा अध्ययन अध्यापन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनसिलता अभिवृद्धि गर्ने रणनीति लिएको छ।

### ३.३.१ वर्तमान अवस्था

सिलीचोङ गाउँपालिकामा रहेका सामुदायिक माध्यमिक विद्यालयहरुको जम्मा संख्या ६ रहेको छ। जसमा कक्षा ९ देखि १० सञ्चालित विद्यालयमा जम्मा वितरित दरबन्दी संख्या स्वीकृत ८, राहत दरबन्दी संख्या १० गरी कुल दरबन्दी संख्या १८ रहेको छ। कक्षा ११ देखि १२ सञ्चालित सगरमाथा माध्यमिक विद्यालय ताम्कुमा जम्मा दरबन्दी संख्या २ रहेको छ। त्यसैगरी प्राविधिक धार सञ्चालन भएको सोही विद्यालयमा शिक्षक २, प्रशिक्षक ४, सहायक प्रशिक्षक २ र ल्याव असिस्टेन्ट १ गरी जम्मा ९ दरबन्दी रहेको छ।

तालिका न ३ : शिक्षक वितरण २०८२

| माध्यमिक तह कक्षा ९-१० | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सञ्चालित कक्षा | विद्यालय संख्या | दरवन्दी | राहत | जम्मा | विद्यार्थी संख्या | अनुपात | पालिका | शिक्षण अनुदान | जम्मा | अनुपात |
| ९-१० | ५ | ४ | ९ | १३ | | | | | | |
| ९-१२ | १ | ४ | १ | ५ | | | | | | |
| ९-१२ | १ प्राविधिक धार | | | ७ | | | | | | |
| जम्मा | ६ | ८ | १० | १८ | २८५ | १:१५.८३ | १ | २ | २० | १:१४.२५ |
| प्रति विद्यालय शिक्षक अनुपात १: २.६ नोट : न्यूनतम मापदण्ड १: ५ र विषयगत समेत ( Result : Real Needs ) | | | | | | | | | | |
| माध्यमिक तह कक्षा ९-१२ | | | | | | | | | | |
| सञ्चालित कक्षा | विद्यालय संख्या | दरवन्दी | राहत | जम्मा | विद्यार्थी संख्या | अनुपात | पालिका | शिक्षण अनुदान | जम्मा | अनुपात |
| ९-१२ | १ | ४ | १+२ | ७ | | | | | | |
| ९-१२ | १ प्राविधिक धार | | | ७ | | | | | | |
| जम्मा | ६ | ८ | १२ | २० | | १:१५.७५ | ० | २ | २२ | १:१४.३१ |
| प्रति विद्यालय शिक्षक अनुपात १: ७ नोट : न्यूनतम मापदण्ड १: ७ र विषयगत समेत (Result : No Real Needs) | | | | | | | | | | |

यी दरबन्दीहरु नेपालको प्रचलित शिक्षा ऐन, २०२८ (संशोधनसहित) र सिलीचोङ गाउँपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन,२०७६ अनुसार शिक्षक विद्यार्थी संख्याको आधारमा तालमेल नमिलेको अवस्थाबाट विद्यालयहरु गुज्रिरहेको बर्तमान अवस्था रहेको छ। विद्यार्थीहरुको सन्दर्भमा बिकट भूगोल, कृषि र पशुपालनमा आधारित आर्थिक,सामाजिक अवस्थाका कारण अभिभावकहरुले आफ्ना नानीबाबुहरुलाई विद्यालय समय बाहेक अतिरिक्त समय पठनपाठनका लागि

उपलब्ध नगराएका कारण विद्यार्थीहरुको सिकाइ उपलब्धि तथा गुणस्तरमा समेत असर परेको पाईन्छ। शिक्षकको सन्दर्भमा मौजुदा स्वीकृत दरबन्दीमा कार्यरत स्थायी शिक्षकहरु शिक्षक सेवा आयोगबाट सिफारिस भई आएपनि भौगोलिक बिकटताका कारण परीक्षणकाल सकिने वित्तिकै सरुवा प्रक्रियामा जानाले पठनपाठनमा प्रत्यक्ष असर पर्न गएकाले अपेक्षित शैक्षिक गुणस्तर र उपलब्धि हासिल हुन सकेको छैन।

### ३.३.२ उद्देश्य

- माध्यमिक शिक्षामा सबैको पहुँच तथा सहभागिता सुनिश्चित गर्नु,
- माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु,
- विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी, र सुरक्षित बनाउनु,
- सबै माध्यमिक विद्यालयहरुमा दक्ष शिक्षकको व्यबस्थापन गर्नु,
- शिक्षक तथा विद्यार्थी सम्मान कार्यक्रम सञ्चालन गर्नु,
- माध्यमिक तहमा विद्यार्थी टिकाउ दरमा अभिबृद्धि गर्नु,
- शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था गर्ने,
- नि:शुल्क माध्यमिक शिक्षामा पहुँच अभिवृद्धि गर्नु,
- समय- समयमा विद्यालय निरीक्षण तथा सुपरिवेक्षण गरी सिकाइ उपलब्धी अभिबृद्धि गर्नु,
- सबै विद्यालयमा सिकाई वडापत्रको व्यवस्था सहित शैक्षिक क्षतिमा सुन्यता कायम गर्नु।
- शिक्षण सिकाईमा नवीन विधि र प्रविधि सहित नवप्रवर्तनात्मक सिकाई सहजीकरण सुनिश्चित गर्नु।
- विषयगत शिक्षण जनशक्तिको व्यवस्थापन गरी सिकाई अवसर प्रदान गर्नु।

### ३.३.३ रणनीति

- विद्यालयहरूको नक्साङ्कन गर्ने,
- सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूको पुनर्वितरण, समायोजन तथा स्थापना गर्ने,
- नि:शुल्क माध्यमिक शिक्षामा पहुँच अभिवृद्धि गर्ने,
- माध्यमिक तहमा खुद भर्नादर र टिकाउदर बढाउने,
- विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने ,
- वैकल्पिक माध्यमका कार्यक्रम सञ्चालन गर्ने,
- सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने,
- माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने,
- शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था गर्ने,
- शिक्षकहरूका लागि अभिप्रेरणाका कार्यक्रमहरू सञ्चालन गर्ने,
- शिक्षण सिकाइ पद्धतिमा सुधार गर्ने,
- हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्ने,
- विद्यालयहरूलाई प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशील बनाउने,
- विज्ञान विषय अध्ययनका लागि विद्यार्थीहरूलाई आकर्षित गर्न पूर्वाधार सहितको व्यवस्था गर्ने ,
- सक्षम र उत्प्रेरित प्रअको व्यवस्था गर्ने,
- आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणाली विकास गर्ने,
- समय -समयमा विद्यालयको अनुगमन तथा मूल्याङ्कन गर्ने।

### ३.३.४ प्रमुख उपलब्धि र नतिजा

#### उपलब्धि

- माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुनेछ।

#### प्रमुख नतिजा

- सबै बालबालिकाहरूलाई नि:शुल्क माध्यमिक शिक्षाको पहुँच सुनिश्चत भई खुद भर्ना तथा टिकाउ दरमा वृद्धि हुनेछ,
- सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पूरा गरेको हुनेछ,
- माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुनेछ,
- पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता, उत्प्रेरित शिक्षकको व्यवस्थापन, प्रविधिको समुचित प्रयोग, र उचित सिकाइ वातावरणको निर्माण भएको हुनेछ,
- माध्यमिक शिक्षा पुरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुनेछ,
- माध्यमिक शिक्षाको भर्ना, सहभागिता र सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक लगायतका समता सूचकमा सुधार हुनेछ,
- माध्यमिक विद्यालयहरू प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील हुनेछ,
- सूचना तथा सञ्चार प्रविधिको उपयोग भई विद्यार्थीको सिकाइमा सहयोग पुगेको हुनेछ,
- माध्यमिक तहको शिक्षामा सुशासन कायम हुनेछ,
- माध्यमिक तहमा गुणस्तरीय शिक्षा प्रवाह हुनेछ।
- Green Clean Peace & Saftey School स्वघोषणाको थालनी भएको हुनेछ।
- विद्यार्थीहरुले वृत्ति विकास निर्देशनको अवसर प्राप्त गरेका हुनेछन्।
- विद्यार्थीहरु शतप्रतिशत उत्तीर्ण एवम् सुन्य शैक्षिक क्षतिको वातावरण कायम हुनेछ।

### ३.३.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य र अनुमानित वजेट

| क्र.स. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) २०८३।८४ देखि २०८७।८८ | | | | | | वजेट (५ वर्ष) | स्रोत र जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक पर्ने ऐन, कानुन, कार्यविधि, निर्देशिका तयारी र परिमार्जन | पटक | १ | १ | १ | १ | १ | ५ | २५० | पालिका |
| २ | विद्यालय सेवा क्षेत्रको सिमांकन गरी हरेक माध्यमिक विद्यालयको सेवा क्षेत्र एकीन गर्ने र सिमाङ्कन भित्रका बालबालिकाहरू भर्नाको सुनिश्चितताको लागि विद्यालयमा नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | पालिका |
| ३ | माध्यमिक शिक्षामा विज्ञान प्रविधि, इन्जिनियरिङ, कला र गणित शिक्षा (STEAM) कार्यक्रम | निरन्तर | ६ | ६ | ६ | ६ | ६ | ३० | १५०० | पालिका र प्रदेश |
| ५ | प्रविधि तथा व्यवहार कुशल सिपहरूको एकीकरण तथा विद्यार्थी मूल्याङ्कन सम्बन्धी शिक्षक क्षमता विकास | जना | १ | १ | १ | १ | १ | ५ | ७५० | पालिका र प्रदेश |
| ६ | विव्यस, पिटीए पदाधिकारीहरूको क्षमता विकास र अभिमुखीकरण | जना | १ | १ | १ | १ | १ | ५ | २५० | प्रदेश तथा पालिका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | सिकाइका लागि सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगका लागि आश्यक संरचना, सामग्री तथा क्षमता विकास | निरन्तर | १ | १ | १ | १ | १ | ५ | ७५० | सङ्घ र पालिका |
| ८ | आर्थिक रूपमा विपन्नका लागि ड्रेस तथा स्टेशनरी सहयोग | विद्यार्थी सङ्ख्या | २५ | २५ | २५ | २५ | २५ | १२५ | १२५० | स्थानीय संघसंस्था र पालिका |
| ९ | विद्यालय व्यवस्थापन तथा सञ्चालन अनुदान | विद्यालय | ६ | ६ | ६ | ६ | ६ | ३० | ३००० | पालिका |
| १० | कक्षाकोठामा आधारित मूल्यांकनलाई शिक्षण सिकाइ प्रकृयामा एकीकृत गर्ने गरी सुधार तथा प्रयोग | निरन्तर | ६ | ६ | ६ | ६ | ६ | ३० | १५०० | पालिका |
| ११ | उत्कृष्ट शिक्षक पुरस्कार व्यवस्था (Top Five ) | जना | ५ | ५ | ५ | ५ | ५ | २५ | २५० | पालिका |
| १२ | घर शिक्षा कार्यक्रम एवम् अभिभावक परामर्श | वडा | ५ | ५ | ५ | ५ | ५ | २५ | ६२५ | पालिका र वडा |
| १३ | सुन्य NG कार्यक्रम (SEE ) | विद्यालय | ६ | ६ | ६ | ६ | ६ | ३० | १५०० | पालिका र विद्यालय |
| | कमजोर विद्यार्थीका लागि Treatment Class | विद्यालय | ६ | ६ | ६ | ६ | ६ | ३० | ० | विद्यालय |
| १४ | शिक्षक प्रतिवद्धता ( TST & शतप्रतिशत उत्तीर्ण) | विद्यालय | ६ | ६ | ६ | ६ | ६ | ३० | ० | विद्यालय |
| | विद्यार्थी प्रतिवद्धता ( ग्रेड वृद्धि / उत्तीर्ण ) | विद्यालय | ६ | ६ | ६ | ६ | ६ | ३० | ० | विद्यालय |
| १५ | मेरो विद्यालय मेरो योगदान (स्थानिय विज्ञ परिचालन ) | विद्यालय | आवश्यकता अनुसार | | | | | ६ | ० | विद्यालय र समुदाय |
| १६ | असल अभ्यास एवम् सिकाई अनुभव विनिमय कार्यक्रम (आन्तरिक र वाह्य ) | विद्यालय | १ | १ | १ | १ | १ | ५ | २५० | पालिका र विद्यालय |
| १७ | Clean Green Peace & Safety School स्वघोषणा | विद्यालय | १ | १ | १ | १ | १ | ५ | २५० | विद्यालय |
| १८ | विद्यार्थी परामर्श एवम् वृत्तिनिर्देशन | पटक | १ | १ | १ | १ | १ | ५ | २५० | विद्यालय |
| १९ | नियमित शिक्षण योजना निर्माण र सहजीकरण | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्त र | ६ | ० | विषय शिक्षक र विषयगत समिति |
| २० | शिक्षण सिकाईमा नवप्रवर्तनात्मक सिकाई अवधारणाको प्रयोग - शिक्षण विधि र प्रविधि | विद्यालय | आवश्यकता अनुसार | | | | | ६ | ० | विषयगत शिक्षक समिति |
| २१ | विद्यालय वसको व्यवस्था (आन्तरिक शेयर %) एक पालिका एक वस | विद्यालय | १ | १ | १ | १ | १ | ५ | २५०० | प्रदेश र पालिका |
| जम्मा(आन्तरिक स्रोत ) | | | २४७५ | २४७५ | २४७५ | २४७५ | २४७५ | | १२३७५ | आधार वर्ष ०८२।८३ |

## ३.४ प्राविधिक शिक्षा तथा व्यवसायिक सीप विकास

### परिचय

शिक्षा विकासको संवाहक मात्र नभई पूर्वाधार विकासको पनि पूर्वाधार हो । त्यस्तै वर्तमान समयमा विकासको मूल आधार नै प्राविधिक तथा व्यवसायिक शिक्षा हो भन्न कठीनाई छैन । रोजगार एवम् स्वरोजगारको मेरुदण्डको रुपमा प्राविधिक तथा व्यवसायिक सीप विकासलाई लिने गरिएको छ । प्राविधिक तथा व्यवसायिक शिक्षाले बालबालिकाहरुमा आत्मनिर्भर र स्वरोजगार वन्न सहयोग गर्छ । वोली खाने शिक्षा भन्दा पनि गरी खाने शिक्षा प्रति अभिभावकको चासो र विद्यार्थीहरुको रुचीलाई सम्वोधन गर्न नेपाल सरकारले सामुदायिक विद्यालयहरुमा माध्यमिक तह देखि प्राविधिक धारको रुपमा कक्षा ९ देखि १२ सम्म प्राविधिक तथा व्यवसायिक शिक्षालाई समावेश गरेको छ । उक्त तहमा प्राविधिक तथा व्यवसायिक शिक्षा अन्तर्गत कृषि,पशु,ईन्जिनियरिङ लगायतका प्राविधिक विषयहरुमा अध्ययनको अवसर प्रदान गरिएको छ । " एक पालिका एक प्राविधिक विद्यालय" को नीतिगत व्यवस्था भए अनुसार शिक्षा तथा मानवश्रोत विकास केन्द्रवाट प्रत्येक वर्षका लागि निश्चित संख्यामा विद्यालयको माग र सम्बन्धित पालिकाको सिफारिसमा उक्त प्राविधिक धार तर्फको शैक्षिक कार्यक्रमका लागि तोकिएको मापदण्ड र सूचकका आधारमा विद्यालय छनोट हुने गरेको छ । कतिपय पालिकाहरुले उक्त कार्यक्रमको सिमितता र फरक विषयमा कक्षा सञ्चालन गर्न सिटिईभिटीबाट सम्बन्धन लिई एनेक्स कार्यक्रमको रुपमा सञ्चालन गरेको पनि पाईन्छ । यस सिलिचोङ गाउँपालिकाका माध्यमिक विद्यालयमध्ये एक विद्यालयमा प्राविधिक धार तर्फको कार्यक्रम सञ्चालन रहेको छ । समुदाय र अभिभावकको चाहाना यहाँको आवश्यकता र संभावना रहेको क्षेत्र कृषि र पशु विज्ञान तर्फको प्राविधिक शिक्षामा रहेको छ । यस गाउँपालिका कृषि वाली र पशु पालनको पकेट क्षेत्रको रुपमा परिचित पनि रहेको छ । यद्यपि यो क्षेत्र होमस्टे र पदमार्ग पर्यटनको प्रचुर संभावना रहेको क्षेत्र पनि हो । यसको महत्व र आवश्यकतालाई सम्वोधन गर्न निजी क्षेत्रसंग समन्वय गरि अल्पकालिन स्वरोजगार मूलक सिप र तालिमको अवसरका लागि पालिका प्रयासरत रहेको छ ।

### ३.४.१ वर्तमान अवस्था

- गाउँपालिकामा एक वटा माध्यमिक विद्यालयमामा प्राविधिक धार सञ्चालनमा रहेको
- चालु शैक्षिक सत्र करिव २८५ बालबालिकाले माध्यमिक तहमा अध्ययनरत रहेको
- प्राविधिक धार तर्फको अन्य विषय अध्ययन गर्न अन्यत्र जानु पर्ने वाध्यता रहेको
- संघ वा प्रदेश सरकारबाट प्राप्त हुने प्राविधिक धार तर्फको शैक्षिक कार्यक्रम सञ्चालनको माग तर नीतिगत प्रावधानले रोकेको
- गाउँपालिकामा सञ्चालित कुनै पनि माध्यमिक विद्यालयले स्वरोजगार एवम् रोजगारन्मुख विषय व्यवस्थापन सञ्चालन नगरेको
- माध्यमिक विद्यालयहरुमा विद्यार्थीहरुको मागलाई सम्वोधन गर्न वैदेशिक भाषा शिक्षण तालिमको अवसर प्राप्त नभएको
- माध्यमिक विद्यालयहरुमा रैथाने ज्ञान सीप र परम्परगत प्रविधिको सिकाईको अवसर प्रदान गर्न नसकिएको
- निजी क्षेत्रका तालिम प्रदायक संस्था तथा गाउँपालिकाका विषयगत शाखा (कृषि, पशु , शिक्षा , लघुउद्यम र प्रधानमन्त्री रोजगार कार्यक्रम र महिला बालबालिका तथा ज्येष्ठनागरिक शाखा ) ले विद्यालयमा अध्ययनरत र अध्ययन पश्चात युवा उद्यमीलाई छोटो अवधिका सीप विकास कार्यक्रममा सहभागिता हुने अवसर प्रदान गरेको
- स्थानीय उत्पादन र जल जडीवुटी र पदमार्ग पर्यटन प्रवर्द्धनसंग सम्बन्धि ज्ञान र सीप सहित स्वरोजगार उन्मुख क्षेत्र रहेको

**तालिका न ४ : विद्यार्थी प्रवाह स्थिति**

| आधारभूत तह ६-८ | माध्यमिक तह ९-१० | माध्यमिक तह ११-१२ | कक्षा ९-१२ प्राविधिक धार |
|---|---|---|---|
| ४१५ | २८५ | ३० | १ |

१ माध्यमिक विद्यालयको कक्षा ९ देखि १२ सम्म प्राविधिक धार तर्फ अध्ययनरत विद्यार्थी संख्या

| कक्षा ९ | कक्षा १० | कक्षा ११ | कक्षा १२ | जम्मा |
|---|---|---|---|---|
| ११ | १४ | ३ | ६ | ३४ |

### समस्या

- स्थानीय आवश्यकतामा आधारित ज्ञान सीप र प्रविधिमा आधारित विषय केन्द्रित प्राविधिक धारको शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिएको ।
- गाउँपालिकाका सबै वडाका बालबालिकाका लागि सहज पहुँच नभएकोले पढ्नमा कम चासो रहेको
- गाउँपालिकाको आफ्नो लगानी एवम् अभिभावकको लगानीमा प्राविधिक धार तर्फ शैक्षिक कार्यक्रम सञ्चालन गर्न खर्चिलो रहेको
- अभिभावकको अधिक चासो र विद्यार्थीको रुचीलाई सम्वोधन गर्न नसकिएको
- आवासीय सुविधा सहितको अध्ययनको लागि स्रोतको अभाव रहेको
- स्थानीय स्वरोजगार र व्यवसायमूलक व्यवसायिक तालिम सञ्चालन गर्न नसकिएको
- अम्रिसो , अल्लो , अलैची , रुद्राक्ष लगायत सुन्तला र आलु लगायतका स्थानीय उपजलाई व्यवसायमूलक वनाउन नसकिएको

### अवसर

- गाउँपालिका भित्र माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीहरुको संख्या ३८४ जना रहेको
- छिमेकी पालिकाका बालबालिकाको लागि पायक पर्ने क्षेत्र भएको
- आवासीय सुविधाको पनि व्यवस्था गर्न सकिने नीतिगत प्रावधान रहेको
- गाउँपालिकाको शिक्षा नीतिमा प्राविधिक शिक्षा तथा व्यवसायिक सीप विकास कार्यक्रम प्राथमिकतामा परेको
- प्राविधिक शिक्षा एवम् व्यवसायिक सीप प्रवर्द्धनका कार्यक्रम (जस्तै : पढ्दै -कमाउदै , कमाउदै-सिक्दै ) प्रति विद्यालयको चासो र विद्यार्थीहरु ईच्छुक रहेको
- प्राविधिक शिक्षा एवम् व्यवसायिक सीप प्रवर्द्धनका कार्यक्रम जस्तै पढ्दै कमाउदै कार्यक्रम प्रति अभिभावक सकारात्मक देखिएको
- पालिकाका अधिकाशं क्षेत्र कृषि र पशुपालन पकेट क्षेत्रको रुपमा रहेकोले बाली र पशु विज्ञानको प्राविधिक धारको कार्यक्रम सञ्चालनका लागि उपयुक्त रहेको
- गाउँपालिकाको आवधिक रणनीतिक योजनामा प्राविधिक शिक्षा तथा व्यवसायिक सीप विकास कार्यक्रम प्राथमिकतामा रहेको
- पालिका र स्थानीय उद्यमीहरुहरुको साझेदारीमा सिटिईभिटीको एनेक्स कार्यक्रम सञ्चालन गर्न संभावना रहेको

### ३.४.२ उद्देश्य

- प्राविधिक तथा व्यवसायिक सीप विकासमा पहुँच अभिवृद्धि गर्नु
- प्राविधिक तथा व्यवसायिक सीप विकासका अवसर सिर्जना गर्न संयन्त्र विकास गर्नु
- प्राविधिक तथा व्यवसायिक सीप प्रति अभिभावक सचेतना जगाई न्यूनतम लगानीको वातावरण तयार गर्नु
- पढ्दै कमाउदै कार्यक्रम एवम् विद्यालय आय आर्जन कार्यक्रमको माध्यमवाट विद्यार्थीको सिकाइ आवश्यकता सम्वोधन गर्नु
- पढ्दै कमाउदै कार्यक्रमवाट विद्यार्थीहरुको घरका कृषि उपजलाई दिवा खाजाका लागि उपयोग गर्नु
- स्थानीय विज्ञलाई वुक फ्रि डे का लागि आमन्त्रण गरी विद्यालय र विद्यार्थीहरुले रैथाने ज्ञान र सीप हासिल गर्नु
- माध्यमिक तह / आधारभूत तह विद्यालयहरुका लागि"एक विद्यालय एक करेसावारी " अभियान सञ्चालन गर्नु
- आधारभूत कक्षा (१-५) विद्यालयका लागि"एक विद्यालय एक फूलवारी"अभियान सञ्चालन गर्नु
- स्थानीय ज्ञान सीप र प्रविधिको प्रवर्द्धन सहित स्वरोजगारको अवसर सिर्जना गर्नु ।
- स्थानीय उत्पादन : अम्रिसो अलैची अल्लोको व्यवसायिकरण पदमार्ग पर्यटनमा विद्यार्थीहरुको सहभागिता सुनिश्चित गर्नु ।
- स्थानीय जलविद्युतको क्षेत्रमा युवा प्राविधिक जनशक्ति परिचालनको वातावरण तयार गर्नु ।

### ३.४.३ रणनीति

- स्वरोजगार एवम् आयआर्जनका केन्द्रित कार्यक्रम सञ्चालन गरी आत्मनिर्भर हुन संस्थागत क्षमता वृद्धि गर्ने
- सिटिईभिटीबाट सञ्चालित स:शुल्क एनेक्स कार्यक्रमको विकल्पमा नि:शुल्क प्राविधिक धार शैक्षिक कार्यक्रम सञ्चालन गर्ने
- एक पालिका एक प्राविधिक विद्यालयको कार्यक्रम निरन्तर कार्यान्वयन गर्ने
- प्राविधिकधार तर्फको थप शैक्षिक कार्यक्रमको लागि विद्यालयले प्रस्तावना पत्र र पालिकाको सिफारिस सहित माग गर्ने
- वडास्तरमा लिडर र फिडर विद्यालयको रुपमा कलष्टर वनाई पढ्दै कमाउदै कार्यक्रम सञ्चालन गर्ने
- निर्वाहमुखी कृषि उपजलाई व्यवसायिक कृषि उपजमा रुपान्तरण गर्न सबै (६-१२) पढ्दै कमाउदै कार्यक्रमका लागि विद्यार्थी र विद्यालयलाई प्रोत्साहन गर्ने
- पढ्दै कमाउदै कार्यक्रमका लागि पालिका भित्रका शिक्षा कृषि / पशु विकास शाखासँग समन्वयमा आमन्त्रित स्थानीय विज्ञ सहित एउटा प्राविधिक सहजीकरण समिति गठन र कार्यक्रम सहजीकरणका लागि परिचालन गर्ने
- प्रत्येक वडाका विद्यालयहरुमा वुक फ्रि डे कार्यक्रम सञ्चालन गर्ने
- प्रत्येक वडामा एक विद्यालय एक करेसवारी अभियान सञ्चालन गर्ने
- प्रत्येक वडामा एक विद्यालय एक फूलवारी अभियान सञ्चालन गर्ने
- पढ्दै कमाउदै कार्यक्रमका लागि अभिभावक सचेतना कार्यक्रम सञ्चालन गर्ने
- विद्यालय आय आर्जन कार्यक्रमका लागि विद्यालयलाई (विउपूँजी) अनुदान उपलब्ध गर्ने

### ३.४.४ प्रमुख उपलब्धि र नतिजा

#### उपलब्धि

- विद्यार्थीहरुमा रोजगारी उद्यमशीलता एवम् स्वरोजगार र जिविकोपार्जनका अवसरमा वृद्धि हुनेछ
- विद्यार्थीहरुमा गरी खाने शिक्षा सहित जीवनपयोगी सीप एवम् व्यवहार कुशलसीप हासिल भएको हुनेछ
- विद्यार्थी एवम् घर परिवारका सदस्यको जीवनस्तरमा सुधार हुनेछ
- स्थानीय तहमा भएका रैथाने एवम् परम्परागत सीपको पहिचान र प्रमाणिकरण हुनेछ

#### नतिजा

- आफ्नै घर आंगनमा प्राविधिक शिक्षाको अध्ययन तथा व्यवसायिक सीप विकासको अवसर प्राप्त हुनेछ
- पढ्दै कमाउदै कार्यक्रमवाट विद्यार्थीको सिकाइ सामग्रीको खाँचो पूरा हुनेछ
- पढ्दै कमाउदै कार्यक्रमवाट आम्दानी र खर्चको आधारमा बचत गर्ने वानीको विकास हुनेछ
- घरपरिवारमा भएको उपजको लागि आफ्नै विद्यालय बजार भई घरायसी दैनिक समस्याको समाधान हुनेछ
- प्रत्येक माध्यमिक विद्यालयमा करेसावारी तयार भएको हुनेछ
- पढ्दै कमाउदै कार्यक्रमको लागि पालिकास्तरमा एक प्राविधिक सहजीकरण समिति वा संयन्त्र गठन हुनेछ

### ३ .४ .५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य तथा अनुमानित वजेट

| क्र. सं. | प्रस्तावित कार्यक्रम एवम् क्रियाकलाप | ईकाई | भौतिक लक्ष्य (५ वर्ष) २०८३।८४ देखि २०८७।८८ | | | | | ५ वर्षको जम्मा | बजेट रु००० | जिम्मेवारी र स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | पढ्दै कमाउदै कार्यक्रम करेशावारी ( अलैची / अम्रिसो सुन्तला/ आलु / फूल खेती ) | विद्यालय/ बार्षिक | १० | १० | १० | १० | १० | ५० | २५०० | विद्यालय र पालिका |
| ३ | पढ्दै कमाउदै कार्यक्रम कार्यान्वयनमा सहजीकरण | आवश्यकता अनुसार | १ | १ | १ | १ | १ | ५ | ५०० | पालिका / अन्तर शाखा ( शिक्षा कृषि र पशु ) |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सयन्त्र गठन र परिचालन (पालिकास्तर ) | | | | | | | | |
| ४ | स्थानीय विज्ञलाई आमन्त्रित स्रोतव्यक्तिको रुपमा परिचालन | वडास्तर | ५ | ५ | ५ | ५ | ५ | २५ | ६२५ | समुदाय |
| ५ | पढ्दै कमाउदै कार्यक्रम कार्यान्वयनका लागि लिडर विद्यालयको व्यवस्था (वडास्तर ) | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | ६२५ | सम्बन्धित वडा |
| ६ | पढ्दै कमाउदै कार्यक्रमका लागि अनुदान स्वरोजगार केन्द्रित -अल्लो कपडा सामग्री | विद्यालय | ६ | ६ | ६ | ६ | ६ | ३० | ३००० | पालिका र समुदाय |
| ८ | व्यवहार कुशलसीप सिकाइ प्रवर्द्धन कार्यक्रम -विद्यालयस्तर - स्थानीय उत्पादन र व्यवसाय प्रवर्द्धन | विद्यालय | ७ | ७ | ७ | ७ | ७ | ३५ | १७५० | पालिका र विद्यालय अभिभावक |
| ७ | पढ्दै कमाउदै कार्यक्रमका लागि अभिभावक सचेतना कार्यक्रम (वडास्तर) | जना / पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | पालिका र विद्यालय |
| ९ | स्थानीय पालिकाको साझेदारी प्राविधिक सीप विकास कार्यक्रम | ओजेटी वा ईन्टर्नसिप | १ | १ | १ | १ | १ | ५ | १२५० | पालिका र स्थानीय उद्यमी |
| १० | प्राविधिक धार कार्यक्रम सञ्चालन र व्यवस्थापन | विद्यालय १ | १ | १ | १ | १ | १ | ५ | ० | संघ प्रदेश ससर्त |
| ११ | रैथाने सीप परीक्षण र प्रमाणिकरण कार्यक्रम (पालिकास्तर) | जना /बार्षिक | १ | १ | १ | १ | १ | ५ | ० | सशर्त |
| जम्मा (आन्तरिक स्रोत ) | | | २१५० | २१५० | २१५० | २१५० | २१५० | | १०७५० | **आधार वर्ष ०८२।८३** |

## ३.५. अनौपचारिक तथा आजीवन सिकाइ

### परिचय

औपचारिक पद्धति भन्दा बाहिर फरक समयमा विभिन्न उमेर समूहमा दिइने शिक्षा नै अनौपचारिक शिक्षा हो। यो एउटा निरन्तर प्रक्रिया पनि हो। औपचारिक शिक्षा प्रणालीको संरचना भन्दा बाहिर मानव जीवनका लागि आवश्यक ज्ञान, सीप र प्रक्रियाका प्रशोधन गर्न जीवनपर्यन्त अर्थात् आजीवन सिकाइ प्रणाली अनौपचारिक शिक्षा हो। अनौपचारिक शिक्षा त्यस्तो सांस्कृतिक केन्द्र हो जहाँ सहभागीहरू आफ्ना जीवनमा आइपर्ने समस्याहरूको बारेमा छलफल र समाधानका उपायहरू खोजी निर्णय कार्यान्वयन गर्दछन्। आफ्नो जीवनको इतिहास आफै लेख्छन्। तसर्थ सिकाइ जीवन पद्धतिसँग जोडिएको हुनेछ। अनौपचारिक एवं आजीवन शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समूहका लागि आफ्ना लक्ष्य बनाई सेवा प्रदान गर्दछ। निरक्षरका लागि साक्षरता साक्षरका लागि साक्षरोत्तर सिकाई अवसरका लागि स्तरबृद्धि शिक्षासँग सीप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवम् आजीवन शिक्षाले काम गर्दछ। संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिका सिद्धान्त, दिगो विकासको लक्ष्यमा समेत नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासँग अनौपचारिक शिक्षा प्रणालीले समेत योगदान गर्दछ। विभिन्न सिकाइ अवस्थाको आधारमा थप सिकाइ अवसरको निर्माण गरी आजीवन सिकाइ संस्कृतिको विकास गर्न आवश्यक छ। यसका लागि अनौपचारिक तथा आजीवन सिकाइको पहुँचको विस्तार, गुणस्तर बृद्धि र संस्थागत क्षमताको विकास गर्नुपर्दछ। शिक्षा क्षेत्र योजना २०७९/२०८३ ले अनौपचारिक शिक्षा र आजीवन सिकाइका लागि १० वर्षभित्र निरन्तर सिकाइमा संलग्न समाज एव सिकाइ संस्कृतिको प्रवर्धन गर्ने तर्फ

लैजान्छ । स्थानीय तहको अनौपचारिक शिक्षा र आजीवन सिकाइको वर्तमान अवस्था विश्लेषण धारमा समस्या एव चुनौतिहरूको पहिचान गर्दै चुनौतिहरूको सामना गर्न यसका उद्देश्य र नीतिहरू कार्यक्रम कार्यान्वयनबाट प्राप्त हुने प्रमुख नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू यस खण्डमा समावेश गरिएको छ।

### ३.५.१ वर्तमान अवस्था

सङ्खुवासभा जिल्ला सिलीचोङ गाउँपालिकामा विभिन्न अनौपचारिक शिक्षा कार्यक्रमहरू प्रशस्त मात्रामा सञ्चालन हुँदै आएका छन्। यस कार्यक्रमले निरक्षरहरू विशेषतः १५ देखि ६० वर्ष उमेर समूहका निरक्षरहरूलाई साक्षर बनाउने कार्यमा योगदान रहेको छ। सिलीचोङ गाउँपालिकामा यस सम्बन्धी सिलीचोङ सामुदायिक सिकाइ केन्द्र र याफु सामुदायिक सिकाइ केन्द्रले आ.व. २०८१/०८२ मा एक तथ्याङ्क तयार पारेको छ।

यस गाउँपालिकामा २ वटा सिकाइ केन्द्रहरू सञ्चालनमा छन्। ती सिकाइ केन्द्रहरुले आमाभेला कार्यक्रम र महिला सचेतना सम्बन्धी कार्यक्रमहरु गर्दै आएको छ। राष्ट्रिय शिक्षा नीति, २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक वैकल्पिक परम्परागत र खुला शिक्षाको माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्न सबै प्रकारका अपाङ्गता भएका व्यक्तिको लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने निर्धारण गरेको छ। यो कार्यक्रम तीन तहका सरकारको साझा अधिकार सूचीमा रहेकोले प्रदेश तहमा सामाजिक विकास मन्त्रालय अन्तर्गतको शिक्षा विकास निर्देशनालयले अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाको कार्यान्वयनमा समन्वय र सहजीकरण गरिरहेको छ भने स्थानीय तहहरूमा शिक्षा, युवा तथा खेलकुद महाशाखा/शाखाहरूले अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाको योजना निर्माण तथा कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने जिम्मेवारी रहेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ। देश संघीय संरचनामा रुपान्तरण भएपश्चात् अनौपचारिक तथा जीवनपयन्त सिकाइको व्यवस्थापनको जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएतापनि यसको मर्म अनुसार कार्यसम्पादन हुन सकेको देखिँदैन।

### ३.५.२ उद्देश्य

- यस योजनाले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ सम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छः
- अनौपचारिक तथा निरन्तर एवम् जीवनपर्यन्त शिक्षाको विकास तथा विस्तार गरी डिजिटल साक्षरता र आयआर्जनमा सहयोग गर्नु,
- सामुदायिक सिकाइ केन्द्रको सबलीकरण गरी अनौपचारिक शिक्षा र निरन्तर शिक्षा कार्यक्रम सञ्चालन गर्नु,
- आयआर्जनका कार्यक्रम सञ्चालन गर्दै विशेषतः समाजमा पछाडि परेका वर्गलाई मूलधारमा ल्याउनु।
- पालिकाका निरक्षर र नवसाक्षरहरुका लागि साधारण साक्षरता र डिजिटल साक्षरत कक्षा सञ्चालन गर्नु।

### ३.५.३ रणनीति

- गाउँपालिका भित्र पर्ने घरधुरी सर्वेक्षण गरी साक्षर निरक्षरको अवस्था पहिचान र अभिलेखीकरण गरिने छ।
- सामुदायिक सिकाइ केन्द्रलाई सुदृढीकरण गरी अनौपचारिक शिक्षाको कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गरिने छ।
- साक्षरता तथा निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्न विभिन्न संघीय सरकार, प्रदेश सरकार र अन्य संघसंस्थासँग सहकार्य र साझेदारीमा कार्यक्रम सञ्चालन गरिने छ।
- नवसाक्षर प्रौढ महिला तथा पुरुषहरूलाई आय आर्जनका कार्यक्रमसँग जोडी आत्मनिर्भर र व्यावसायिक बनाउन सहयोग गरिने छ।
- सामुदायिक सिकाइ केन्द्रहरु मार्फत सांस्कृतिक सम्पदाको संरक्षण र सम्बर्धनमा जोड दिइने छ।
- सामुदायिक सिकाइ केन्द्रहरूको समायोजन तथा पुनर्वितरण गरिने छ।
- सामुदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय गैर- सरकारी संघ संस्थाहरू, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षाहरू सञ्चालन गरिने छ।
- सिकारुका आवश्यकताअनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुलहरू र भाषिक विविधता अनुरूपका सामग्रीको प्रयोग

गरिने छ।

- सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयहरूको सुदृढीकरण गरिने छ।
- सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय, सामुदायिक सूचना केन्द्र, एफ.एम्. रेडियो मार्फत कार्यक्रम सञ्चालन र सेवा प्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रका रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइको थलोका रूपमा विकास गरिने छ।
- सामुदायिक सिकाइ केन्द्र मार्फत विभिन्न आयआर्जन तथा सीपमूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

### ३.५.४ प्रमुख उपलब्धि र नतिजा

#### उपलब्धि

- सबै नागरिकहरूलाई साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त हुनेछ।

#### नतिजा

- सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसरहरू प्राप्त हुनेछ,
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई सञ्चालन हुनेछ,
- सिकारूको आवश्यकताअनुसार जीवनपर्यन्त सिकाइका सामग्रीहरू कार्यान्वयन हुनेछ,
- सामुदायिक सिकाइ केन्द्र आजीवन सिकाइको केन्द्रका रूपमा विकास हुनेछ,
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइबाट आर्जित ज्ञान तथा सिपको पहिचान एवम् प्रमाणीकरण गरी समकक्षता प्रदान हुनेछ,
- अनौपचारिक तथा आजीवन सिकाइसम्बन्धी तथ्याङ्क अध्यावधिक हुनेछ,
- सामुदायिक सिकाई केन्द्र विस्तार र सवलीकरण हुनेछ
- निरक्षर र नवसाक्षर नागरिकलाई साधारण र डिजिटल साक्षरताको अवसर प्राप्त हुनेछ

### ३.४.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य र अनुमानित वजेट

| १ | क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) २०८३।८४ देखि २०८७।८८ | | | | | जम्मा | वजेट (५ वर्ष) | स्रोत र जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| २ | घरधुरी सर्वेक्षण र अनौपचारिक शिक्षा सम्बन्धी तथ्याङ्क संकलन र अद्यावधिक - वडास्तर | पटक | १ | १ | १ | १ | १ | ५ | २५० | पालिका र वडा |
| ३ | सामुदायिक सिकाइ केन्द्रहरुको क्षमता विकास (डिजिटल) एवम् नियमित सम्पर्क वैठक | पटक | १ | १ | १ | १ | १ | ५ | २५० | शिक्षा शाखा |
| ४ | सामुदायिक सिकाइ केन्द्र सञ्चालन र व्यवस्थापन ( नयाँ ) - एक वडा एक सासिके | वटा | ३ | ३ | ३ | ३ | ३ | १५ | १५०० | वडा र सासिके |
| ५ | अनौपचारिक तथा आजीवन सिकाइको तथ्याङ्क व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १२५ | शिक्षा शाखा |
| | आजीवन सिकाइ सम्बन्धि योजना निर्माण र कार्यान्वयन (सा सि के ) | वडा/ केन्द्र | ५ | ५ | ५ | ५ | ५ | २५ | ५०० | वडा र सासिके |
| ६ | समुदायमा आधारित सीप विकास र आय-आर्जन प्रवर्द्धनकार्यक्रम - अल्लो कपडा/ पर्यटन होमस्टे / अलैची / तरकारी आदि | वडा / केन्द्र | ५ | ५ | ५ | ५ | १ | २५ | २५०० | पालिका र सहकारी र लघुउद्यम शाखा |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | समुदायद्धारा निर्माण वा उत्पादित सामग्री प्रवर्द्धन मेला | वटा | १ | १ | १ | १ | १ | ५ | ५०० | पालिका |
| ८ | तह १ र २ को अनौपचारिक सिकाइको माध्यमबाट सिकेका ज्ञान सीपलाई प्रमाणीकरण | निरन्तर | आवश्यकता अनुसार | | | | | | २५० | पालिका |
| ९ | साधरण  साक्षरता कक्षा सञ्चालन - एक वडा एक कक्षा | कक्षा | ५ | ५ | ५ | ५ | ५ | २५ | १२५० | पालिका |
| | नवसाक्षरका लागि डिजिटल साक्षरता - एक वडा एक समूह | कक्षा | ५ | ५ | ५ | ५ | ५ | २५ | १२५० | पालिका |
| जम्मा (आन्तरिक स्रोत ) | | | १६७५ | १६७५ | १६७५ | १६७५ | १६७५ | | ८३७५ | आधारवर्ष ०८२।८३ |

# परिच्छेद ४
# अन्तर सम्बन्धित विषय क्षेत्रहरु

## ४.१ पाठ्यक्रम पाठ्यपुस्तक  सिकाई सामग्री र मूल्याङ्कन

### परिचय

शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार पाठ्यक्रम हो। पाठ्यक्रम कुनै कक्षा वा तहमा के के सिकाउने भन्ने कुरासँग मात्र सम्बन्धित हुँदैन। देश,  काल र परिस्थिति अनुसार विद्यार्थीमा के कस्ता क्षमता विकास गराउने  हो भन्नेसँग पनि सम्बन्धित छ। के पढाउने, के कस्ता क्रियाकलापका माध्यमबाट अपेक्षित सक्षमता हासिल गराउन र विद्यार्थीले सिकेको वा नसिकेको सुनिश्चित गरी आवश्यक पृष्ठपोषण प्रदान गर्न के कसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्वपूर्ण आधार  समेत हो। मानवीय चेतना र बौद्धिक विकासको निमित्त लिइएका उद्देश्यहरू पूरा गराउनु हो। बालबालिकाको सर्वाङ्गीण विकास गर्नु, सभ्यता वा संस्कृतिको हस्तान्तरण एवम् विकास गर्नु, शैक्षिक प्रक्रियाको स्वरुप निर्धारण गर्नु जस्ता कुराहरू पाठ्यक्रमको उद्देश्यभित्र पर्दछन्।

मानवीय आवश्यकता, बालबालिकाका रुची, सामाजिक मूल्य मान्यता, समाज तथा विश्व परिवेशमा विकास भएका ज्ञान, सीप तथा प्रविधि अनुकूल पाठ्यक्रमलाई एउटा गतिशील र लचिलो प्रक्रियाका रुपमा लिनु आवश्यक छ। पाठ्यक्रमलाई कार्यान्वयन गर्नका लागि पहिलो शैक्षिक सामग्रीको रुपमा पाठ्यपुस्तकलाई लिन सकिन्छ। सूचना तथा सञ्चार प्रविधिको उचित विकास नभई सकेको हाम्रो परिवेशमा विद्यार्थीको एक मात्र विकल्पको रुपमा पाठ्यपुस्तकलाई लिन सकिन्छ। जसले पाठ्यक्रम कार्यान्वयनलाई सहयोग गर्दछ। हाल नेपालमा सामुदायिक विद्यालयमा अध्ययनरत सम्पूर्ण विद्यार्थीलाई नि:शुल्क पाठ्यपुस्तक वितरण गर्ने गरिएको छ।

### ४.१.१ वर्तमान अवस्था

नेपालको पाठ्यक्रम र मूल्याङकन निरन्तर रुपमा सुधारको गतिमा बढिरहेको छ। मूल्याङ्कनलाई तीव्र र व्यावहारिक बनाउदै पाठ्क्रमलाई २१ औं शताब्दी सँग जोड्ने प्रयास भईरहेको छ। यद्यपि गुणस्तर र समानताको हिसाबले अझै महत्वपूर्ण चुनौती छन्। वर्तमान  शैक्षिक ढाँचा राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ मा आधारित छ, जसलाई थप परिमार्जनका लागि सरकारले समीक्षा कार्यदल समेत गठन गरिसकेको छ। यसको मुख्य विशेषताहरुमा क्षमता केन्द्रित भएकाले विद्यार्थीहरुले रट्ने भन्दा व्यवहारिक र सिकाइ क्षमता हासिल गर्नु पर्छ भन्ने मान्यता रहेको छ। त्यसै गरी, बदलिदो सन्दर्भमा वर्तमान पाठ्यक्रम विद्यार्थीहरुको नैतिक शिक्षामा पनि जोड दिइएको छ। विद्यार्थी मूल्याङकनका लागि समेत वर्तमान समयमा आएको नतिजा प्रकाशनमा तिव्रता आएको छ।

पाठ्यक्रमको सहज मूल्याङकन गर्न एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली IEMIS अन्तर्गत सबै तहको मूल्याङकनमा लेटर ग्रेडिङ प्रणाली अवलम्बन गरिएकाले मूल्याङकन प्रक्रिया सहज भएको छ, तथापि सबै विद्यालयहरुबाट तदारुकताका साथ उक्त कार्य सम्पादन गरिएको पाइएको छैन।

पछिल्लो समयमा मार्गदर्शनका रुपमा रहेको राष्ट्रिय पाठ्क्रम प्रारुप, २०७६ ले प्रदत्त गरेको अधिकारको उपयोग गर्दै सिलीचोङ गाउँपालिकाले आ.व. २०७८/०७९ देखि स्थानीय पाठ्यक्रम निर्माणको कार्यलाई प्रथामिकतामा राखी भाषासँग सम्बन्धित पाठ्यक्रम निर्माण गरि प्रयोगमा आइरहेको सन्दर्भमा पालिका स्थित विद्यालय सेवाक्षेत्रभित्र सामाजिक संरचना अनुसार सबैलाई उपयोगमा आउन नसेको यो वर्तमान अवस्थामा सबैलाई समेट्न सक्ने पाठ्क्रम निर्माणको आवश्यकता महसुस गरिएको छ। त्यस कार्यलाई पूर्णता दिनका लागि पालिकाबाट आ.व.०८२/०८३ मा निर्माण सम्पन्न गर्नका लागि बजेट समेत विनियोजन गरिएको छ।

### ४.१.२ उद्देश्य

- पाठ्यक्रम,  पाठ्यपुस्तक र  शिक्षक निर्देशिकाको प्रयोगको सुनिश्चत गर्नु।
- विषयगत र कक्षागत रुपमा शिक्षण सिकाई सहजीकरणको वातावरण विकास गर्नु,
- विद्यालय सुपरीवेक्षण, शिक्षक तालिम र पेशागत विकास, शिक्षक सक्षमतालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,

- शिक्षकलाई निरन्तर पेशागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु,
- नियमानुसार विद्यालय तथा स्थानीय तहले प्रअको व्यवस्थापन गर्नु,
- प्रचलित पाठ्यक्रम अनुसार नियमित रुपमा विद्यार्थी मूल्याङ्कन गर्नु,
- स्थानीय विषयवस्तुलाई समेटी सबै विद्यालयले कार्यान्वयन गर्न सक्ने स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण गर्नु ।
- पालिकास्तर र विद्यालयस्तरमा परीक्षा प्रश्न वैङ्क स्थापना गर्नु ।
- अतिरिक्त क्रियाकलाप र विद्यार्थी प्रतिभा पहिचान प्रतियोगीगता नियमितर सञ्चालनको प्रवन्ध गर्नु ।
- सुदृढ निरन्तर विद्यार्थी मुल्याङ्कन पद्धति लागू गर्नु ।
- आन्तरिक मुल्याङ्कन पद्धतिलाई शिक्षण सिकाईकोअभिन्न अङ्गको रुपमा स्थापित गर्नु ।
- मातृभाषालाई सिकाई सहजीकरण एवम विद्यार्थीहरुमा मातृभाषामा सिकाईको अवसर प्रदान गर्नु ।

### ४.१.३ रणनीति

- शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा व्यवस्थापन गर्ने,
- रिक्त शिक्षक दरबन्दीमा स्थानीय तहद्वारा शिक्षकहरुको व्यवस्थापन गर्ने,
- शिक्षकको निरन्तर पेसागत विकासका लागि संघ तथा प्रदेश सँगको समन्वयमा शिक्षण सिप विकास सम्बन्धी सेवाकालीन तालिम सञ्चालन गर्ने,
- शिक्षक पेसागत सहयोगका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ तथा मेन्टरिङ पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने,
- शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने,
- शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने,
- रिक्त शिक्षक दरबन्दीमा तत्काल पदपूर्ति हुने व्यवस्थाका लागि स्थानीय स्तरमा कानूनी व्यवस्था गर्ने,
- विद्यालयमा सिकाइ सहजीकरण सँगै निरन्तर विद्यार्थी मूल्याङ्कन विषय शिक्षकद्वारा अभिलेखीकरण गर्ने र सोको पूर्णताका लागि अभिभावकहरुसँग समन्वय गर्ने,
- स्थानीय सरोकारवालाको सहभागितामा आवश्यकतामा आधारित स्थानीयपाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने ।

### ४.१.४ प्रमुख उपलब्धि र नतिजा

#### उपलब्धि

- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमता सहित सिर्जनशील, सकारात्मक सोँच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरिक तयार हुनेछन् ।

#### नतिजा

- पाठ्यक्रमको कार्यान्वयन प्रभावकारी रूपमा भएको हुनेछ,
- पाठ्यक्रम विकास तथा परिमार्जनका लागि पृष्ठपोषण उपलब्ध हुनेछ,
- सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित हुनेछ,
- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्व परिवेश अनुसार सिकारुमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण भएको हुनेछ,
- सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन हुनेछ,
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन हुनेछ ।
- अतिरिक्त क्रियाकलापको लागि विद्यालयका न्यूनतम वजेट प्रवाह हुनेछ
- मातृभाषामा सिकाई सामग्री विकासभएको हुनेछ
- नैतिक र संस्कार शिक्षा स्थानीय विषयमा समावेश भएको हुनेछ

- विद्यार्थीको  प्रतिभा पहिचान र प्रोत्साहन अवसर प्राप्त  भएको हुनेछ
- सिजर्नात्मक कला र अभिनयमा सहजीकरणको लागि घुम्ती स्वयंसेवक शिक्षकको व्यवस्था हुने
- परीक्षा प्रश्न वैङ्कको स्थापना हुने
- शिक्षकको लागि दैनिक प्रतिविम्वन डायरी उपलब्ध र प्रयोग हुने

### ४.१.५ प्रमुख क्रियाकलाप  तथा  परिमाणात्मक लक्ष्य र अनुमानित लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) २०८३।८४ देखि २०८७।८८ | | | | | | वजेट | स्रोत र जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | (५ बर्ष ) | |
| १ | पाठ्यक्रम एवम् शिक्षक निर्देशिकाको कार्यान्वयन सम्बन्धि  अभिमुखीकरण - वडास्तर | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | २५० | लिडर विद्यालय र वडा |
| २ | नवीन विधि र प्रविधि सम्बन्धि शिक्षक तालिम (मुल्याङ्कनमा आधारित ) | जना | १ | १ | १ | १ | १ | ५ | ७५० | पालिका |
| ३ | निरन्तर विद्यार्थी मूल्याङ्कनको पोर्टफोलियो व्यवस्था र कार्यान्वयन - कक्षा १-५ | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ३५ | ७०० | पालिका विद्यालय |
| ४ | कक्षाकोठामा आधारित विद्यार्थी मूल्याङ्कन | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ३५ | ० | विद्यालय |
| ५ | विद्यालयस्तरीय  परीक्षा सञ्चालन र व्यवस्थापन अनुदान | विद्यालय | ३५ | ३५ | ३५ | ३५ | ३५ | १७५ | २५७५ | पालिका र विद्यालय |
| ६ | डिजिटल सिकाई  सामग्रीको प्रयोगको प्रतिवद्धताको आधारमा अनुदान सहयोग | विद्यालय | माग भए  अनुसार | | | | | ३५ | ३५०० | विद्यालय,पालिका |
| ७ | डिजिटल सिकाई सामग्रीको प्रयोग | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ३५ | ० | संघ सरकार |
| ८ | निःशुल्क पाठ्यपुस्तक | सवै विद्यार्थी | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ३५ | ० | संघ सरकार |
| ९ | स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ३५ | ० | पालिका, विद्यालय |
| १० | मातृभाषामा सिकाई सामग्री विकास   (कक्षा १-३ ) - अभ्यास पुस्तिका र उपलब्धता | पटक | १ | १ | १ | १ | १ | १ | ५०० | पालिका, विद्यालय |
| | माध्यम भाषाको रुपमा मातृभाषाको प्रयोग  (कक्षा ४-८) - सिकाई सहयोग सामग्री विकास | शिक्षक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ३५ | ० | विद्यालय र शिक्षक |
| ११ | शिक्षक प्रतिविम्वन डायरी प्रयोग - RW | शिक्षक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ३५ | ७०० | विद्यालय र पालिका |
| | कक्षा अवलोकन तथा नमूना पाठ प्रदर्शन (सिकाई उपलब्धी र मुल्याङ्कन समेत ) | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | १००० | पालिका र विज्ञ समूह |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | पढाइमैत्री शैक्षणिक सामग्री खरिद, सङ्कलन, निर्माण तथा प्रयोग जस्तै: विसङ्केतन किताब, ठूलो किताब, बाह्रखरी चार्ट, वर्ण तथा झ्याले पत्ती, शब्द चित्र पत्ती र अन्य सामग्रीको ब्यवस्था | सबै विद्यालय का कक्षा १ देखि ३ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | १००० | पालिका र विद्यालय |
| १३ | सबै बालबालिकालाई पाठ्यपुस्तक तथा अभ्यास र कार्य पुस्तिकाको उपलब्धता | विद्यार्थी | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | ० | पालिका |
| १४ | स्थानीय सिकाई सामग्री र अन्य शैक्षणिक सामग्री निर्माण तथा प्रयोग | विद्यालय | सबै | सबै | सबै | सबै | सबै | ५ | ० | विद्यालय |
| १५ | शिक्षण कार्यमा उपयोगी सामग्री जस्तै: पाठ्यक्रम, शिक्षक निर्देशिका लगायत सन्दर्भ सामग्रीको उपलब्धता र प्रयोग (ई कपि समेत ) | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | पालिका |
| १६ | पुस्तकालयीय सामग्रीको व्यवस्था र प्रयोग | विद्यालय | १३ | १३ | १३ | १३ | १३ | ६५ | ६५० | विद्यालय र पालिका |
| १७ | विषयगत प्रयोगशाला सामग्री एवम् कुनाको व्यवस्था र प्रयोग | विद्यालय | १३ | १३ | १३ | १३ | १३ | ६५ | ६५० | विद्यालय र पालिका |
| १८ | परीक्षा प्रश्न निर्माण र उत्तरपुस्तिका परीक्षण कार्यशाला -विषयगत र तहगत | जना | २५ | २५ | २५ | २५ | २५ | १२५ | ७५० | पालिका |
| १९ | परीक्षा प्रश्न वैङ्क स्थापना र प्रयोग | सेट | ५ | ५ | ५ | ५ | ५ | २५ | ५०० | पालिका |
| २० | निरन्तर मुल्याङ्कन एवम् आन्तरिक मुल्याङ्कन पद्धति सम्बन्धि समीक्षा - ६-१२ | विद्यालय | १० | १० | १० | १० | १० | ५० | २५० | पालिका |
| २१ | परीक्षाको नतिजा विश्लेषण -विद्यलायस्तर | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ३५ | ० | विद्यालय |
| | परीक्षाको नतिजा विश्लेषण पालिकास्तर | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | शिक्षा शाखा |
| २२ | पालिका घुम्ति स्वयंसेवक प्रशिक्षक ( खेलकूद र एवम् गीत संगित र नृत्य ) प्रति महिना Rs २५००० | जना | २ | २ | २ | २ | २ | १० | ३२५० | विद्यालय र समुदाय |
| २३ | विद्यार्थीद्धारा शिक्षकको कार्यसन्तुष्टि परीक्षण | मासिक | १२ | १२ | १२ | १२ | १२ | ६० | ० | कक्षा मनिटर |
| २४ | विद्यालयस्तर अतिरिक्त क्रियाकलाप तथा खेलकूद प्रवर्द्धन कार्यक्रम (आधारभूत र माध्यमिक तह ) - ( रु ५ ,१० ,२५ र ५० ) | विद्यालय | ३५ | ३५ | ३५ | ३५ | ३५ | १७५ | ३५२५ | पालिका र विद्यालय |
| २५ | नैतिक शिक्षा र संस्कार सम्बन्धि सिकाई सामग्री विकास र परिमार्जन ( स्थानीय विषयमा समावेश ) | पटक | १ | १ | १ | १ | १ | ५ | २५० | पालिका र विद्यलाय |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | नैतिक शिक्षा र संस्कार सम्बन्धि सिकाई कक्षा सञ्चालन ( साप्ताहिक एक घण्टी ) | विद्यालय | ३५ | ३५ | ३५ | ३५ | ३५ | १७५ | ० | पालिका र विद्यलाय |
| २६ | विद्यार्थी परिचालन कार्यक्रम (बालक्लव / रेडक्रस / स्काउट / सदन ) | विद्यालय | १३ | १३ | १३ | १३ | १३ | ६५ | ० | विद्यार्थी / शिक्षक नायक |
| जम्मा (आन्तरिक स्रोत ) | | | ४३६० | ४३६० | ४३६० | ४३६० | ४३६० | | २१८०० | आधारवर्ष ०८२।८३ |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### परिचय

शिक्षाको गुणस्तर सुधारका लागि शिक्षक व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ। गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य व्यावसायिक रुपमा दक्ष पेसाप्रति उत्प्रेरित समर्पित प्रतिवद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ। शिक्षकमा भएको विषयवस्तुको पर्याप्त ज्ञान शिक्षणसिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमुना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ। सबै तहको शिक्षामा योग्य दक्ष समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनवाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ। यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ।

आधारभूत तह कक्षा १-५ मा विद्यार्थी सङ्ख्याको आधारमा र आधारभूत तह कक्षा ६-८ र माध्यमिक तह कक्षा ९-१२ मा विषयगत रुपमा विद्यमान मापदण्ड १ : ३० शिक्षक विद्यार्थी अनुपात कायम गरिएको छ। प्रचलित शिक्षा ऐन नियमावली तथा दरवन्दी मिलान निर्देशिका अनुसार आधारभूत तह कक्षा १-३ , कक्षा १-५ र कक्षा १-८ का लागि क्रमश : न्यूनतम २, ३ र ७ जना शिक्षक रहने प्रावधान रहेको छ। तथापी Serving Class & Students को आधारमा थप हुन वा गर्न सकिनेछ पनि व्यवस्था गरेको छ। त्यस्तै गरी माध्यमिक तह कक्षा ९-१० र कक्षा ११-१२ मा क्रमश: न्यूनतम ५ र २ जना शिक्षक रहने प्रावधान गरिएको छ। तथापि Serving Class & Students को आधारमा थप हुन वा गर्न सकिनेछ पनि व्यवस्था गरेको छ।

नेपालमा विगतदेखि हालसम्म सञ्चालित विभिन्न शिक्षा योजना , परियोजना तथा कार्यक्रमहरूले कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याई शिक्षाको स्तर वृद्धि गर्न जोड दिएका छन्। यसको फलस्वरुप विद्यालयको शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउने , प्रविधिको प्रयोग गरी शिक्षण गर्ने , बालमैत्री सिकाइ वातावरण सिर्जना गर्ने जस्ता केही प्रयास भएका छन्। विद्यालय क्षेत्र विकास योजना अवधिमा कक्षाकोठाको शैक्षणिक अभ्यास वा क्रियाकलापलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षकको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन भएका छन्। यस अवधिमा शिक्षक पेसागत विकास प्रमाणीकरण तालिम, छोटो अवधिको मागमा आधारित तालिमहरू सञ्चालन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउन प्रयत्न गरियो।

पेसागत रुपमा सक्षम, दक्ष र अभिप्रेरित शिक्षकबाट नै कक्षाकोठाको शिक्षण सिकाइमा सुधार आउन सक्छ। यसका लागि शिक्षकलाई पेसागत विकासका अवसरहरू उपलव्ध हुन आवश्यक छ। शिक्षकको पेसागत विकासका लागि विभिन्न तौरतरिकाहरू छन्। शिक्षक तालिम, कार्यशाला, सेमिनार, कन्फेरेन्स, कार्यमूलक अनुसन्धान, शिक्षकहरूको सिकाइ सञ्जाल, अवलोकन भ्रमण मेन्टरिङ आदि अवसरबाट शिक्षकको पेसागत विकास सम्भव छ।

यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेसालाई रोजाइको पेसाको रुपमा विकास गर्न शिक्षकहरूलाई सूचना प्रविधि, प्रधानाध्यापक तथा लेखापालहरूलाई विद्यालयमा गरिने लेखा व्यवस्थापन, सार्वजनिक खरिद र जिन्सी व्यवस्थापन, शिक्षकहरूलाई पेसागत विकासका विभिन्न मोडालिटिका तालिम लगायतका कार्यक्रमहरूको आवश्यकता आँकलन गरिएको छ। कक्षाकोठाको शिक्षण सिकाइलाई गुणस्तरीय बनाउने, शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने, शिक्षक पेसागत विकासलाई प्रभावकारी बनाउने, विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने कार्यलाई प्राथमिकता दिइएको छ। यसमा शिक्षक व्यवस्थापनको वर्तमान अवस्थाको विश्लेषणबाट चुनौतीहरूको पहिचान गरी शिक्षक व्यवस्थापन

र विकासलाई प्रभावकारी बनाउने सम्बन्धमा यस कार्यक्रमका उद्देश्य पूरा गर्नका लागि अपनाइने रणनीतिहरू कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्यमुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरिएको छ।

### ४.२.१ वर्तमान अवस्था

सिकाइ सहजीकरण गर्ने प्रमुख जिम्मेदार जनशत्तिका रुपमा शिक्षक सिलीचोङ गाउँपालिकाको सन्दर्भमा विकट भौगोलिक बनोट,कमजोर आर्थिक स्थिति र विधिधतायुक्त सामाजिक संरचना भएका कारण विद्यालयहरुका लागि जटिल समस्याको रुपमा रहेको सरोकारवालहरुको अनुभव,जानकारी र भोगाइबाट प्रष्ट हुन्छ । बिशेतः भौगोलिक विकटताका कारण विद्यालयहरुको भौतिक संरचना उपयुक्त स्थानमा बन्न नसक्नु, जग्गा पर्याप्त नहुनु, भएको संरचनाहरु मापदण्ड अनुसार निर्माण नहुनु,बनेका भौतिक संरचना बालमैत्री, अपाङ्गमैत्री नहुनु र शिक्षक कर्मचारीमैत्री नहुनाले शिक्षक व्यवस्थापन पक्षमा समेत समस्या हुने गरेको छ।

मौजुदा स्वीकृत दरबन्दीमा सिफारिस भई आउने स्थायी शिक्षकहरु यी विविध समस्याका कारण चाँडै सरुवा सहमति लिई पालिकादेखि बाहिरिने उच्चदर रहेकाको कारण विद्यार्थीहरुको सिकाइ सहजीकरणमा समस्या आई सिकाइ उपलब्धि र गुणस्तरमा समेत सोको प्रत्यक्ष प्रभाव परेको छ। त्यसै गरी, प्राय सबै माध्यमिक तथा आधारभूत विद्यालय (कक्षा ६ देखि ८) सञ्चालित विद्यालयहरुमा विषयगत शिक्षक दरवन्दी हुनुपर्नेमा त्यसको समुचित व्यवस्थापन भएको छैन।

ती समस्याहरुलाई समाधान गर्न स्थानीय तहबाट आधारभूत विद्यालयहरुको लागि केही दरबन्दी सिर्जना समेत गरिएका छन्। तथापि माध्यमिक तहमा समेत सो दरबन्दीको आवश्यकता महशुस गरिएको छ।

शिक्षक पेशागत विकासको सन्दर्भमा पछिल्लो समय तालिम प्राप्त शिक्षकहरु सिफारिस भई आएतापनि विद्यालयहरुमा शैक्षिक सामग्रीहरुको पर्याप्तता तथा सम्बन्धित सरोकारवालाहरुबाट नियमित कक्षा अवलोकन नभएका कारण तालिमको प्रयोग कक्षा कोठामा प्रयोगको अवस्था कमजोर छ। यी कुराको समाधान गर्न, समय- समयमा सरोकारवालाहरुबाट अनुगमन मूल्याङ्कन तथा विभिन्न प्रकृतिका पेशागत तालिमहरु स्थानीय तहबाट गरिनुपर्ने आवश्यकता महशुस गरिएका छन्। तथापि स्थानीय तहबाट बिरलै हुने गरेको अभिलेखहरुबाट देखिन्छ।

तालिका न ५ : शिक्षक विवरण २०८२

| क्र स | तह | विद्यालय संख्या | दरवन्दी | राहत अनुदान | शिक्षण सहयोग अनुदान | पालिका कोटा | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारिम्भक वाल विकास र शिक्षा | ३५ | ० | २८ | ० | ० | २८ | ७ नपुग |
| २ | आधारभूत तह कक्षा १-३ | १० | ८३ | १९ | ० | २ | १०४ | पर्याप्त |
| | आधारभूत तह कक्षा १-५ | १५ | | | | | | |
| ३ | आधारभूत तह कक्षा ६-८ | ४ | १६ | ९ | १ | १६ | ४२ | कायम एवम् निरन्तरता |
| ४ | माध्यमिक तह कक्षा ९-१० | ५ | ८ | १० | २ | ० | २० | ५ नपुग |
| ५ | माध्यमिक तह कक्षा ११-१२ | १ | ० | २ | ० | ० | २ | १ नपुग |

### ४.२.२ उद्देश्य

- पालिका भित्र शिक्षकको पदस्थापन गर्नु।
- विषयगत र कक्षागत रुपमा शिक्षक दरबन्दी व्यवस्थापन गर्नु,
- विद्यालय सुपरीवेक्षण, शिक्षक तालिम, शिक्षकको पेशागत विकास, शिक्षक सक्षमतालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नु,
- शिक्षकलाई निरन्तर पेशागत विकासका अवसरहरुको सुनिश्चितता गर्नु,
- प्रचलित नीति तथा कानूनका आधारमा शिक्षकको सरुवा व्यवस्थापन गर्नु,

- शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्नु ।
- लक्षित (अपाङ्ग र विपन्न) समूहका लागि शिक्षण पेशमा प्रवेशको वातावरण तषार गर्नु
- करार शिक्षकको तत्काल व्यवस्थापन सहजताको लागि शिक्षक बैङ्क स्थापना गर्नु ।
- शिक्षकको पेशागत विकाससंगै सिकाई सहजीकरणमा नवीन अवधारणाको अभ्यासको वातावरण तयार गर्नु ।

### ४.२.३ रणनीति

- शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा थप गरिने,
- रिक्त शिक्षक दरबन्दीको प्रक्षेपणका आधारमा शैक्षिक सत्रको पहिलो महिनामा शिक्षक नियुक्ति गरिने,
- प्रत्येक ५ वर्षमा शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सीप विकास सम्बन्धी सेवाकालीन तालिम अनिवार्य बनाइने,
- स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइने । यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ तथा मेन्टरिङ पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने,
- शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरिने,
- शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गरिने,
- शिक्षक नियुक्ति, सरूवा तथा तालिम र पेसागत विकासमा सहभागिता गराउँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गरिने ।

### ४.२.५ प्रमुख उपलब्धि र नतिजा

#### उपलब्धि

- सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार हुने ।

#### नतिजा

- राष्ट्रिय शिक्षक सक्षमता कार्यढाँचाको आधारमा शिक्षक तयारी, छनौट र पेसागत विकास हुने,
- शिक्षक तयारीका कोर्सहरूमा पर्याप्त विषयगत तथा शिक्षण सिकाइ सम्बन्धी सक्षमता विकास हुने,
- शिक्षण पेसा थप प्रतिस्पर्धी र सम्मानित हुने,
- पेसागत विकासका प्रावधानहरूको विस्तार र सुदृढीकरण हुने,
- शिक्षक पेसागत सहयोग प्रणालीमार्फत निरन्तर पेसागत सहयोग प्राप्त हुने,
- शिक्षकको उपस्थिति, शिक्षण विधि तथा तौरतरिका र कार्यसम्पादनमा सुधार हुने,
- शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण हुने,
- शिक्षकको आपूर्ति नियमित रूपमा हुने,
- शिक्षकको वृत्ति विकासका लागि पारदर्शी र बस्तुनिष्ठ आधारसहितको पद्धति स्थापित हुने ।
- शिक्षक वैङ्कको व्यवस्था हुने ।
- कमजोर सिकाई सक्षमता भएका वालवालिकाका लागि सिकाई सहजीकरणकालागि शिक्षकको दक्षता र क्षमता विकास हुनेछ ।
- Zero NG & Zero to Hero Class को अवसर सुनिश्चित भएको हुनेछ ।
- विद्यार्थी मेन्टोरिङ अर्थात My Friend My Teacher को व्यवस्था हुनेछ
- TLG & लिडर र फिडर स्कुल संचरना तयार भएको हुनेछ
- प्रसुती अवधिमा सिकाई निरन्तरताको अवसरका शिक्षण सहजकर्ताको व्यवस्था हुनेछ
- पालिकामा घुम्ति शिक्षकको व्यवस्था भएकव हुनेछ

## ४.२.५.प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य र अनुमानित वजेट

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) २०८३।८४ देखि २०८७।८८ | | | | | | वजेट (५वर्ष) | स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | शिक्षक व्यवस्थापनका लागि मापदण्ड तथा निर्देशिका तयारी र परिमार्जन | पटक | १ | १ | १ | १ | १ | ५ | १२५ | पालिका/ शिक्षा शाखा |
| २ | शिक्षक व्यवस्थापन (छनोट नियुक्ति पदस्थापन ) | पटक | निरन्तर | | | | | ५ | ० | शिक्षा शाखा |
| ३ | विपन्न / अपाङ्गता भएका व्यक्ति, महिला लगायतका व्यक्तिहरूलाई शिक्षण पेसामा प्रवेशका लागि तयारी कक्षा सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १२५० | पालिका र गैसस |
| ४ | शिक्षक वैङ्कको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | पालिका र शिक्षा शाखा |
| ४ | नियमित शिक्षण सिकाइ सुनिश्चितताका लागि मापदण्डको विकास र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | २५० | पालिका |
| ५ | कमजोर विद्यार्थीका लागि विशेष सहयोगी कक्षा सञ्चालन (Zero to Hero Class ) | पटक | १ | १ | १ | १ | १ | ५ | ० | विद्यालय |
| | उपचारात्मक शिक्षण पद्धति कार्यान्वयन | विद्यालय | ३५ | ३५ | ३५ | ३५ | ३५ | १७५ | १७५० | पालिका र विद्यालय |
| ८ | शिक्षण तथा सिकाइ सामग्री विकास र प्रयोग | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ३५ | ० | विद्यालय |
| ९ | इन्टरनेट सेवाको पहुच र क्षमता विस्तार | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ३५ | ० | ससर्त |
| १० | शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा आधारित शिक्षक प्रोत्साहन | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ३५ | ५०० | पालिका र शिक्षक |
| ११ | शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा बिताउने समय सुधार योजना कार्यान्वयन (Teacher Spent Time Improvement Plan ) | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ३५ | ० | विद्यालय |
| १२ | विद्यालयमा आधारित सुपरीवेक्षण तथा सहयोग- आन्तरिक | त्रैमासिक | ३५ | ३५ | ३५ | ३५ | ३५ | १७५ | ० | विव्यस शिअसंघ र विषयगत समिति |
| १३ | असल अभ्यास अवलोकन भ्रमण एवम् सिकाई अनुभव साटासट कार्यक्रम - तहगत | पटक | १ | १ | १ | १ | १ | १ | १५०० | पालिका |
| १४ | शिक्षक विकास तथा सहायता प्रणालीको विकास र परिचालन ( विषय विज्ञ ) | पटक | १ | १ | १ | १ | १ | ५ | १००० | पालिका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | शिक्षक पेसागत सहयोग संयन्त्र परिचालन / शिक्षक मेन्टोरिङ् (Teacher Support System ) | पटक | २ | २ | २ | २ | २ | १० | ० | विद्यालय |
| १५ | सहपाठी कक्षा अवलोकन / पृष्ठपोषण | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ० | विद्यालय |
| १६ | सिकाइ आदानप्रदान, क्षमता विकास, प्रविधि हस्तान्तरण र ज्ञानको सञ्जालीकरण (Teacher Learning Group – Leader Feeder Schooling) - वडास्तर | पटक | ५ | ५ | ५ | ५ | ५ | २५ | २५०० | विद्यालय र पालिका |
| १७ | विद्यार्थी मेन्टोरिङ् /My friend My Teacher | बार्षिक | १ | १ | १ | १ | १ | ५ | ० | विद्यालय |
| १८ | शिक्षकका लागि पुनर्ताजी तालिम (शिक्षण विधि/ प्रविधि/ उत्प्रेरणा र सम्माजनक सिकाई ) | जना विषयगत | ३५ | ३५ | ३५ | ३५ | ३५ | १७५ | १७५० | पालिका र गैसस |
| १९ | विद्यालय तहमा शिक्षकको पेसागत विकास (कार्यमूलक अनुसन्धान र घटना अध्ययन ) प्रोत्साहन | शिक्षक | १ | १ | १ | १ | १ | ५ | २५० | विद्यालय |
| २० | कार्यसम्पादन मूल्याङ्कन | स्थायी सवै | १ | १ | १ | १ | १ | ५ | १२५ | विद्यालय र पालिका |
| २१ | प्रधानाध्यापकको व्यवस्था | जना | ३५ | ३५ | ३५ | ३५ | ३५ | १७५ | ० | पालिका र ससर्त |
| २२ | शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | २५० | पालिका |
| २३ | **घुम्ति शिक्षक ( माध्यमिक स्वयसेवक ) कोर विषय (मासिक Rs.२५०००)** | **जना** | **५** | **५** | **५** | **५** | **५** | **१५** | **३२५०** | **पालिका र समुदाय** |
| २४ | प्रसुति अवधिमा सिकाई निरन्तरता | जना | ४ | ४ | ४ | ४ | ४ | २० | ४५० | समुदाय र पालिका |
| जम्मा (आन्तरिक स्रोत ) | | | ३०९० | ३०९० | ३०९० | ३०९० | ३०९० | | १५४५० | आधार बर्ष ०८२।८३ |
| १ | सूचना प्रविधि प्रयोगशालाको व्यवस्थापन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ३२५० | ससर्त |
| २ | विज्ञान प्रयोगशालाको व्यवस्थापन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ३२५० | ससर्त |
| ३ | प्राविधिक व्यावसायिक शिक्षा धार सञ्चालन भएका विद्यालयमा प्रयोगशालाको व्यवस्था | | १ | १ | १ | १ | १ | ५ | १००० | ससर्त |
| ४ | पुस्तकालय सामग्री र पुस्तक कुनाको व्यवस्था | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ३२५० | पालिका |
| जम्मा (बाह्य स्रोत ) | | | २१५० | २१५० | २१५० | २१५० | २१५० | | १०७५० | आधार बर्ष ०८२।८३ |

## ४.३ शैक्षिक समता र समावेशीकरण

### परिचय

विभेद र बञ्चितीकरणमा परेका वर्ग समुदाय र क्षेत्रलाई गुणस्तरीय शिक्षामा सहज पहुँचको सुनिश्चितता सम्भव हुँदैन। पहुँच र सहभागिताको लागि समानता पुग्ने उद्देश्य हासिल गर्न असमानताहरूबीच गरिने असमान व्यवहार नै शैक्षिक समता हो। यो

आफैँमा गन्तव्य नभई एउटा माध्यम मात्र हो । सिलीचोङ गाउँपालिका एउटा विविधताले भरिपूर्ण गाउँपालिका हो । यसमा जनजाति, क्षेत्री, दलित, अपाङ्गता भएका बालबालिकाहरूको बसोवास छ । विभिन्न शारीरिक क्षमता भएका, कमजोर आर्थिक अवस्था भएका, समाजमा पछि परेका र पारिएका दलित महिला अपाङ्गता भएका व्यक्तिहरूको मिश्रित बसोबास यहाँको समुदायमा रहेको छ । समग्रमा महिलाहरूको जनसंख्या यस गाउँपालिकामा बढी छ । सम्पत्ति माथिको अधिकार पुरुषको तुलनामा महिलामा कम छ । सामाजिक- साँस्कृतिक तथा विभिन्न परम्परागत कार्यले गर्दा लैंगिक विभेद विद्यमान छ । बालबालिकाहरू विशेषतः अपाङ्गता भएका, दलित, विपन्न परिवारमा जन्म भएका बालबालिकाका लागि शिक्षामा पहुँच कठिन रहेको छ ।

बालबालिकामा भएका भिन्नताहरूले पहुँच सहभागिता तथा नतिजामा फरक नपर्ने अवस्था सिर्जना गरी समता कायम गर्न आवश्यक छ । यस्तो समताले अवसरको समानता मात्र सिर्जना नगरी अवसर असमान हुनाका कारण पहिचान गरी तिनलाई समान बनाउन विशेष तथा थप प्रबन्ध गर्नुपर्दछ । समता अभिवृद्धि सहित विविधतालाई समावेश गर्न प्रत्येक बालबालिकाले स्वीकारिएको र महत्व दिएको महसुस गर्नुपर्दछ । यो सामाजिक न्याय स्थापित गर्न शिक्षामा सबैको पहुँच तथा सहभागिताको अधिकार सुनिश्चित गर्ने कार्य भएकाले महत्वपूर्ण र अत्यावश्यक छ ।

यसमा देखिएका अन्तर तथा चुनौतिहरू हटाई विविधता अनुकूल हुने गरी शिक्षामा सबैको सहज पहुँच सहभागिता तथा सिकाइका लागि समता तथा समावेशिता अभिवृद्धि गर्नका लागि यस योजनामा अपनाइने रणनीति तथा क्रियाकलापहरू समेत उल्लेख गरिएको छ । पहुँच र सहभागिताका लागि समानता पुग्ने उद्देश्य हासिल गर्न असमानहरु बिच गरिने समान व्यवहार नै शैक्षिक समता हो । विभेद र वञ्चितीकरणमा परेका वर्ग समुदाय र क्षेत्रलाई गुणस्तरीय शिक्षामा सजिलै पहुँचको सुनिश्चितता सम्भव हुँदैन । यो आफ्नो गन्तव्य नभई एउटा माध्यम मात्र हो ।  यस गाउँपालिका एउटा विविधताले भरिपूर्ण गाउँपालिका हो । विभिन्न शारीरिक क्षमता भएका, कमजोर आर्थिक अवस्था भएका, समाजमा पछि परेका र पारिएका दलित महिला, अपाङ्गता भएका व्यक्तिहरुको मिश्रित बसोबास रहेको समुदाय छ । सम्पत्ति माथिको अधिकार पुरुषको तुलनामा महिलामा कम छ । सामाजिक, सांस्कृतिक तथा विभिन्न परम्परागत कार्यले गर्दा लैंगिक विभेद विद्यमान छ । बालबालिकाहरु विशेषत अपाङ्गता भएका, दलित विपन्न परिवारमा जन्म भएका, शिक्षामा पहुँच नपुगेको समाज रहेको छ । विविधतालाई पहिचान, सम्मान, मनोरञ्जन र व्यक्तिगत भिन्नताको कदर गरी विविधतालाई प्रोत्साहित हुन आवश्यक छ । बालबालिकामा भएको भिन्नताहरुदेखि सहभागितामा पहुँच तथा नतिजामा फरक नपर्ने अवस्था सिर्जना गरी समताको आवश्यक छ । यस्तो समतामा विशेष तथा थप प्रबन्धको व्यवस्था  गर्नुपर्दछ । समाजमा सामाजिक न्याय स्थापित गर्न, शिक्षामा सबैको पहुँच तथा सहभागिताको अधिकार सुनिश्चित गर्न महत्वपूर्ण र अत्यावश्यक छ ।

स्थान, क्षेत्र अनुसार विविधताको सम्मान तथा समावेशिता अभिवृद्धि गरी शिक्षामा सबैको सहज पहुँच र अर्थपूर्ण सहभागितामा कार्य गर्दै सिकाई सुनिश्चितता गर्नका लागि यसको कारण तथा बाधाहरु पहिचान गरी ती बाधाहरु हटाउनुपर्दछ । यस्तो बाधाहरु ठाउँ पिच्छे फरक छन् । यस्ता चुनौतिहरु हटाई विविधता अनुकूल हुने गरी शिक्षामा सबैका सहज पहुँच, सहभागिता तथा सिकाइका लागि समेत तथा समावेशिता अभिवृद्धि गर्नका लागि योजना निर्माण गरी त्यस अनुरुप कार्यक्रम सञ्चालन गर्नु आजको आवश्यकता हो ।

### ४.३.१ वर्तमान अवस्था

गाउँपालिकामा समुदायमा आधारित बाल विकास सहित ३५ वटा विद्यालयहरु सञ्चालनमा रहेका छन् । उक्त विद्यालयहरुमा विभिन्न जातजाति, धर्म, आर्थिक अवस्थाका विद्यार्थीहरु अध्ययन गर्दै आएका छन् । कतिपय विद्यालयहरुमा शारीरिक अपाङ्गता भएका बालबालिकाहरु समेत रहेका छन् । यस्तो अवस्थाका विद्यार्थीहरुको शिक्षामा पहुँच वृद्धिका लागि छात्रवृत्ति प्रदान गर्ने गरिएको छ । तर कतिपय विद्यालयमा अपाङ्गता भएका बालबालिकाको संख्या रिपोर्टिङ नभएकाले संख्या कम देखिन गएको छ । ती बालबालिकाहरु विद्यालय शिक्षा पहुँचबाट टाढा रहेको अवस्था छ । त्यसैगरी आर्थिक हिसाबले विपन्न बालबालिकाहरु, विभिन्न रोगहरुबाट पीडित बालबालिकाहरु अभिभावक र सहाराबिहीन बालबालिकाहरु रहेका छन् । तिनको लगत र तथ्याङ्क व्यवस्थित हुन सकिरहेको छैन ।  त्यस्ता प्रकारका बालबालिकाहरु समेत विद्यालय शिक्षाको पहुँच बाहिर रहेको देखिन्छ ।

विद्यालय भर्ना भएका बालबालिकाहरुलाई तोकिएको नियमका आधारमा छात्रवृत्ति प्रदान गरिनेछ। खासगरी हाल आधारभूत तहको कक्षा १-५ मा अध्ययन गर्ने सबै छात्राहरु र दलित बालबालिकाहरुलाई कुनै न कुनै रुपमा सहयोग गरिँदै आएको छ। त्यसै गरी विद्यार्थी मूल्याङ्कनको क्रममा समेत अपाङ्गता भएका बालबालिकाहरुलाई थप समयको व्यवस्था समेत गरिने प्रावधान छ । बहिरा बालबालिकाहरु, सुस्त मनस्थितिका बालबालिकाहरु, दृष्टिबिहिन बालबालिकाहरुको छिमेकी पालिकाहरुमा सञ्चालनमा रहेको स्रोतकक्षा पढाइलाई शिक्षामा पहुँचको हक सुनिश्चित गर्ने कार्य गरिएको छ। गाउँपालिकाले धैरै महत्वपूर्ण कामहरु गरिरहेको भएतापनि अझै पनि शिक्षामा सबै वर्गको समान पहुँच भने पुग्न सकिरहेको छैन।

तालिका न ६ : लैङ्गिक सूचक २०८१।८२

| तह | प्राथमिक | निम्न माध्यमिक | माध्यमिक | कुल | % |
|---|---|---|---|---|---|
| महिला शिक्षक | ३९ | ८ | ३ | ५० | ३२.४% |
| पुरुष शिक्षक | ६३ | १९ | २२ | १०४ | ६७.६% |
| कुल शिक्षक | १०२ | २७ | २५ | १५४ | १०० % |

| साक्षरता स्थिति | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| महिला ४७४३ | ७४.६० % ३५३७ | पुरुष ४८१८ | ८७.१० % ४११५ | कुल ९५६१ | ८०.९ % ७७३२ | निरक्षर १९ % १८१९ | महिला १२०१ | पुरुष ६१८ |
| छात्रा सहभागीता | ९२३ | ४८.६ % | छात्र सहभागीता | ९७७ | ५१.४ % | फरक २.८ % | १२.८ % | २५.३ % |
| प्रारम्भिक बालकक्षा | कक्षा ५ | कक्षा ८ BEE | कक्षा १० SEE | कक्षा१२ / SLC | प्रविणता प्रमाण पत्र | स्नातक | स्नातकत्तोर | अन्य |
| १९६ | २८०२ | १६१४ | १४५० | ४७९ | ६२० | १९९ | ७४ | ४४ |
| २.५९% | ३६.९८ % | २१.३०% | १९.१३ % | ६.३२% | ९.५ % | २.६३ % | ०.९८ % | ०.५८ |

### ४.३.२ उद्देश्य

- लक्षित समूहका व्यक्तिहरुको शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्नु,
- लक्षित समूहका बालबालिकाहरुको सहभागितामा बृद्धि तथा सिकाइ उपलब्धि सुधार गर्नु,
- समुदाय तथा विद्यालयमा हुने सबै प्रकारका विभेद, दुर्व्यवहार र हेपाइ आदिलाई न्यूनीकरण गर्नु, लक्षित समूहका व्यक्तिहरुको शिक्षामा समतामुलक पहुँच सुनिश्चित गर्नु,
- लक्षित समूहका बालबालिकाहरुको सहभागितामा बृद्धि तथा सिकाइ उपलब्धि सुधार गर्नु,
- विपन्न लक्षित समूहको लागि अध्ययन सुनिश्चतताको लागि छात्रवृत्तीकोष स्थापित गर्नु।

### ४.३.३ रणनीति

- सबै तह र प्रकारका विद्यालयहरुमा लैंगिक तथा अपाङ्गमैत्री भौतिक संरचनाहरुको निर्माण गर्ने,
- घरधुरी सर्वेक्षण गरी बालबालिकाहरुको सबै प्रकारका विवरण सङ्कलन गरी अद्यावधिक गर्ने,
- साधारण विद्यालयमा भर्ना भइ अध्ययन गर्न नसक्ने विशेष प्रकृतिका बालबालिकाहरुका लागि स्रोतकक्षाको व्यवस्था गर्ने,
- विद्यालयमा हुने सबै प्रकारका विभेदहरुको अन्त्य गर्ने,
- समावेशी तथा समतामूलक पहुँच सुनिश्चितताका लागि यथोचित छात्रवृत्ति रकम उपलब्ध गराइने,
- विद्यार्थीहरुलाई खास गरी किशोरीहरुलाई हुने विभेद र हेपाइ आदिलाई न्यून गर्न सचेतनामूलक कार्यक्रमका साथ अनुगमन तथा निरीक्षण, अनुसन्धान गरिनेछ र विभेद गरेको पाइएमा त्यस्ता व्यक्तिलाई कानूनको दायरामा ल्याइने,
- विद्यालयमा हुने सबै गतिविधिहरुमा बालबालिकाहरुको समावेशी सहभागिताको सुनिश्चितता गरिने,

### ४.३.४ प्रमुख उपलब्धि र नतिजा

#### उपलब्धि

- समाजमा पछाडि परेका, आर्थिक तथा सामाजिक रुपले कमजोर भएका, अपाङ्ग र सहारा विहीन बालबालिकाहरूको विद्यालयमा समतामूलक पहुँच भएको हुनेछ ।

#### प्रमुख नतिजा

- अपाङ्गता, गरीब, विपन्न, अभिभावकविहिन, बालबालिकाहरू आदिको अभिलेख अद्यावधिक हुनेछ ।
- विद्यालय शिक्षामा समतामूलक पहुँच र समाबेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुनेछ ।
- लक्षित समूहले तोकिए बमोजिम छात्रवृत्ति एवम् प्रोत्साहन प्राप्त गरेको हुनेछ ।
- विद्यालयहरूमा लैंगिक, जातीय, सामाजिक एवम् सबै प्रकारका विभेदको अन्त भएको हुनेछ ।
- लगानी पालिकाको सुरक्षा विपन्न वालवालिकाको लागि छात्रवृत्ति कोष स्थापित भएको हुनेछ
- विद्यालय वाहिर रहेका वालवालिकाको अभिभावकलाई स्वरोजगारको अवसर प्राप्त भएको हुनेछ

### ४.३.५.प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य र अनुमानित वजेट

| क्र. स. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) २०८३।८४ देखि २०८७।८८ | | | | | | वजेट (५ बर्षे ) | स्रोत र जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | शिक्षाको मूल प्रबाह बाहिर रहेका र नरहेका सबै बालबालिकाहरूको तथ्याङ्क सङ्कलन र विश्लेषण | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | २५० | पालिका |
| २ | विद्यालय वाहिर रहेका वालवालिकाको वैकल्पिक सिकाई कार्यक्रम सञ्चालन - वडास्तर | पटक | ५ | ५ | ५ | ५ | ५ | २५ | ६२५ | पालिका / स्थानीय संघसंस्था |
| ३ | लक्षित बर्गको लागि छात्रवृत्तिको व्यवस्थाका लागि पहिचान र छनोट | विद्यार्थी | १ | १ | १ | १ | १ | ५ | १२५ | शिक्षा शाखा र वडा |
| | विपन्न अध्ययन छात्रवृत्ति वितरण एवम जोड कोष – **लगानी पालिकाको - सुरक्षा विपन्न वालवालिकाको** ( प्रति एक ५००० ) | जना | १०० | १०० | १०० | १०० | १०० | ५०० | २५०० | समुदाय र पालिका |
| ४ | सबै प्रकारका विभेदको अन्त्यका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन – वडास्तर | वडा | ५ | ५ | ५ | ५ | ५ | २५ | ५०० | महिला तथा बालबालिका शाखा |
| ५ | विद्यालय तहको शिक्षा पुरा गर्ने लक्षित समूह प्रोत्साहन कार्यक्रम | विद्यार्थी | २५ | २५ | २५ | २५ | २५ | १२५ | ६२५ | |
| ६ | जेन्डर फोकल शिक्षक र गुनासो सुन्ने अधिकारीको व्यवस्था | विद्यालय | ३५ | ३५ | ३५ | ३५ | ३५ | १७५ | ० | विद्यालय |
| ७ | विद्यालय वाहिर रहेका वालवालिकाको अभिभावक स्वरोजगार प्रोत्साहन कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ७५० | पालिका र समुदाय |
| ८ | लक्षित समूहका वालवालिकाका लागि सिर्जनात्मक सीप प्रवर्द्धन कार्यक्रम / प्रतियोगिता | पटक | १ | १ | १ | १ | १ | ५ | ७५० | |
| ९ | अपाङ्गता भएका विद्यार्थीहरुका लागि प्रतिभा पहिचान प्रतियोगिता | वडा | ५ | ५ | ५ | ५ | ५ | २५ | ६२५ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | अपाङ्गता भएका विद्यार्थीहरुका लागि प्रोत्साहन | जना | ५० | ५० | ५० | ५० | ५० | २५० | ६२५ | पालिका र महिला शाखा |
| ११ | विपन्नका लागि ड्रेस, स्टेशनरी र थप छात्रवृत्ति वितरण - आधारभूत तह | जना | १०० | १०० | १०० | १०० | १०० | ५०० | १२५० | पालिका र स्थानीय समुदाय |
| १२ | अपाङ्गमैत्री संरचना निर्माणसम्बन्धि कामदार अभिमुखीकरण एवम् अनुशिक्षण | पटक | आवश्यकता अनुसार | | | | | ५ | २५० | पालिका र प्राविधिक शाखा |
| १३ | OSC बालबालिकाका लागि सहयोगी हातहरुलाई सम्मान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | २५० | पालिका |
| जम्मा (आन्तरिक स्रोत ) | | | **१६७५** | **१६७५** | **१६७५** | **१६७५** | **१६७५** | | ८३७५ | आधारबर्ष ०८२।८३ |

## ४.४ विद्यालय पोषण , स्वास्थ्य र सरसफाई कार्यक्रम

### परिचय

नेपालको संविधान, २०७२ को धारा ३१ उपधारा (२) बमोजिम आधारभूत तहको शिक्षा अनिवार्य र नि:शुल्क हुनु पर्ने व्यवस्था गरेसँगै शैक्षिक क्षति न्यूनीकरण गर्नका लागि विद्यार्थीहरुको दैनिक उपस्थिति वृद्धि गर्न लागि नेपाल सरकारले प्रारम्भमा विश्व खाद्य कार्यक्रमको सहयोगमा नेपालको विकट केही जिल्लाहरुबाट थालनी गरी हाल यसको प्रभाव विस्तारसँगै देश भरि लागू गरिएको छ। जसले विद्यार्थीहरुको नियमितता र विद्यालयमा पहुँचमा सबै बालबालिकाहरुलाई अवसर प्रदान गरिएको छ। त्यसै गरी बालबालिकाको विकास तथा सिकाइसँग स्वास्थ्य तथा पोषणको प्रत्यक्ष सम्बन्ध रहेको हुन्छ। स्वास्थ्य तथा पोषणको राम्रो अवस्थाले बालबालिकालाई सिकाइ सहभागिता वृद्धि गर्न प्रोत्साहित गर्दछ। सरसफाइ तथा स्वच्छताका लागि शिक्षा उत्तिकै आवश्यक रहेको हुन्छ। विद्यालयमा आधारित स्वास्थ्य तथा पोषण सम्बन्धी यस्ता कार्यक्रमहरूले विद्यार्थीको भर्ना तथा टिकाउदर बढाउन र कक्षामा अनुपस्थित हुने तथा बीचमा विद्यालय छाड्ने दर घटाउन र सिकाइ उपलब्धि सुधार गर्न सहयोग गर्दछ।

नेपालमा सन् १९७४/७५ देखि छानिएका जिल्लाहरुमा प्राथमिक विद्यालयमा विश्वखाद्य कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएकोमा आर्थिक वर्ष २०७७/२०७८ देखि सामुदायिक विद्यालयमा पूर्व प्राथमिकदेखि कक्षा ५ का सबै विद्यार्थीलाई प्रति विद्यार्थी रु १५ बराबरको खाजा खुवाउन थालिएको छ। सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा व्यवस्थापन कार्यविधि, २०७६ बमोजिम दिवा खाजा व्यवस्थापनको पाटो अगाडि बढाइएको अवस्था छ। त्यसै गरी गत आ.व. ०८२/०८३ देखि कार्यक्रम कार्यान्वयन कार्यविधि अनुसार प्रति विद्यार्थी रु.२० कायम भई कार्यान्वयनमा आएको छ।

स्वास्थ्य, पोषण र सरसफाइको सन्दर्भमा स्वास्थ्य शाखाको समन्वयमा विद्यालयहरुमा विद्यार्थी लक्षित विभिन्न कार्यक्रमहरु स्यानिटरी प्याड वितरण, प्रयोग र विसर्जन सम्बन्धी अभिमुखीकरण कार्यक्रम, जुकाको औषधी अर्धवार्षिक रुपमा वितरण, आइरन फोलिक एसिडले पुर्याउने फाइदा र पोषण सम्बन्धी विभिन्न जानकारीमूलक कार्यक्रमहरु सञ्चालनमा रहेका छन्।

### ४.४.१ वर्तमान अवस्था

गाउँपालिकाका सबै माध्यमिक र केही आधारभूत विद्यालयहरुमा छात्र-छात्राका लागि अलग-अलग शौचालय निर्माण गरिएको र निर्माण गर्ने प्रक्रियामा रहेका छन। कक्षा ६ देखि १२ सम्म अध्यनरत छात्राका लागि महिनावारी स्वच्छता व्यवस्थापनका लागि निःशुल्क सेनिटरी प्याड वितरण कार्यक्रमलाई प्रभावकारी बनाउदै लगिएको छ। सबै विद्यालयको लागि प्राथमिक उपचार सामग्रीको बाकस, बालिकाहरूका लागि आइरन फोलिक एसिड चक्की फोकल पर्शन तोकी प्रभावकारी रुपमा वितरण गरिएका छन्। हाल गाउँपालिका अन्तरगतका ३५ वटा विद्यालयमा दिवा खाजाको व्यवस्था गरिएको छ। जसबाट आर्थिक अवस्था कमजोर भएका घरका विद्यार्थीहरु धैरै लाभान्वित भएका छन्। जसले गर्दा विद्यार्थी नियमितता पनि वृद्धि भएको देखिन्छ।

दिवा खाजाको सकारात्मक प्रभाव भए तापनि यस पालिकामा सबै विद्यालयहरुमा एकरुपताका साथ खुवाउन नसकिएको अवस्था छ । यसको मुख्य कारण भौगोलिक विकटता, कमजोर आर्थिक तथा सामाजिक अवस्था, त्यसै गरी विद्यालयहरुको कमजोर भौतिक संरचनाका कारण विद्यालयहरुमा दिवा खाजा पकाएर सवै विद्यालयहरुले खुवाउन नसकेको अवस्था देखिन्छ । कुनै विद्यालयका विद्यार्थीहरुले घरैबाट तयारी पारी ल्याउने र दिवा खाजा बापतको रकम अभिभावकहरुलाई नै भुक्तानी दिने गरिएको छ ।

### ४.४.२ उद्देश्य

- बालबालिकाहरुलाई स्वस्थ एवं पोषणयुक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु,
- विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूको स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छता सम्बन्धी, सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु,
- विद्यालयमा स्वास्थ्य, खाद्य सुरक्षा, सफाइ तथा स्वच्छता, किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषण सम्बन्धी शिक्षा प्रदान गर्नु ।
- विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण र मनोविमर्श सहित प्राथमिक उपचारको सुविधा सुनिश्चित गर्नु ।

### ४.४.३ रणनीति

- बालबालिकाका लागि विद्यालयमा नै पोषिलो र ताजा खाजा तयार गर्नुका साथै खाजा भान्सा तथा भण्डार, भान्सामा प्रयोग हुने आवश्यक भाडावर्तन र अन्य सामग्रीहरू तथा समुहमा हात धुने लगायतका सुविधा विस्तार गर्दै लैजाने,
- विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्री सहित आवश्यक संख्यामा छात्र र छात्राका लागि युरिनल सहितको अलग-अलग शौचालय तथा किशोरीहरूका लागि चेन्जिङ रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था गरिने,
- विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि तथा सूक्ष्म पोषक तत्व प्रदायक ट्यावलेटहरू (भिटामिन ए र आइरन फोलिक एसिड आदि) को वितरण र किशोरीहरूको महिनावारी स्वच्छताका लागि स्यानिटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाइने,
- विद्यालयमा स्वास्थ्य, खाद्य सुरक्षा, सफाइ तथा स्वच्छता, किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषण सम्बन्धी शिक्षा प्रदान गर्न स्वास्थ्य र कृषि क्षेत्रसँग समन्वय र सहयोगमा संयुक्त कार्य योजना निर्माण गरी कार्यान्वयन गरिने,
- दिवा खाजा लगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छता सम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी प्रभावकारी बनाइने ।

### ४.४.४ प्रमुख उपलब्धि र नतिजा

#### उपलब्धि

- विद्यालयमा अध्ययन गर्न सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलतामा अभिवृद्धि तथा सिकाइमा सुधार सहित सुरक्षित तथा रमाइलो सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुनेछ ।

#### नतिजा

- दिवा खाजालाई विद्यार्थीको अधिकारको रूपमा स्थापित गर्न कानूनी प्रबन्धको कार्यान्वयन हुनेछ ।
- दिवा खाजा लगायत स्वास्थ्य तथा पोषण सम्बन्धी कार्यक्रमलाई तीनै तहका सरकार र अन्य क्षेत्र समेतको लागत साझेदारीमा व्यवस्थापन हुने गरी कानूनी मान्यता सहितको नियामक ढाँचा र कार्यान्वयनकालागि आवश्यक मापदण्ड र कार्यविधि तयार हुनेछ ।
- प्रारम्भिक बालविकास तथा शिक्षादेखि आधारभूत तह कक्षा ८ सम्मको सामुदायिक विद्यालयका सबै बालबालिकाहरूले स्वस्थकर, पौष्टिक र स्थानीय उत्पादनमा आधारित दिवा खाजा स्थानीय तहमार्फत विद्यालयबाट प्राप्त हुनेछ ।
- सामुदायिक विद्यालयको आधारभूत तह कक्षा ८ सम्मका सबै कक्षाका विद्यार्थीहरूलाई दिवा खाजा प्राप्त हुनेछ ।
- विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा पर्याप्त खानेपानी, साबुन तथा सफाइ सामग्री सहित आवश्यक संख्यामा छात्र र

छात्राका लागि अलग-अलग युरिनल सहितको शौचालय, किशोरीहरूका लागि चेन्जिङ रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था हुनेछ ।

- विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण तथा प्रतिस्थापन, बालबालिकाहरूको स्वास्थ्य जाँच, जुकाको औषधी तथा सूक्ष्म पोषक तत्व र किशोरीहरुलाई मासिक स्यानिटरी प्याड वितरण हुनेछ ।
- विद्यालयमा विद्यार्थीलाई स्वास्थ्य, खाद्य सुरक्षा, सफाइ तथा स्वच्छता, किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषण सम्बन्धी आधारभूत शिक्षा प्राप्त हुनेछ ।
- कक्षा ६-८ का वालवालिकाका लागि निशुल्क दिवा खाजा उपलब्ध भएको हुनेछ ।
- विद्यार्थीहरुमा मनोविमर्श कक्षाको अवसर प्राप्त गरेका हुनेछन् ।
- विद्यालयमा प्राथमिक उपचार फोकल शिक्षकको व्यवस्था भएको हुनेछ ।

### ४.४.५.प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य र अनुमानित वजेट

| क्र स | क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) २०८३।८४ देखि २०८७।८८ | | | | | | वजेट (५ बर्षे) | स्रोत र जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालय पोषण र दिवा खाजा सम्बन्धी स्थानीय कार्यविधि निर्माण र परिमार्जन - पालिकास्तर | पटक | १ | १ | १ | १ | १ | ५ | १२५ | पालिका र ससर्त |
| २ | दिवा खाजा व्यवस्थापन समितिका लागि अभिमुखिकरण - वडास्तर | पटक | ५ | ५ | ५ | ५ | ५ | २५ | ६२५ | पालिका / वडा |
| ३ | स्यानिटरी प्याड (कक्षा ६-१२) लगायत सफाइका सामग्रीहरुको व्यवस्थापन र विवरण - विद्यालयस्तर | छात्रा | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | सबै | ० | ससर्त / पालिका |
| ४ | विद्यालयमा सरसफाइको लागि साबुन,शौचालय क्लिनर, पानी लगायतका सामग्रीहरुको व्यवस्थापन | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ३५ | ८७५ | पालिका / विद्यालय |
| ५ | दिवा खाजा व्यवस्थापन ( ईसिडी - कक्षा ५ ) | दिन / जना | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ३५ | ० | ससर्त / पालिका |
| ६ | ६-८ दिवा खाजाको व्यवस्था (प्रतिदिन प्रति विद्यार्थी Rs २० ) | जना | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ४०० | ६७५० | पालिका र समुदाय |
| ७ | दिवा खाजा तयारी लागि आवश्यक सामग्री व्यवस्थापन | पटक | आवश्यकता अनुसार | | | | | ३५ | ८७५ | पालिका र समुदाय |
| ८ | प्राथमिक उपचार फोकल पर्सन तालिम | पटक | आवश्यकता अनुसार | | | | | ३५ | ४५० | पालिका / विद्यालय |
| | विद्यालयमा प्राथमिक उपचार किटवक्स र उपचार कक्षको व्यवस्थापन | पटक | ३५ | ३५ | ३५ | ३५ | ३५ | १७५ | ८७५ | पालिका / विद्यालय |
| ९ | वालवालिकाहरुको लागि मनोविमर्श कार्यक्रम | वडा | ५ | ५ | ५ | ५ | ५ | २५ | ६२५ | पालिका र वडा |
| १० | बालबालिकाहरुको लागि स्वास्थ्य परीक्षण कार्यक्रम - घुम्ति शिविर | वडा | ५ | ५ | ५ | ५ | ५ | २५ | ६२५ | पालिका र स्वास्थ्य शाखा |
| जम्मा (आन्तरिक स्रोत ) | | | २३६५ | २३६५ | २३६५ | २३६५ | २३६५ | | ११८२५ | आधारबर्ष ०८२।८३ |

## ४.५ विद्यालयमा सुरक्षा विपत न्यूनीकरण तथा उत्थानशिलता

### परिचय

विश्वमा बेला बेलामा आउने विभिन्न रोगजन्य महामारी, प्राकृतिक विपत्ति, द्वन्द, युद्ध जस्ता संकटको समयमा सबै ठाउँमा विद्यार्थीहरु विद्यालयमा नै जम्मा भएर पठनपाठन गर्न सक्ने अवस्था नरहन पनि सक्छ। यस्तो अवस्थामा समेत बालबालिकाहरु शिक्षाबाट बञ्चित नहुन् भन्ने उद्देश्यका साथ र बालबालिकाहरुको सिक्न पाउने अधिकारलाई संरक्षण दिदै सिकाइलाई निरन्तरता दिनको लागि वैकल्पिक उपाय सहित तयार पारिएको शैक्षिक कार्यक्रमलाई आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षा भन्ने गरिन्छ। यसको मूल उद्देश्य भनेको संकटकालीन तथा विपद्को अवस्थामा पनि बालबालिकाहरुलाई संरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रुपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमको तयारी र सञ्चालन गर्ने रहेको छ। यस अवधारणा अन्तर्गत सम्भावित जोखिमको पूर्व तयारी, आपतकालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको व्यवस्थापन आदि जस्ता कार्यढाँचा समेटिएको हुनेछ।

नेपालमा पनि प्रकोप व्यवस्थापन तथा संकटकालीन अवस्थामा शिक्षा प्राप्त गर्न बालबालिकाहरुको अधिकारलाई कुण्ठित हुन नदिने गरी नीतिगत तथा कानुनी व्यवस्थाका अतिरिक्त आवधिक योजना, शिक्षा क्षेत्रको दीर्घकालिन योजना र वार्षिक बजेट तथा कार्यक्रममा समेत समावेश गरिदै आएको छ। समय समयमा भएका नेपाल बन्द हडताल, २०७२ सालको भूकम्प, कोभिड १९ लगायत स्थानीय क्षेत्रमा घट्ने प्राकृतिक प्रकोपहरुको कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा बाधा नपुगोस् भन्ने हेतुले शिक्षा क्षेत्रको योजना (सन २०२१—२०३०) मा समेत यस कुरालाई समावेश गरिएको छ। यस महत्वलाई मध्यनजर गर्दै गाउँपालिकाले पनि आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षा योजना तयार गर्नु पर्दछ भन्ने मान्यताका साथ यस खण्डमा वर्तमान अवस्थालाई समेत विश्लेषण गरी क्रियाकलाप र उपलब्धिहरु समावेश गरिएको छ।

### ४.५.१ वर्तमान अवस्था

नेपालको संविधानले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षाका सुनिश्चितता गरी विभेद, दुराचार जस्ता कुरालाई निषेध गरेको छ। बृहत विद्यालय न्यूनतम सुरक्षा प्याकेजले सुरक्षित विद्यालय मापदण्ड अनुसार शिक्षा क्षेत्रमा विपत्तिको समयमा केन्द्रित रही सिकाइ पूर्वाधार, विपद जोखिम व्यस्थापन, विपद जोखिमका न्यूनीकरण र उत्थानशीलताका मापदण्डहरु उपयोग गरी शिक्षामा कार्यान्वयनको परिकल्पना गरेको छ। यसका अलावा राष्ट्रिय शिक्षा नीति २०७६ लगायत विभिन्न गुरुयोजना, नीतिहरुले समेत आपत् तथा विपद्को समयमा समेत विद्यालय शिक्षालाई कायम राख्नु पर्ने कुरालाई जोड दिएका छन्।

नेपालमा २०७२ सालमा आएको भूकम्प, हालको कोभिड तथा स्थानीय स्तरमा हुने बाढी, पहिरो, डुबान जस्ता विपद्ले विद्यालयमा धैरै दिनसम्म असर पारेका प्रशस्त उदाहरण रहेका छन्। विकट भौगोलिक अवस्था भएको गाउँपालिकाका विद्यालयहरु पनि विषेश पहिरो, बाढीको समयमा प्रभावित हुने गरेका छन्। कोभिड-१९ जस्ता विषम परिस्थितिले त झन आपतकालीन शिक्षाको योजना स्थानीय तहबाट निर्माण गरी आवश्यकताको आधारमा लागू गर्न तयार रहनु पर्दछ भन्ने पाठ सबैलाई सिकाएको छ। नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मिति २०७७।०२।१८ मा जारी गरेको वैकल्पिक प्रणालीबाट विद्यार्थीका सिकाइ सहजीकरण निर्देशिका, २०७७ का अनुसार वैकल्पिक प्रणाली भन्नाले कोभिड-१९ वा यस्तै प्रकारको विपद् वा महामारी जस्ता कारणले पठनपाठन गर्न कठिन भएको वा हुने अवस्थामा रेडियो, एफ.एम. रेडियो, टेलिभिजन, अनलाईन परियोजना पाठहरु, स्वअध्ययन, दूर तथा खुला शिक्षा लगायतको वैकल्पिक माध्यम वा पद्धतिबाट अध्ययन सुचारु राख्ने विधि र प्रक्रियालाई आत्मसात गर्दै यस निर्देशिकाले सूचना प्रविधिलाई पनि विशेष जोड दिएको छ।

प्राकृतिक प्रकोप, महामारी तथा अन्य कारणले उत्पन्न हुने आपतकालीन संकटको बारेमा केही पूर्वानुमान गर्न सकिए तापनि यसको ठ्याक्कै असर प्रभावको बारेमा भविष्यवाणी गर्न भने सकिंदैन। आपतकालीन अवस्थाको शिक्षा योजना बनाउँदा के कस्ता कुराहरुलाई समावेश गर्ने भन्ने कुरा प्रमुख विषय हो। स्थानीय तहले आपतकालीन अवस्थाको शिक्षा योजना निर्माण गर्दा केन्द्रीय योजनासंग कसरी तालमेल मिलाउने ? योजना अल्पकालीन बनाउने कि दीर्घकालीन बनाउने ? जस्ता चुनौतीहरु छन्। यस्ता चुनौतीहरुलाई विचार गर्दै गाउँपालिकाले आपतकालीन शिक्षा योजना बनाउने अवस्थाको आँकलन, स्रोत साधनको व्यवस्थापन र जिम्मेवारीको कुराहरुलाई महत्वका साथ सम्बोधन गर्नुपर्दछ। यद्यपि राज्यका तीन तहका सरकारका वीच समन्वय सहकार्य र सञ्जाल तयार भई गैर सरकारी निकायवाट पनि आवश्यक सहयोग र सहजीकरण हुदै आएको छ।

### ४.५.२ लक्ष्य  र उद्देश्य

**लक्ष्य**

- आपतकालीन र संकटपूर्ण अवस्थामा शैक्षिक क्षति न्यूनीकरण गर्न समुदायलाई प्रत्यक्ष परिचालन गर्न विपद् प्रतिकार्य योजना निर्माण गरी संकटपूर्ण अवस्थामा शिक्षाको लागि उचित वातावरण निर्माण गर्ने ।

**उद्देश्य**

- संकटको सम्भावित जोखिम कम गर्न विद्यालय तथा समुदायको क्षमता विकास तथा परिचालन गरी पूर्व सावधानी अपनाई सम्भावित शैक्षिक क्षति न्यूनीकरण गर्नु,
- विद्यालयमा विपत् फोकल पर्सनको व्यवस्था गर्नु
- विद्यालय सुरक्षा योजना तयार हुने र प्रदर्शन गर्नु
- विद्यालयको जोखिम युक्त क्षेत्र र स्थान पहिचान गर्नु
- विपद् तथा संकटपूर्ण अवस्थामा पनि बालवालिकाको शिक्षाको लागि वातावरण तयार गर्नु,
- विद्यालय स्तरीय विपत्  जोखिम न्यूनीरकण पूर्वतायरी र प्रतिकार्य योजना तयार गर्नु  ।
- विपदको  समयमा सिकाई निरन्तरताको योजना तयारी र सिकाई अवसर प्राप्तीको  सुनिश्चित गर्नु

### ४.५.३  रणनीति

- प्रकोप, विपद्, महामारीको पूर्व अनुमान अनुसार संघीय सरकारले बनाएको कार्यविधिहरुको लागू गर्ने संयन्त्रको विकास गरिने,
- स्थानीय सरकारवाला तथा विज्ञहरुसंग अन्तरक्रिया छलफल गरी स्थानीय स्तरमा तहगत रुपमा वैकल्पिक सिकाइ पाठ योजना तयार पारिने,
- स्थानीय रेडियो, टेलिभिजन लगायतका संस्थाहरुसंग समन्वय गरिने,
- विपद प्रतिरोधी पूर्वाधारहरुको निर्माणमा जोड दिइने,
- स्थानीय विज्ञहरु समेत समेटी गाउँपालिका स्तरीय एउटा विपद व्यवस्थापन समिति बनाइने छ, जसमा विद्यालय शिक्षा उपसमिति समेत बनाई कार्य सम्पादन गरिने,
- विद्यालय स्तरीय प्रतिकार्य योजना तयार गरिने,
- महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिन वैकल्पिक उपायहरुको तयारी गरिने,
- विपद् व्यवस्थापनको लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गरिने,
- विद्यालय सुधार योजनामा विपद् व्यवस्थापन योजना समावेश गरी कार्यान्वयन गर्ने,
- हरित विद्यालय, जलवायु परिवर्तन तथा दिगो विकास जस्ता कार्यक्रमहरु कार्यान्वयन गर्ने ।

### ४.५.४ प्रमुख उपलब्धि र नतिजा

**उपलब्धि**

- आपतकालीन तथा संकटका समयमा समेत गाउँपालिका भित्रका विद्यालयहरुमा पठपाठन गर्न विद्यार्थीहरुले वैकल्पिक माध्यमबाट भए पनि सिकाइ निरन्तरताको सुनिश्चित हुनेछ ।

**नतिजा**

- विद्यालय तथा स्थानीय शिक्षा प्रणालीमा आपतकालीन तथा संकटको समयको लागि व्यवहारिक योजना निर्माण भई आवश्यकताका आधारमा लागू हुनेछ ।
- प्रकोप तथा महामारीमा समेत सिकाइ निरन्तरता भएको  हुनेछ ।
- आपतकालीन अवस्थामा वैकल्पिक सिकाइका विधिहरु प्रयोग गरी बालबालिकाहरुले सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुनेछ ।

○ विद्यालयमा विपद फोकल पर्सनको व्यवस्था भएको हुनेछ ।
○ लर्निङ् लस र लर्निङ् प्लसको कार्यक्रम सञ्चालन भएको हुनेछ ।
○ पालिकामा विपदको समयमा सिकाईको निरन्तरताको कार्ययोजना एवम् आकस्मिक शिक्षा योजना कार्यान्वयन भएको हुनेछ ।
○ विद्यालयहरुमा न्यूनतम एक हरियाली क्षेत्र विकास भएको हुनेछ ।
○ विद्यालयको गमला र फुलवारी सहितको सौन्दर्यकरण कार्य थालनी भएको हुनेछ ।

### ४.५.६ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य र अनुमानित वजेट

| क्र स | क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) २०८३।८४ देखि २०८७।८८ | | | | | | वजेट (५ वर्ष) | स्रोत र जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | आतपकालीन संकटकालीन अवस्थामा शिक्षा सम्बन्धी आकस्मिक योजना कार्यविधि विकास र परिमार्जन -पालिकास्तर | पटक | १ | १ | १ | १ | १ | २ | १५० | पालिका / शिक्षा शाखा |
| २ | विद्यालय सुधार योजनामा विपत सम्बन्धि योजना समावेश - विद्यालयस्तर | विद्यालय | ३५ | ३५ | ३५ | ३५ | ३५ | १७५ | ० | विद्यालय |
| ३ | विद्यालय स्तरमा विपत फोकल पर्सन | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ३५ | ० | विद्यालय र पालिका |
| ४ | फोकल शिक्षक एवम् प्र.अ तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | पालिका र पालिका रेडक्रस |
| ५ | विपद् पूर्व तयारी, प्रतिकार्य, पुनस्थापना तथा उत्थानशीलताको लागि सचेतना | वडा | ५ | ५ | ५ | ५ | ५ | २५ | १२५० | पालिका र वडा वा लिडर विद्यालय |
| ६ | विद्यालयमा विपद जोखिम क्षेत्र पहिचान | विद्यालय | ३५ | ३५ | ३५ | ३५ | ३५ | १७५ | ० | विद्यालय र गैसस |
| ७ | विद्यालय सुरक्षा योजना तयार र प्रदर्शन | विद्यालय | ३५ | ३५ | ३५ | ३५ | ३५ | १७५ | ० | विद्यालय र गैसस |
| ८ | विपत जोखिम न्यूनीकरुण सम्बन्धि सचेतना र अभ्यास (Drill ) | विद्यालय | ३५ | ३५ | ३५ | ३५ | ३५ | १७५ | ० | विद्यालय र फोकल शिक्षक |
| ९ | विपतको समयमा सिकाई निरन्तरताको लागि पूर्वतयारी योजना र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | २५० | पालिका / शिक्षा शाखा |
| १० | विपतको समयमा सिकाई निरन्तरताको लागि पूर्वतयारी योजना कार्यान्वयन – विद्यालयस्तर | विद्यालय | ३५ | ३५ | ३५ | ३५ | ३५ | १७५ | १७५० | विद्यालय |
| | Learning Loss – Learning Plus कार्यक्रम सञ्चालन | विद्यालय | ३५ | ३५ | ३५ | ३५ | ३५ | १७५ | १७५० | पालिका र गैसस |
| | ReAl Plan कार्यान्वयन | विद्यालय | ३५ | ३५ | ३५ | ३५ | ३५ | १७५ | ० | ससर्त |
| १२ | हरित विद्यालय व्यवस्थापन समिति गठन र परिचालन | विद्यालय | १३ | १३ | १३ | १३ | १३ | ६५ | ० | विद्यालय र विद्यार्थी |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | विद्यालयमा हरियालि क्षेत्र विकास – एक कक्षा एक फूलवारी / हरियाली कुना (एक सदन एक हरियाली क्षेत्र ) | विद्यालय | ३५ | ३५ | ३५ | ३५ | ३५ | १७५ | ० | विद्यालय र विद्यार्थी |
| १४ | ईको क्लव गठन र परिचालन | विद्यालय | ६ | ६ | ६ | ६ | ६ | ३० | ७५० | विद्यालय र क्लव |
| १५ | विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिमा आकस्मिक व्यवस्थापन योजना निर्माण तथा कार्यान्वयन | स्थानीय तह | आवश्यकता अनुसार | | | | | ५ | १००० | पालिका र विद्यालय |
| १६ | एक विद्यार्थी एक विरुवा उपहार | विद्यार्थी | विद्यालय हाम्रो सिकाई घर - जन्म दिवसमा मेरो रहर | | | | | सवै | ० | विद्यार्थी |
| | एक पदाधिकारी एक फलफूल विरुवा | पदाधिकारी | हामी पदाधिकारीको रहर - विशेष पर्वको उपहार | | | | | सवै | ० | पदाधिकारी / विद्यालय |
| | एक शिक्षक- एक गमला सहितको फूल | शिक्षक | हामी शिक्षक सिकाईका मूल - जन्मदिनमा एक गमला र फूल | | | | | सवै | ० | शिक्षक / विद्यालय |
| जम्मा (आन्तरिक स्रोत) | | | १४८० | १४८० | १४८० | १४८० | १४८० | | ७४०० | आधारबर्ष ०८२।८३ |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### परिचय

शिक्षण सिकाइका लागि सुरक्षित विद्यालय भौतिक वातावरण अपरिहार्य हुन्छ । सुरक्षित विद्यालय भौतिक वातावरणमा अभिभावकहरु आफ्ना नानीवावुलाई निसंकोच विद्यालय पठाउन खुसी हुन्छन् र शिक्षक विद्यार्थीहरु निर्धक्कसँग शैक्षणिक क्रियाकलापमा सहभागी हुन्छन् । जसवाट गुणस्तरीय शिक्षाको प्रवर्द्धन गर्ने वातावरण निमार्ण गर्न सकिन्छ । विद्यालयको भौतिक वातावरणमा विभिन्न तत्वहरु समावेश रहन्छ । मुलतः भवन/कक्षाकोठा, फर्निचर, सेतोपाटी, शौचालय सुविधा, शुद्ध खानेपानी, खेलमैदान, सुरक्षित घेरावार, खेल सामग्री, पुस्तकालय, प्रयोगशाला, सूचना प्रविधिका सामग्रीहरु, शैक्षिक सामग्रीहरु पर्दछन् । विद्यालयको वाह्य र आन्तरिक वातावरणमा विद्यार्थीहरुले सुरक्षित महशुस गर्नु पर्दछ । सुरक्षित वातावरणमा मात्रै बालबालिकाहरुले सिकाइलाई सहजतारुपमा लिन सक्छन् र स्तरीयता प्रवर्द्धन गर्न सकिन्छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरुमा भवन, कक्षाकोठा, फर्निचर प्रयोगशाला शौचालय पिउनेपानी पुस्तकालय बुक कर्नर जस्ता भौतिक पूर्वाधारहरु विपत जोखिमयुक्त वनाउदै सवै विद्यालयहरुलाई सुरक्षित बालमैत्री हरित विद्यालयका रुपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्था गरेको छ ।

### ४.६.१ वर्तमान अवस्था

यस सिलिचोङ गाउँपालिकामा सामुदायिक ३५ विद्यालयहरु मार्फत शैक्षिक क्रियाकलापहरु सञ्चालनमा रहेका छन् । उक्त विद्यालयहरुको भौतिक संरचना सन्तोषजनक रहेको पाइन्छ । विशेष गरी २०७२ सालको विनाशकारी भूकम्पवाट प्रभावित जिल्ला र पालिका रहेकोले विद्यालयका संरचनाहरु क्षति भएको सन्दर्भमा पुनर्निर्माणको चरणमा प्राथमिकता परेको थियो । जसले गर्दा अधिकांश विद्यालयहरुमा सुरक्षित भौतिक पूर्वाधारहरु निर्माण भएका छन् ।

सामुदायिक विद्यालयहरुमा हुनु पर्ने न्यूनतम पूर्वाधारहरुलाई व्यवस्थापन गरी शिक्षा नीति २०७६ ले निर्दिष्ट गरेका क्षेत्रहरुलाई परिपूर्ति गर्दै जानु पर्ने देखिन्छ । विद्यालयको सूरक्षित भौतिक पूर्वाधार निर्माणमा संघीय सरकार र प्रदेश सरकार संवेदनशील हुनु पर्दछ ।

### अवसर र चुनौती

विद्यालयको सुरक्षित भौतिक पूर्वाधारहरु निर्माणले सामुदायिक विद्यालय शिक्षामा बालबालिकाहरुको पहूँच र समतामा अभिवृद्धि भएको छ । विद्यालयको वाह्य वातावरणमा सुधार आउनुको साथै कक्षा कोठा व्यवस्थापनमा सूचना प्रविधिको

प्रयोगमा वढोत्तरी भएको छ। शिक्षण सिकाइ क्रियाकलापमा सुधार आइ विद्यार्थीहरुको सिकाइमा सुधार आएको छ। यसको अतिरिक्त स्थानीय समुदायहरुको आय आर्जनमा अभिवृद्धिका साथै जीवन शैलीमा समेत परिवर्तन भएको छ।

सवै विद्यालयहरुमा सुरक्षित भौतिक पूर्वाधारहरुको निर्माण अपरिहार्य रहेको छ। तर सीमित स्रोत साधन र वढ्दो शहर तर्फको अस्थायी वसोवास गर्ने प्रवृतिका कारण ग्रामीण क्षेत्रमा रहेका विद्यालयहरुमा बालबालिकाहरुको संख्या दिनानुदिन घट्दो क्रमले विद्यालयको सुरक्षित भौतिक पूर्वाधार निर्माणमा चुनौती देखिएको छ। कतिपय विद्यालयहरुमा पर्याप्त खानेपानीको अभावका कारण शौचालय सरसफाईमा समस्या रहेको छ। नागरिकहरुको वसोवासलाई आधारमानी विद्यालयहरुको पुन संरचना गरी विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्नु पर्ने आवश्यकता रहेको छ। यसको लागि स्रोत साधनको व्यवस्थापनमा संघीय र प्रदेश सरकारसँग समन्वय र सहकार्यमा जोड दिनु पर्दछ।

### ४.६.२ उद्देश्य

- विद्यालय शिक्षाका लागि आवश्यक मापदण्ड विकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु।
- निर्मित भौतिक पूर्वाधारको मर्मत सम्भार तथा सवलीकरण गर्नु।
- विद्यालयको सूरक्षित भौतिक पूर्वाधार निर्माणमा स्थानीय समुदायको संलग्नता गराउन ज्ञान, सीप र प्रविधिको प्रयोग गर्ने क्षमता विकास गर्नु।
- सबै विद्यालयमा सुरक्षित र न्यूनत सिकाई अनुकुल भौतिक वातावरण तयार गर्नु ।
- भौगोलिक विकटता र विषमताको कारण अवासीय सुविधाका लागि छात्रावासको व्यवस्था गर्नु।

### ४.६.३ रणनीति

- विद्यालयको न्यूनतम भौतिक पूर्वाधार विकासका लागि 'सुदृढ भौतिक पूर्वाधार सिलिचोङको उपहार' भन्ने अभियान सञ्चालन गर्ने
- संघीय र प्रदेश सरकारसँगको समन्वय एवं सहकार्यमा स्वीकृत मापदण्ड वमोजिम सुरक्षित विद्यालय पूर्वाधारको विकास गर्ने।
- संघ संस्थाको सहयोगमा निर्माण हुने विद्यालय पूर्वाधारहरु स्वीकृत मापदण्ड अनुसार हुने गरी मात्र अनुमति दिने।
- भइरहेका विद्यालय पूर्वाधारहरुको मर्मत सम्भार एवं प्रवलीकरणमा जोड दिने।
- विद्यालय पूर्वाधार मर्मत तथा सम्भार कोष निर्माण गर्ने।
- सुरक्षित विद्यालय भौतिक पूर्वाधार निर्माणकालागि विद्यालयगत गुरु योजना निर्माण गरी सो अनुसार निर्माण कार्य गर्ने।
- विद्यालय पूर्वाधार निर्माण कार्य खण्ड खण्डमा नगरी पूर्ण निर्माणमा जोड दिने।
- विद्यालय हाताभित्र वृक्षारोपण, हरियाली क्षेत्र र वगैचा निर्माण गर्ने।
- विद्यालय निर्माणमा स्थानीय जनशक्तिलाई परिचालन गर्ने।
- निर्माण कार्यमा संलग्न जनशक्तिलाई निर्माण कार्यको मापदण्ड सम्वन्धी अभिमुखीकृत गरी सीप विकासमा जोड दिने।
- विद्यालय पूर्वाधार विकासमा संघ, प्रदेश र विभिन्न संघ/संस्थाहरुको सहयोगमा स्रोत साधनको व्यवस्थापन गरी एकद्धार प्रणालीवाट निर्माण कार्यमा जोड दिने।

### ४.६.४ प्रमुख उपलव्धि र नतिजा

#### उपलव्धि

- विद्यालयहरुमा बालमैत्री, अपाङ्गमैत्री एवं लैङ्गिकमैत्री सुरक्षित भौतिक पूर्वाधारहरुको निर्माण भई विद्यालयको वातावरण सिकाइ अनुकूल भएको हुनेछ।

#### नतिजा

- विद्यालयहरुमा सुरक्षित भौतिक संरचना निर्माण एव मर्मत सम्भार भएको हुनेछन्।
- विद्यालयहरुमा निर्मित भौतिक संरचनाहरु बालमैत्री, अपाङ्गमैत्री एवं लैङ्गिकमैत्री सुरक्षित हुनेछन्।

- विद्यालयहरुको पूर्वाधार निर्माणमा स्थानीय नागरिकहरुको सहभागिता भई सुरक्षित पूर्वाधार निर्माण सम्वन्धी ज्ञान, सीप एवं प्रविधिको प्रयोगका वारेमा परिचित हुनेछन् ।
- भौगोलिक विकटता क्षेत्रका वालवालिकाहरुमा  अवासीय सुविधा सहितको सिकाई अवसर प्राप्त भएको हुनेछ ।
- सुदृढ र व्यवस्थित पुस्तकालय र प्रयोगशाला संरचना तयार भएको हुनेछ ।
- हरित विद्यालय कार्यक्रम कार्यान्वयनको थालनी भएको हुनेछ ।

### ४.६.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य  र अनुमानित वजेट

| क्र स | क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य (२०८३/०८४-०८७/०८८) | | | | | जम्मा | ५ बर्षको वजेट | स्रोत र जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | **सामुदायिक विद्यालयको  "सुदृढ भौतिक पूर्वाधार  सिलिचोङको उपहार "** | | | | | | | | | |
| १.१ | विद्यालय कक्षाकोठा फर्निचर मर्मत सम्भार ( सामान्य ) | विद्यालय | १० | १० | १० | १० | १० | ५० | १२५० | पालिका |
| १.२ | विद्यालय कक्षाकोठा फर्निचर मर्मत सम्भार (सानो ) | विद्यालय | १५ | १५ | १५ | १५ | १५ | ७५ | ३७५० | पालिका |
| १.३ | विद्यालय कक्षाकोठा फर्निचर मर्मत सम्भार (ठूलो ) | विद्यालय | १० | १० | १० | १० | १० | ५० | ३७५० | पालिका |
| १.४ | शौचालय र खानेपानी मर्मत संभार (WASH ) | विद्यालय | ७ | ७ | ७ | ७ | ७ | ३५ | १७५० | पालिका |
| २ | विद्यालय भौतिक पूर्वाधार निर्माण र मर्मत संभार आधारभूत सीपयुक्त श्रमिकहरुको क्षमता विकास तथा प्राविधिक अनुशिक्षण | जना | आवश्यकता अनुसार | | | | | १२५ | २५० | पालिका |
| ३ | बाल कक्षा देखि कक्षा ३ सम्मका कक्षाकोठा रंगरोगन र वसाई व्यवस्थापन (CFC setup ) | कक्षा कोठा | ३५ | ३५ | ३५ | ३५ | ३५ | १७५ | १७५० | पालिका |
| ४ | मेघा विद्यालयको विकास (छात्रावास  व्यवस्थापन ) | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ७५० | पालिका |
| ५ | माध्यमिक विद्यालयहरुमा विषयगत प्रयोगशालाको सुदृढीकरण | विद्यालय | आवश्यकता अनुसार | | | | | १२ | ६०० | पालिका |
| ६ | आधारभूत  विद्यालयहरुमा विषयगत प्रयोगशालाको सुदृढीकरण | विद्यालय | आवश्यकता अनुसार | | | | | ७ | ३५० | पालिका |
| ७ | विद्यालय घेरावार एवम् वाह्य वातावरण सुधार  र सौन्दर्यकरण | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १७५० | पालिका |
| जम्मा (आन्तरिक स्रोत ) | | | ३१९० | ३१९० | ३१९० | ३१९० | ३१९० | | १५९५० | आधारबर्ष ०८२।८३ |
| १ | आधारभूत विद्यालयमा विज्ञान एवम् आई सि टि  प्रयोगशालाको व्यवस्थापन  (६-८) | विद्यालय | १ | १ | १ | २ | २ | ७ | ३५०० | प्रदेश र  संघ सरकार |
| २ | एक पालिका एक खेल मैदान | विद्यालय | १ | १ | १ | १ | १ | ५ | २५०० | संघ  र  प्रदेश सरकार |
| ३ | WASH सहित शौचालय निर्माण ( छात्रा शौचालय सहित ) | वटा | २ | २ | ३ | ३ | ३ | १३ | ६५०० | संघ  र  प्रदेश सरकार |
| ४ | विद्यालय भवन निर्माण  (४ कोठे ) | ओटा | १ | १ | १ | १ | १ | ५ | २०००० | संघ सरकार |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | हरित विद्यालय वातावरण निर्माण | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १२ | १२०० | संघ र प्रदेश सरकार |
| ६ | मेघा विद्यालयको विकास (छात्रावास निर्माण सहित) क्रमागत | विद्यालय | १ | १ | १ | १ | १ | १ | ६००० | संघ र प्रदेश सरकार |
| ७ | विद्यालय घेरावार पर्खाल र खेलमैदान (व्यवस्थित ) | विद्यालय | १ | १ | १ | १ | १ | ५ | २५०० | संघ र प्रदेश सरकार |
| ८ | विषयगत प्रयोगशालाको व्यवस्थापन (माध्यमिक) | विद्यालय | १ | | १ | | १ | ३ | १९५० | प्रदेश र संघ सरकार |
| | विषयगत प्रयोगशालाको व्यवस्थापन (आधारभूत ) | विद्यालय | | १ | | १ | | २ | १३०० | प्रदेश र संघ सरकार |
| जम्मा(बाह्य स्रोत) | | | ९०९० | ९०९० | ९०९० | ९०९० | ९०९० | | ४५४५० | आधारबर्ष ०८२।८३ |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### परिचय

सबै नागरिकहरूमा देश विकासका लागि आवश्यक ज्ञान तथा सीप विकास गराउनु र नेपाललाई विश्वव्यापी समुदायमा आबद्ध गराउनु शिक्षाको दीर्घकालिन उद्देश्य रहेको छ। विश्व प्रतिस्पर्धी, श्रम बजारको माग अनुरुपको जनशक्ति उत्पादनको लागि विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिमा जोड दिनु अपरिहार्य छ। विद्यालय शिक्षाको गुणस्तर सुधार गरी सहरी तथा ग्रामीण, सुगम तथा दुर्गम र निजी तथा सामुदायिक विद्यालयहरूबीच देखिएको शैक्षिक गुणस्तरको दूरी घटाउन एवम् विश्व ज्ञान भण्डारमा विद्यार्थीको पहुँच विस्तार गरी उनीहरूको सिकाइको दायरा फराकिलो पार्न , विशेष गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधार गर्न, सिकाइ सामग्रीको प्रयोगमा पहुँच बढाउन र शैक्षिक प्रशासन र व्यवस्थापनलाई सुदृढ तुल्याउन वर्तमान समयमा सूचना तथा सञ्चार प्रविधि अपरिहार्य रहेको छ।

नेपालको संविधान, २०७२ ले सूचनाको हकमा प्रत्येक नागरिकको आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र प्राप्त गर्ने हक हुनेछ भनी मौलिक हकमा उल्लेख गरेको छ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुर्याई डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने सबैका लागि शिक्षामा पहुँच पुर्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहयोग पुर्याउनु पर्दछ। त्यसैगरी नेपालको सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुर्याउने विषयमा नीति निर्धारण गरेको छ। शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी गुरू योजना कार्यान्वयन गर्ने लगायतका नीतिहरू उल्लेख गरेको छ। डिजिटल नेपालको कार्य ढाँचा, २०७६ ले विद्यालय तथा क्याम्पसहरूमा सूचना तथा सञ्चार प्रविधि शिक्षा, जियोस्पासियल र जिआइएस (Geospatial/GIS) शिक्षा प्रदान गर्ने र शिक्षा क्षेत्रको सूचना तथा सञ्चार प्रविधि शिक्षा सम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधि सम्बन्धी साक्षरता प्रदान गरेको छ।

नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्वन्धी नीतिहरू उल्लेख गरिएको छ । उक्त शिक्षा नीतिमा सबै विद्यालय तथा शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुर्याउने, तालिम, शिक्षण सिकाइ तथा व्यवस्थपनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरिएको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी गुरू योजना, २०१३-२०१७ ले १० हजार विद्यालयमा शिक्षण सिकाइका लागि इन्टरनेट कनेक्टिभिटी सहित सूचना प्रविधिका संरचनाका विकास तथा प्रयोग गर्ने, शिक्षक तथा शिक्षा क्षेत्रको अन्य जनशक्तिका लागि सूचना तथा सञ्चार

प्रविधिको प्रयोग गर्ने, सबै विद्यालयहरूमा डिजिटल सामग्रीहरुको व्यवस्थापन गर्ने, निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषय पाठ्यक्रम समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामग्री तयार गर्ने, सबै विद्यालयहरूमा डिजिटल सामग्री आदान प्रदान गर्न प्लेटफर्म बनाउने उल्लेख गरेको छ। त्यसै गरी निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषयवस्तु पाठ्यक्रममा समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामग्री तयार गर्ने, शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटलाइज गर्ने, विद्यालयहरुलाई सूचना प्रविधिको केन्द्रका रूपमा विकास गर्ने लगायतका कार्यक्रमहरू निर्धारण गरिएका छन्।

### ४.७.१ वर्तमान अवस्था

सूचना र सञ्चार क्षेत्रमा भएको विकासले आजको समयमा प्राय सबै क्षेत्रमा प्रत्यक्ष सकारात्मक र नकारात्मक दुवै असर पारेको देखिन्छ। शिक्षाक्षेत्र सूचना र सञ्चार प्रविधिबाट अलग हुनै नसक्ने अभिन्न अंग हो। शिक्षा क्षेत्रमा नवीनतम् सूचना तथा प्रविधिहरुको प्रयोगबाट विद्यार्थीहरुको सिकाइमा स्थायित्व र गुणस्तरमा सुधार ल्याउन सकिन्छ।

सिलीचोङ गाउँपालिका स्थित रहेका विद्यालयहरुको सूचना र सञ्चार प्रविधिको प्रयोगको अवस्थालाई हेर्दा सामान्य ढङ्गबाट प्रयोगमा आएको देखिन्छ। नेपाल सरकारबाट यसलाई अधिकतम प्रयोगमा आउने गरी विगतका प्रत्येक आर्थिक वर्षहरुमा पालिकामा रहेका विद्यालयहरुलाई कार्यान्वयन पुस्तिका अनुसार स्थानीय सरकारबाट विद्यालयहरुको अनुगमन मूल्याङकन गरी आवश्यकता अनुसार समान रुपमा वितरण गरिंदै आइएको छ। तथापि केही विद्यालयहरुले कम्प्यूटर सम्बन्धी दक्ष जनशक्ति नभएका कारण दैनिक सिकाइ सहजीकरणमा प्रभावकारी कार्यान्वयन नभएको अवस्था छ। पछिल्लो समय शिक्षा क्षेत्रमा नवप्रवेशी जनशक्तिहरुबाट सूचना र सञ्चार प्रविधिलाई आफ्नो सिकाइ सहजीकरण कार्यमा नियमित प्रयोगको प्रयास गरिएको छ। जसले गर्दा विद्यार्थीहरुमा सिकाइ प्रतिको सकारात्मक तथा रचनात्मक मनोविज्ञानको विकास भएको पाइन्छ।

सूचना र सञ्चार प्रविधिको प्रयोगबाट नितान्त विद्यार्थीहरु लाभान्वित हुने भए तापनि भौगोलिक जटिलता, दक्ष जनशक्ति नभएका कारण तथा केही विद्यालयहरुमा विद्युत शक्तिको आपूर्ति नभएका कारण सूचना र सञ्चार प्रविधिका साधन व्यावहारिक प्रयोजनमा ल्याउने अवस्था नरहेको देखिन्छ। तथापि पालिकाबाट सबै विद्यार्थीहरुलाई लाभ दिने उद्देश्यले सूचना र सञ्चार प्रविधिका साधनहरु प्रत्येक आर्थिक वर्ष वितरण गरिँदै आएको छ।

### ४.७.२ उद्देश्य

- सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार गर्नु,
- सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुऱ्याउनु,
- शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, पारदर्शी र समतामूलक बनाउनु,
- सामुदायिक सिकाइ केन्द्रहरूमा Digital Learning Center स्थापना गर्नु,
- सम्पूर्ण विद्यालयमा सूचना प्रविधिको प्रयोग सुनिश्चित गर्नु,
- सूचना प्रविधिमा लागत साझेदारीको अभिवृद्धि गर्नु।
- सूचना तथा प्रविधिको संस्थागत संरचनालाई दिगो र व्यवस्थित गर्नु।
- डिलिटल ट्रान्सफरमेशन अर्थात AI साक्षरताको अवसर प्रदान गर्नु।
- शिक्षण सिकाईमा सिकाई चौतारी र AI को प्रयोगको वातावरण सुनिश्चित गर्नु।
- सूचना तथा प्रविधि फोकल पर्सनको व्यवस्था र प्रविधिसहजकर्ता तयार गर्नु

### ४.५.३ रणनीति

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गरिने,
- सबै शिक्षकहरूको क्षमता विकास गरिने,
- विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग बढाइने,
- शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने,
- शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधा मार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गरिने,

- शिक्षाका विभिन्न सेवा प्रवाह तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गरिने,
- सामुदायिक अध्ययन केन्द्रहरूमा Digital Learning Center स्थापना गरिने।
- सूचना प्रविधिमा लागत साझेदारीको अभिवृद्धि गरिने।
- शिक्षकहरुमा सिकाई चौतारी वारे अभिमुखीकरण र सोको प्रयोगमा अनिवार्य गरिने।
- विद्यार्थीहरु AI साक्षरता र सोको दुरुपयोग वारे अभिमुखीकरण कार्यक्रम गरिने।
- डिलिटल ट्रान्सफरमेशन अर्थात AI साक्षरताको कक्षा सञ्चालन गरिने ।
- एक विद्यालय एक सूचना प्रविधि सहजकर्ता व्यवस्था गर्ने

### ४.५.४ प्रमुख उपलब्धि र नतिजा

#### उपलब्धि

- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रवर्द्धन हुनेछ।

#### नतिजा

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पहुँच पुग्नेछ,
- विभिन्न कक्षा र विषयका अन्तरक्रियात्मक डिजिटल सामग्रीमा विद्यार्थीको सहज पहुँच हुनेछ,
- सबै विद्यालयहरूले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरेको हुनेछ,
- सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुनेछ,
- सामूदायिक सिकाइ केन्द्रमा सूचना प्रविधिको प्रयोगमा विस्तार हुनेछ,
- सूचना प्रविधिमा आधारित एकीकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली सुदृढ हुनेछ,
- सूचना प्रविधिको प्रयोगले व्यवस्थापन र सुशासनमा सुधार आउनेछ,
- अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीमा सुधार आउनेछ,
- डिलिटल ट्रान्सफरमेशन अर्थात AI साक्षरताको अवसर प्राप्त भएको हुनेछ ।
- शिक्षण सिकाईमा सिकाई चौतारी र AI को प्रयोगको वातावरण सुनिश्चित भएको हुनेछ ।
- सूचना प्रविधिमा लागत साझेदारी गरी पहुँचमा अभिवृद्धि हुनेछ।
- प्रत्येक विद्यालयमा एक सूचना प्रविधि सहजकर्ता रहनेछन् ।

### ४.७.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य र अनुमानित वजेट

| क्र.स. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) २०८३।८४ देखि २०८७।८८ | | | | | | वजेट (५ बर्ष ) | स्रोत र जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | आधारभूत विद्यालयमा विद्युतीय सामग्रीको व्यवस्था ( ल्यापटप प्रिन्टर र प्रोजेटर ) | सेट | | | | | | २२ | ५५० | पालिका |
| २ | सूचना तथा प्रविधि फोकल पर्सन | विद्यालय | ३५ | ३५ | ३५ | ३५ | ३५ | १७५ | ० | विद्यालय |
| | सूचना तथा प्रविधि फोकल पर्सन प्रोत्साहन (Rs 5000 ) | लिडर विद्यालय | ३५ | ३५ | ३५ | ३५ | ३५ | १७५ | ८७५ | पालिका |
| ३ | प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था | वटा | ३५ | ३५ | ३५ | ३५ | ३५ | १७५ | ० | ससर्त र पालिका |
| ४ | सिकाई चौतारी सम्बन्धि अभिमुखिकरण र प्रयोग | पटक | १ | १ | १ | १ | १ | ५ | २५० | पालिका र आइटी |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | फोकल पर्सन |
| ५ | विद्यालयमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता | विद्यालय | ३५ | ३५ | ३५ | ३५ | ३५ | १७५ | ३५०० | पालिका / स्थानीय दातृ संस्था |
| ६ | IEMIS व्यवस्थापन एवम् डाटा वेस अपडेट | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | ५०० | ससर्त र पालिका |
| ८ | विद्यालयमा इ हाजिरी व्यवस्थापन र सहजीकरण | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १२५ | सूचना तथा प्रविधि शाखा |
| ९ | माध्यमिक विद्यालयका अनिवार्य विषयहरूको भर्चुअल कक्षा सञ्चालन | माग अनुसार | ६ | ६ | ६ | ६ | ६ | ३० | ० | प्रदेश र पालिका |
| १० | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्प्यूटर, इन्टरनेट सिसिटिभि क्यामरा लगायतको व्यवस्थापन (लागत सहभागिताका अधारमा) | सार | ३५ | ३५ | ३५ | ३५ | ३५ | १७५ | ३५०० | पालिका र दातृ संस्था |
| ११ | प्रविधि मैत्री सिकाइका लागि टेलिभिजन, कम्प्यूटर, इन्टरनेट लगायत प्रयोगका लागि तालिम एवम् प्राविधिक अनुशिक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | २५० | पालिका |
| १२ | शिक्षकहरूको लागि डिजिटल ट्रान्सफरमेशन सम्बन्धि क्षमता विकास तालिम | विद्यालय | माग अनुसार क्रमश | | | | | ३५ | ७५० | पालिका |
| | डिजिटल सिकाई AI साक्षरता कक्षा | विद्यार्थी | माग अनुसार क्रमश | | | | | ३५ | ७५० | पालिका र विद्यलाय |
| | डिजिटल एवम अनलाई सिकाई सुरक्षा सम्बन्धि क्षमता विकास तालिम | विद्यालाय | माग अनुसार क्रमश | | | | | ३५ | 0 | विद्यालय र शिक्षक |
| जम्मा (आन्तरिक स्रोत ) | | | २१०० | २१०० | २१०० | २१०० | २१०० | | १०५०० | आधारवर्ब ०८२।८३ |

## परिच्छेद ५
## अन्य उपक्षेत्र (स्थानीय विषय क्षेत्र)

आवश्यकता अनुसार  आगामी दिनमा समावेश गर्ने गरि स्थान सुरक्षित राखिएको छ। जस्तै :  निजी लगानीमा सञ्चालित विद्यालय अर्थात संस्थागत विद्यालय  ,  उच्च शिक्षा ,  धार्मिक विद्यालय आदि

# परिच्छेद ६
# विद्यालय सुशासन तथा व्यवस्थापन

## विषय प्रवेश

शिक्षा जस्तो महत्त्वपूर्ण सार्वजनिक सेवालाई सबल, चुस्त, सेवा उन्मुख तथा परिणाममुखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका ज्यादै महत्त्वपूर्ण रहन्छ । सामान्यतया सुशासन तथा व्यवस्थापनले उत्तरदायित्त्व, पारदर्शिता, जिम्मेवारी बोध वा जवाफदेहीपन, विधिको शासन, समता तथा समावेशिता र व्यापक सहभागिता सुनिश्चित गरी योजनाका उद्देश्यहरू प्राप्तिमा सहयोग पुऱ्याउन तयार गरिएका संरचना तथा प्रकियाहरू जनाउँदछ । सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वयन गर्न, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित भई कार्य गर्न, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायित्त्व वहन गर्न, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्न, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्न र पारदर्शिता  तथा विधिको सर्वोच्चता कायम गर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रियाहरू व्यवस्थित गरिनु पर्दछ । शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले आ-आफ्नो भूमिका अनुसार सुशासन कायम गर्न यी सबैको योगदान आवश्यक हुन्छ । नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूची सहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ । विद्यालय शिक्षाको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना सहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको व्यवस्थापकीय प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु आवश्यक हुन्छ ।

यस परिच्छेदमा सुशासन तथा व्यवस्थापन अन्तर्गत संस्थागत क्षमता विकास, स्थानीय शिक्षा योजनाको कार्यान्वयनको प्रबन्ध र अनुमगन तथा मूल्याङ्कन जस्ता क्षेत्रहरु समावेश गरिएको छ ।

## ६.१ संस्थागत क्षमता विकास

### परिचय

नेपालको शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचना संघीय स्वरूपमा तीनै तहमा प्रवाह गर्ने शैक्षिक सेवालाई निरन्तर गर्न तत्कालीन समस्या समाधानका लागि कर्मचारीको व्यवस्थापन र संगठनात्मक स्वरूपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ । बदलिँदो परिवेश अनुसार शासकीय संरचना, प्रकिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय सरचना अनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व; शिक्षामा भएको सङ्ख्यात्मक विस्तार; ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थाग्त संरचना र क्षमता विकास गरी सुशासन प्रवर्द्धन गर्नु आवश्यक देखिएको छ ।

योजना कार्यान्वयनका लागि गाउँ कार्यपालिका, गाउँसभा, गाउँ शिक्षा समिति, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, विद्यालय  मुख्य संयन्त्रका रुपमा रहेका छन् । शिक्षा योजनामा उल्लेख नीति तथा कार्यक्रमहरूको सफल कार्यान्वयनका लागि सरोकारवालको क्षमता विकास हुन जरुरी हुन्छ । त्यसका लागि सहभागितामूलक योजना निर्माण, सुझाव सङ्कलन र प्रबोधीकरण मार्फत कार्यान्वयन संयन्त्रको क्षमता विकास गरिँदै आएको छ । योजनामा उल्लेखित नीति तथा कार्यक्रमको स्पष्टता बिना सफल कार्यान्वयन हुन सक्दैन । त्यसका लागि सरोकारवाला संयन्त्रको क्षमता विकास  हुनु यसको औचित्य ठहर्छ ।

नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तहका एकल र साझा अधिकारको व्यवस्था गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) मा स्थानीय तहका २३ वटा अधिकारहरूको व्यवस्था गरेको छ। विभिन्न ऐन र कानूनमार्फत स्थानीय तहका अधिकारहरूलाई स्पष्ट पारेको छ।

नेपालमा शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचनातर्फ दृष्टिगोचर गर्दा सङ्घमा शिक्षा तथा खेलकुद मन्त्रालय रहेको छ। सो अन्तर्गत शिक्षा तथा मानवस्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन्। त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग पनि क्रियाशील छन्। साबिक शैक्षिक जनशक्ति विकास केन्द्र अन्तर्गत रहेका २९ वटा शैक्षिक तालिम केन्द्रमध्ये  हाल ७ वटा सामाजिक विकास मन्त्रालय मातहतमा प्रदेश शिक्षा तालिम केन्द्रका रूपमा क्रियाशील रहेका छन्।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐन बमोजिम तोकिएका २३ वटा कार्य बाहेक समन्वयात्मक कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाइ रहेको छ भने प्रत्येक स्थानीय तहमा शिक्षा, युवा तथा खेलकुद शाखा/महाशाखाको व्यवस्था गरिएको छ।

### ६.१.१ वर्तमान अवस्था

यस गाउँपालिकामा रहेका शाखाहरूमध्ये शिक्षा, युवा तथा खेलकुद सम्बन्धी काम शिक्षा, युवा तथा खेलकुद शाखाले गर्दै आएको छ। शिक्षाको कार्यक्रम हेर्ने अलग्गै लेखाको कर्मचारी व्यवस्था नहुँदा शिक्षा क्षेत्रको आर्थिक श्रेस्ताको अभिलेखीकरण अपेक्षाकृत रुपमा व्यवस्थित बन्न सकेको छैन।

सबै विद्यालयहरूमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको कार्यकारी समिति रहेका छन्। सबै विद्यालयहरूमा विद्यालय सहयोगी र माध्यमिक तह सञ्चालन भएका सामुदायिक विद्यालयमा एक/एक जना विद्यालय सहायकको व्यवस्थापन गरिएको छ। प्रायजसो विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको बैठक नियमित बसेपनि शिक्षक अभिभावक सङ्घको बैठक अपेक्षाकृत रुपमा बस्न सकेको पाइदैन। सबै विद्यालयहरूले सामाजिक परीक्षण र अन्तिम लेखा परिक्षण गर्ने गर्दछन्।

विद्यालयमा नागरिक बडापत्र राख्ने, गुनासो सुनुवाइ संयन्त्रको विकास, विविधता व्यवस्थापन, अभिभावक भेला र छलफलजस्ता पक्षमा विद्यालयहरूले उपलब्धिपूर्ण तरिकाले काम गरेका छन्। यसमा योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणास्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार र समता तथा समावेशिताको प्रवर्धनसहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ। त्यसका लागि आवश्यक पर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ। शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस शिक्षा क्षेत्र योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिरएको छ। पहिचान गरिएका चुनौतीहरू सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको प्रस्ताव पनि गरिएको छ।

तालिका न ७ : वडागत विद्यालय विवरण २०८२

| वडा न | विद्यालय संख्या | लिडर विद्यालय |
|---|---|---|
| १ | ८ | १ मा वि |
| २ | ८ | २ मा वि |
| ३ | ७ | १ मा वि |
| ४ | ९ | १ मा वि |
| ५ | ३ | १ मा वि |
| जम्मा | ३५ | |

### ६.१.२ उद्देश्य

- स्थानीय तहको अधिकार क्षेत्र अनुसार संस्थागत संरचना बनाउनु,
- तीनै तहका सरकारबीचको अन्तरसम्बन्धलाई सुदृढ बनाउनु,
- स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु,
- जनशक्तिहरुको संस्थागत क्षमता विकास गर्नु,
- शिक्षकको पेशागत विकास गर्नु,
- विद्यालय तथा शैक्षिक निकायमा सुशासन कायम गर्नका लागि आवश्यक स्रोत साधनको समुचित रुपमा प्रयोग गर्नु,
- सूचना प्रविधिको उचित प्रयोग गर्नु।
- शिक्षण संस्थाको प्रशासकीय र व्यवस्थापकीय प्रवन्ध सुदृढ गर्नु।
- सामुदायिक विद्यालय सुधार अभियानका लागि सामुहिक साझा प्रतिवद्धता जारी र सो अनुसार कार्य वातावरण विकास गर्नु ।
- शिक्षकका लागि सिकाई वडा अनिवार्य व्यवस्था गर्नु
- वडास्तरमा लिडर र फीडर विद्यालय संरचना तयार गर्नु।

### ६.१.३ रणनीति

- स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने,
- संस्थागत संरचना अनुसार जनशक्तिको व्यवस्था गर्ने,
- कार्यरत जनशक्तिको क्षमता विकास गर्ने,
- स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गर्ने,
- प्रधानाध्यापकलाई थप जिम्मेवार बनाई क्षमता विकास गर्ने,
- कार्यक्रमको प्रभावकारी ढंगवाट कार्यसम्पादन गर्नको लागि आवश्यक स्रोत साधनहरुको व्यवस्थापन गर्ने,
- उपलब्ध स्रोत साधनको प्रभावकारी रुपबाट प्रयोग तथा परिचालन गर्ने,
- सूचना प्रविधिलाई प्रभावकारी रुपमा प्रयोग गर्ने,
- सूचना प्रविधिको प्रयोग गरि विद्यालयमा सुशासन कायम गर्ने।
- शैक्षिक गुणस्तर सुधार अभियान र सुशासन सम्बन्धि कार्यक्रम सञ्चालन गर्ने

### ६.१.४ प्रमुख उपलब्धि र नतिजा

#### उपलब्धि

- शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुनेछ।

#### नतिजा

- शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि आवश्यक संरचना तथा जनशक्ति तयार हुनेछ,
- शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागी हुने सबै निकायको दायित्व र अधिकार स्पष्ट हुनेछ,
- शिक्षाको शासकीय तथा व्यवस्थापनमा सहभागी हुने सबै निकाय तथा जनशक्तिको क्षमता विकास पद्धति स्थापना भई क्षमता सुधार हुनेछ,
- सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक र समावेशी भई कार्यसम्पादन उद्देश्यमूलक, प्रभावकारी तथा कुशल हुनेछ।
- पालिकाका सबै विद्यालयका प्रअको सामुहिक भेलावाट साझा प्रतिवद्धता पत्र जारी भई कार्यान्वयन भएको हुनेछ।

## ६.१.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य र अनुमानित वजेट

| क्र. स. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) २०८३।८४ देखि २०८७।८८ | | | | | | वजेट (५ वर्ष) | स्रोत जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | पालिका शिक्षा र वडा शिक्षा योजना निर्माण र परिमार्जन कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | पालिका र वडा |
| २ | पालिकास्तरमा राष्ट्रिय र स्थानीय दिवस सञ्चालन र व्यवस्थापन ( शिक्षा / साक्षरता ) | पटक / वार्षिक | १ | १ | १ | १ | १ | ५ | १००० | पालिका / शिक्षा शाखा |
| २ | शैक्षिक गुणस्तर सुधार सिलिचोङको प्रण सामुदायिक विद्यालय व्यवस्थापनमा रुपान्तरण (सञ्चालित प्रति कक्षा रु ५०००) | विद्यालय | ३५ | ३५ | ३५ | ३५ | ३५ | १७५ | ५२०० | पालिका र विद्यालय |
| ३ | विद्यालय विकास प्रस्ताव तयार र कार्यान्वयन | विद्यालय | ३५ | ३५ | ३५ | ३५ | ३५ | १७५ | ० | पालिका / प्र अ |
| ४ | शिक्षा शाखा प्रमुख र कमर्चारी कार्यसम्पादन करार सम्झौता र कार्यान्वयन समीक्षा | पालिका | १ | १ | १ | १ | १ | १ | ० | प्रप्रअ र शिक्षा शाखा |
| ५ | प्र अको कार्यसम्पादन करार सम्झौता र कार्यान्वयन | प्र अ | ३५ | ३५ | ३५ | ३५ | ३५ | १७५ | ० | पालिका / विद्यालय |
| | शिक्षकको कार्यस्पादन करार सम्झौता र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | ० | विद्यालय / प्रअ |
| ६ | प्रअ नेतृत्व तथा क्षामता विकास कार्यक्रम | माग अनुसार | १ | १ | १ | १ | १ | ५ | ० | ससर्त / पालिका |
| | प्रधानाध्यापक बैठक | सबै | ३५ | ३५ | ३५ | ३५ | ३५ | १७५ | १००० | पालिका / शिक्षा शाखा |
| ६ | संस्थागत पदाधिकारीहरूको क्षमता विकास (असल अभ्यास अवलोकन र सिकाई अनुभव विनिमय ) | जना | १ | १ | १ | १ | १ | ५ | १२५० | पालिका र स्थानीय संघसंस्था |
| ७ | शैक्षिक सूचना डाटावेस विकास तथा अभिलेखीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | ससर्त र पालिका |
| ८ | बर्ष प्रअ / शिक्षक/ संस्थागत पदाधिकारी / अभिभावक / कर्मचारी प्रोत्साहन र उत्प्रेरणा | जना | १ | १ | १ | १ | १ | ५ | १००० | पालिका |
| ९ | तहगत ईन्चार्जको प्रोत्साहन | जना | ६ | ६ | ६ | ६ | ६ | ३० | १५० | पालिका |
| १० | फोकल शिक्षकहरुको क्षमता विकास | विषय क्षेत्र | ५ | ५ | ५ | ५ | ५ | २५ | ६२५ | पालिका |
| | विद्यालय कर्मचारी क्षमता विकास | जना | १ | १ | १ | १ | १ | ५ | १७५ | पालिका |
| १० | शिक्षकका लागि सिकाई वडा पत्र निमार्ण र कार्यान्वयन | विद्यालय | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ | ५०० | विद्यालय र पालिका |
| | विद्यालयको साझा प्रतिवद्धता पत्र जारी र कार्यान्वयन | विद्यालय | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ | | |
| ११ | पूर्व विद्यार्थी सञ्जाल गठन र परिचालन | वडा | ५ | ५ | ५ | ५ | ५ | २५ | ० | विद्यालय र वडा |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | संस्थागत सक्षमताका लागि लिडर र फिडर विद्यालय संरचना गठन र परिचालन (शैक्षिक गुणस्तर सुधार वातावण विकास ) | वडा | ५ | ५ | ५ | ५ | ५ | २५ | २५०० | पालिका र विद्यालय |
| १३ | सार्वजनिक सुनुवाई तथा बार्षिक स्मारिका प्रकाशन | पटक | ३५ | ३५ | ३५ | ३५ | ३५ | १७५ | ० | पालिका र विद्यालय |
| १४ | विद्यालयमा आचार संहिता निर्माण र परिचालना | विद्यालय | ३५ | ३५ | ३५ | ३५ | ३५ | १७५ | ० | विद्यालय र गैसस |
| १५ | विद्यालय विनियमावली निर्माण र परिमार्जन | विद्यालय | १३ | १३ | १३ | १३ | १३ | ६५ | ० | विद्यालय |
| १६ | विव्यस शिअसंघ पदाधिकारि क्षमता विकास | विद्यालय | आवश्यकता अनुसार | | | | | ७० | ३५० | पालिका / विद्यालय |
| १७ | प्रअ प्रोत्साहन थपभत्ता (शतप्रतिशत %) | जना | ३५ | ३५ | ३५ | ३५ | ३५ | १७५ | ६२० | पालिका |
| १८ | बालबालिकासंग जनप्रतिनिधि साक्षात्कार कार्यक्रम ( जनप्रतिनिधिसंग हाम्रा कुरा ) | वडा | ५ | ५ | ५ | ५ | ५ | २५ | ६२५ | पालिका र वडा |
| १९ | अनिवार्य अवकाश शिक्षक सम्मान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १ | २५० | पालिका |
| **जम्मा (आन्तरिक स्रोत )** | | | **३२४९** | **३२४९** | **३२४९** | **३२४९** | **३२४९** | | **१६२४५** | **आधार बर्ष०८२।८३** |

## ६.२ शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### परिचय

योजना कार्यान्वयनको प्रबन्ध अन्तर्गत बार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कन लगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति, प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्वहरू पर्दछन् । नेपालमा संघीय संरचना अनुसार संघ, प्रदेश र स्थानीय तहको संरचना तयार भई तीनै तहका सरकार क्रियाशील छन् भने केही कानूनी प्रबन्ध सहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण भए तापनि राज्य प्रणालीलाई संघीय संरचनाअनुरूप सक्षम बनाउन आवश्यक कार्यान्वयन प्रबन्ध गर्नुपर्ने छ । कार्यान्वयन प्रबन्ध तयार गर्दा यसको दिगोपना, प्रभावकारिता तथा कार्य कुशलतामा ध्यान दिनु आवश्यक छ ।

### ६.२.१ वर्तमान अवस्था

सिलीचोङ गाउँपालिकामा रहेका शाखाहरूमध्ये शिक्षा, युवा तथा खेलकुद सम्बन्धी काम शिक्षा, युवा तथा खेलकुद शाखाले गर्दै आएको छ । शिक्षाको कार्यक्रम हेर्ने अलग्गै लेखाको कर्मचारी व्यवस्था नहुँदा शिक्षा क्षेत्रको आर्थिक श्रेस्ताको अभिलेखीकरण अपेक्षाकृत रुपमा व्यवस्थित बन्न सकेको छैन ।

सबै विद्यालयहरूमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ कार्यकारी समिति रहेका छन् । सबै विद्यालयहरूमा विद्यालय सहयोगी र माध्यमिक तह सञ्चालन भएका सामुदायिक विद्यालयमा एक/एक जना विद्यालय सहायकको व्यवस्थापन गरिएको छ । प्रायजसो विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको बैठक नियमित बसे पनि शिक्षक अभिभावक सङ्घको बैठक अपेक्षाकृत रुपमा बस्न सकेको पाइँदैन । सबै विद्यालयहरूले सामाजिक परीक्षण र अन्तिम लेखा परिक्षण गर्ने गर्दछन् ।

शिक्षा योजना निर्माणपश्चात् सो योजनाको प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि आवश्यक जनशक्ति व्यवस्थापन कानून कार्यविधि निर्माण बजेटको सुनिश्चितता तीन तहका सरकार बीचको समन्वय र सहकार्य वार्षिक रणनीतिक योजना र कार्यान्वयन योजना निर्माण, अनुगमन योजना निर्माण, कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी, विभिन्न सरोकारवालाहरुलाई कार्यक्रमहरुको

बारेमा प्रबोधीकरण जस्ता कार्यक्रमहरु कार्यान्वयन गरिएको छ ।यसको अतिरिक्त मासिक त्रैमासिक अर्धबार्षिक र बार्षिक रुपमा कार्यक्रम प्रगति समीक्षा र सुधारका लागि पृष्ठपोषण पनि प्राप्त हुने गरेका छन् ।

**तालिका न ८ : संस्थागत नेतृत्व एवम् योजना कार्यान्वयनको क्षेत्र र जनशक्ति परिचालन**

गाउँसभा र कार्यकार्यपालिका , पालिका शिक्षा समिति , सामाजिक विकास समिति ,वडा समिति वडा शिक्षा ,समिति शिक्षा शाखा र विद्यालय र शिक्षण संस्था

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **विद्यालय** | | | | | | |
| सामुदायिक | आ वि १-३ | आ वि १-५ | आ वि ६-८ | मा वि ९-१२ (साधारण) | | मा वि ९-१२(प्राविधिक) |
| ३५ | १० | १५ | ४ | ५+ १ | | १ |
| **विद्यार्थी** | | | | | | |
| वालविकास | आ वि १-५ | आ वि ६-८ | मा वि ९-१० | मा वि ११-१२(साधारण | | मा वि ९-१२(प्राविधिक ) |
| १२९ | ७१५ | ४९५ | २८५ | ३० | | ३४ |
| **शिक्षक र कर्मचारी** | | | | | | |
| प्राथमिक | नि मा तह | माध्यमिक | उ मा तह | प्रशिक्षक | स का | विद्यालय कर्मचारी र ल्याव सहायक |
| १०२ | ४२ | २० | २ | ७ | २८ | ४४ |
| अन्य संस्थागत संरचनाहरु , विव्यस / शिअसंघ / बालक्लव लगायत सामुदायिक शिक्षा सरोकारवाला संस्थागत व्यक्तिहरु | | | | | | |

### ६.२.२ उद्देश्य

- शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु,
- बार्षिक बजेट तथा कार्यक्रम तयार गर्नु,
- कार्यक्रम कार्यान्वयनका लागि नियमित रुपमा अनुगमन तथा मूल्याङ्कन गर्नु,
- विद्यालयलाई विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनमा सहयोग गर्नु,
- विद्यालय व्यवस्थापनलाई सशक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गर्नु,
- वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चितता सम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागू गर्नु ।

### ६.२.३ रणनीति

- संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने,
- कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कानून, कार्यविधि तथा निर्देशिका विकास गर्ने,
- कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने,
- एकीकृत शैक्षिक सूचना व्यवस्थापन मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने,
- विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने,

- विद्यालय सुधार योजना (SIP) निर्माण तथा अद्यावधिक गर्न लगाउने,
- विद्यालय व्यवस्थापनलाई सशक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने,
- वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चितता सम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागू गर्ने,
- अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने,
- सामुदायिक सिकाइ केन्द्र मार्फत सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, वैकल्पिक शिक्षा तथा आय आर्जन र सिप विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने।

### ६.२.५ प्रमुख उपलब्धि र नतिजा

#### उपलब्धि

- शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ।

#### नतिजा

- शैक्षिक तथा विद्यालयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुनेछ।

### ६.२.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य र अनुमानित वजेट

| क्र स | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) २०८३।८४ देखि २०८७।८८ | | | | | | वजेट (५ वर्ष) | स्रोत र जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | वार्षिक नीति तथा कार्यक्रम र वजेट तयार र प्रवोधिकरण - पालिकास्तर र वडास्तर (समन्वय ) | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | पालिका / शिक्षा शाखा |
| २ | ऐन नियम ,मापदण्ड , निर्देशिका तथा कार्यविधिको विकास - पालिकास्तर | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | पालिका |
| ३ | ऐन नियम मापदण्ड , निर्देशिका र कार्यविधिको प्रबोधीकरण र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १०० | पालिका / शिक्षा शाखा |
| ४ | विद्यालय सुधार योजना निर्माण एवम् पुरक १बर्षे योजना निर्माण र कार्यान्वयन | पटक | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ | ० | शिक्षा शाखा / विद्यालय |
| ५ | एकीकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | ७५० | ससर्त |
| ६ | शैक्षिक गुणस्तर सुधार सम्बन्धी अन्तरक्रिया एवम् शैक्षिक सम्मेलन | पटक | १ | १ | १ | १ | १ | ५५ | ७५० | पालिका |
| ७ | सामाजिक परीक्षणको प्रतिवेदन र विसुयो कार्यान्वयन चेक लिष्ट विद्यालयलाई थप सहजीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | ७५० | पालिका / शिक्षा शाखा |
| ८ | असल अभ्यास अवलोकन एवम् सिकाई अनुभव विनिमय कार्यक्रम (आन्तरिक र वाह्य ) | पटक | आवश्यकता अनुसार | | | | | ५ | ७५० | पालिका / शिक्षा शाखा |
| ९ | स्रोतको मापन एवम् नक्साङ्कनका लागि लगानी सम्मेलन एवम् निरन्तर समन्वय र सहकार्य | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | पालिका / शिक्षा शाखा |
| **जम्मा (आन्तरिक स्रोत )** | | | ९२० | ९२० | ९२० | ९२० | ९२० | | ४६०० | **आधारबर्ष ०८२।८३** |

# परिच्छेद ७
# लगानी र स्रोत व्यवस्थापन

## परिचय

सबै नागरिकहरूलाई आधारभूत तह निःशुल्क र अनिवार्य तथा माध्यमिक तह निःशुल्क उपलव्ध गराउने संवैधानिक प्रावधान रहेको छ । आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापनको अधिकार स्थानीय सरकारको कार्यक्षेत्रमा राखिएको छ । आधारभूत तथा माध्यमिक शिक्षा, प्रारम्भिक बालविकास शिक्षा, खुला शिक्षा, दुर शिक्षा, विशेष शिक्षा, सामुदायिक सिकाइ केन्द्रहरूका अतिरिक्त औपचारिक संरचना बाहिरका टिउसन कोचिङ सेन्टरहरूको नीति, योजना र समग्र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारको रहने गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले २३ वटा अधिकारहरूको विस्तृतीकरण गरेको पाइन्छ । कार्यक्षेत्र भित्रका शैक्षिक संस्थाहरूलाई अनुदान उपलव्ध गराउने, लेखापरीक्षण र वित्तीय सुशासन कायम गर्ने दायित्व पालिकाको कार्यक्षेत्रमा रहेकोले सीमित स्रोत साधनलाई मितव्ययी, नियमित, प्रभावकारी र पारदर्शी ढङ्गले व्यवस्थापन गर्नुपर्नेछ ।

वित्तीय व्यवस्थापन अन्तर्गत दुईवटा पक्षहरूलाई समेटिएको छ । एकातर्फ योजना कार्यन्वयनको लागि आवश्यक पर्ने वित्तीय स्रोतको आँकलन, प्राप्ति र उपयोगलाई समेटिएको छ भने प्रदेश तथा सङ्घीय सरकारबाट प्राप्त विभिन्न प्रकारका अनुदानहरूलाई विद्यालयहरूमा पुर्याई तोकिए बमोजिम खर्च, पारदर्शिता बढाउँदै समग्र पक्षमा वित्तीय अनुशासन कायम गर्नुपर्नेछ ।

शिक्षालाई विकासका पूर्वाधारहरूको पनि पूर्वाधारका रूपमा लिइन्छ । शिक्षा समयसापेक्ष जुन गतिमा विकास हुनुपर्ने हो, त्यसो हुन सकेको छैन । विभिन्न प्रतिवेदनहरूले कूल बजेटको करिब ११ प्रतिशत बजेट शिक्षामा विनियोजन गरिए तापनि सो अनुपातमा पुग्न सकेको छैन । यथार्थताको नजिक रहेर योजना बनाएर सोबमोजिम बजेट विनियोजन गर्ने नभई हचुवाको भरमा बजेट विनियोजन गर्ने कार्यले प्रश्रय पाएको देखिन्छ । समुदायको विद्यालयमा लगानी गर्नुपर्छ भन्ने सोचमा गिरावट आएको छ । संविधानमा शिक्षालाई लगानीमैत्री बनाउने र लगानी बढाउँदै लैजाने नीति उल्लेख गरिएको छ ।

कमजोर भौतिक पूर्वाधारलाई सुविधा सम्पन्न बनाउनु, विद्यालयहरूको आर्थिक पक्षलाई सबलीकरण गर्नु, विद्यालय शिक्षामा परिचालन हुने बजेटलाई पारदर्शी बनाउनु चुनौतिका रूपमा रहेका छन् । सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा शिक्षालाई राखिनु, सङ्घ, प्रदेश र स्थानीय तहको एकल अधिकारका रुपमा समेत स्पष्ट गरिनुले शिक्षामा लगानीको अवसर राम्रो समेत रहेको पाइन्छ ।

## ७.१ वर्तमान अवस्था

विश्वव्यापी रुपमा दिगो विकासका लक्ष्यहरू हासिल गर्न कूल बजेटको कम्तिमा २० प्रतिशत रकम शिक्षा क्षेत्रमा विनियोजन गर्ने विश्वव्यापी प्रतिबद्धता रहेता पनि शिक्षा क्षेत्रको बजेट क्रमशः घट्दै गइरहेको पाइन्छ । सशर्त अनुदानको रुपमा प्राप्त हुने केन्द्रीय अनुदानको ९० प्रतिशत भन्दा बढि रकम शिक्षक तलव भत्ता, छात्रवृत्ति, भौतिक पूर्वाधार, दिवाखाजा र पाठ्यपुस्तक जस्ता शीर्षकहरूमा खर्च हुने गरेको छ । गुणस्तर अभिवृद्धि र क्षमता विकासका लागि स्थानीय सरकारका कार्यक्रमहरू केन्द्रित रहेका छन् । विद्यार्थी सङ्ख्याका आधारमा एकाई लागत विश्लेषण गर्दा अभिभावकको प्रत्यक्ष लगानीका अतिरिक्त पालिका क्षेत्रमा अध्ययनरत विद्यार्थीको प्रति विद्यार्थी लागत २१ हजार रहेको छ । तिहारको भैलो देखि अभिभावकको सहयोग विद्यालयका आम्दानीका प्रमुख स्रोतहरू बनेका छन् ।

गाउँ शिक्षा योजना कार्यान्वयनको वित्तीय व्यवस्थापनका मुख्य स्रोत सङ्घीय, प्रदेश र स्थानीय सरकार रहनेछन् । अभिभावक र समुदायको भूमिका परिपूरकको रुपमा रहनेछ । शिक्षा क्षेत्रमा कार्य गर्ने सङ्घ संस्थाहरूलाई विज्ञताका आधारमा क्षेत्रगत रुपमा साझेदारी गर्न सकिनेछ । समग्र वित्तीय व्यवस्थापन अन्तर्गत योजना कार्यान्वयनका लागि प्रयाप्त वित्तीय स्रोत जुटाउनु, शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरूलाई आवश्यकता क्षेत्रमा स्रोत उपलब्ध गराउने र स्रोत साधनको प्रभावकारी व्यवस्थापन मार्फत वित्तीय सुशासन कायम गर्ने कार्यहरू प्राथमिकतामा रहेका छन । नतिजामा आधारित स्रोत विनियोजन पद्धति मार्फत विद्यालयहरूलाई नियमित अनुदानका अतिरिक्त एकमुष्ट, मागमा आधारित, कार्यसम्पादनमूलक र प्रोत्साहनमूलक अनुदानको व्यवस्था गरिनेछ ।

**आ व २०८०।८१ देखि २०८२।८३ को तुलनात्मक विश्लेषण (शिक्षा) रु हजारमा**

| आ व | संघ सर्शत अनुदान रु हजार | आधार वर्ष र हेरफेर | स्थानीय तहको आन्तरिक स्रोत रु हजार | आधार वर्ष र हेरफेर | प्रदेश सशर्त अनुदान | आधार वर्ष र हेरफेर | कुल जम्मा | आधार वर्ष र हेरफेर % प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | % प्रतिशत | | % प्रतिशत | | % प्रतिशत | रु हजार | |
| ८०।०८१ | १२२१०० | | १८३१३ | | अप्राप्त | | १४०४१३ | |
| ८१।०८२ | १२२७७० | ६७० (०.५४ %) | १९१९२ | ८७९ (४.७९ %) | अप्राप्त | अप्राप्त | १४१९६२ | १५४९ (१.१०%) |
| ८२।०८३ | १३०३०० | ७५३० (६.१३) % | २००२० | ८२८ ( ४.३१ ) % | अप्राप्त | अप्राप्त | १५०३२० | ८३५८ (५.८८ ) % |

**विश्लेषण :** संघ सरकारवाट विनियोजित एवम् हस्तान्तरण अनुदान र आन्तरिक स्रोत तर्फको विनियोजन वजेटमा वढोत्तरि भएता पनि अनुपातिक वृद्धि दरमा असमानता रहेको देखिन्छ। समग्रमा करिव ६ प्रतिशतका दरले वजेट वढोत्तरी भएको देखिन्छ। तथापि पालिकाको आवधिक योजना र मध्याकालिन खर्च संरचना अनुसार अगामी बर्षहरुका लागि क्रमश: ३६०६० ( ०८२।८३ ), ३७९६० (०८३।८४) र ३८५६० ( ०८४।८५ ) प्रक्षेपित भएको देखिन्छ। यद्यपि आ व ०८२।८३ को विनियोजित वजेट आवधिक योजना एवम् मध्यकालिन खर्च संरचनामा प्रक्षेपित वजेट भन्दा १६०४० हजार न्यून देखिन्छ। स्रोतको सुनिश्चतता विना योजना तथा कार्यक्रम नराख्नु नै उत्तम मानिन्छ। जुन नीति पालिकाले अख्तियार गरेको देखिन्छ। नीति तथा कार्यक्रम र वजेटको सन्दर्भमा स्रोत समय र जनशक्तिको अवस्था तथा सेवाग्राहीको आवाज अर्थात चाहाना (voice) र डाटाको आधारमा वास्तविक आवश्यकता (Choice) लाई प्राथमिकतामा राखि अपेक्षित आवश्यकता Expected Needs भन्दा पनि पालिकाले Real Needs लाई आधार लिएको स्पष्ट छ ।

## ७.२ उद्देश्य

- योजना अवधिका लागि शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्ने,
- पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्ने,
- उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु,
- खर्चको प्रक्रिया र दायित्व स्पष्ट गर्नु।

## ७.३ रणनीति

- सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट लगानी गरिने,
- आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानीको व्यवस्था गरिने,
- स्रोतको उपयोग गर्ने विद्यालयलाई जवाफदेही बनाइने,
- वार्षिक रूपमा कुल बजेटको २० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गरिने,
- शिक्षामा निजी तथा गैर-सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रबर्द्धन गरिने ,
- मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरिने,
- वित्तीय व्यवस्थापन क्षमतामा सुधार र वित्तीय कार्यकुशलता,पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाइने।

## ७.४ प्रमुख उपलब्धि र नतिजा

### उपलब्धि

- शिक्षामा स्रोतको दिगो व्यवस्थापन भई शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा उल्लेख्य प्रगति भएको हुने,
- वित्तीय व्यवस्थापन क्षमतामा सुधार भई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ हुने।

## ७.५ विद्यालय शिक्षा क्षेत्रगत उपक्षेत्र र अन्तरसम्बन्धित विषयका क्रियाकलापहरुको बजेट विवरण

### ७.५.१ संघ र प्रदेश सर्शत बजेट प्रवाह स्थिति ( आ. व. २०८० / ८१ देखि २०८२ । ८३ ) – ref CEHRD Nepal

| क्र. सं. | अनुदान प्राप्त क्रियाकलाप | आ. व. ०८०।८१ | आ.व. ०८१।८२ | आ.व. २०८२।८३ | कैफियत |
|---|---|---|---|---|---|
| **संघ सशर्त (क) अनिवार्य दायित्व तर्फ** | | | | | |
| १ | आधारभूत तहमा स्वीकृत दरवन्दी र राहत अनुदानमा कार्यरत स्थायी अस्थायी करार र विशेष शिक्षा परिषदका शिक्षक तथा कर्मचारीको तलवभत्ता र पोशाक अनुदान | | | ७३९०० | |
| २ | माध्यमिक तहमा स्वीकृत दरवन्दी र राहत अनुदानमा कार्यरत स्थायी अस्थायी राहत करार र विशेष शिक्षा परिषद तर्फका शिक्षक र कर्मचारीको तलवभत्ता र पोशाक (प्राविधिक धार तर्फका प्रशिक्षक समेत) अनुदान | | | २०००० | |
| **जम्मा ( क १ र २ )** | | | | **९३९००** | |
| **३.** विद्यालय शिक्षा क्षेत्र कार्यक्रम -SESP | | | | | |
| ३.१ | प्रारम्भिक बाल कक्षा सहजकर्ताको पारिश्रमिक र विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | | | १०६८२ | |
| ३.२ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि नि:शुल्क पाठ्यपुस्तक अनुदान (स्थानीय विषय एवम् मातृभाषा समेत) | | | १३१८ | |
| ३.३ | तोकिएको विद्यार्थीको दिवा खाजाका लागि विद्यालय अनुदान | | | ३६४७ | |
| ३.४ | सार्वजनिक विद्यालयका छात्राहरुका लागि नि:शुल्क सेनेटरीप्याड व्यवस्थापन अनुदान | | | ४३६ | |
| ३.५ | सार्वजनिक विद्यालयमा अध्ययनरत बालबालिकाहरुका लागि छात्रवृत्ति अनुदान ( कक्षा १-५ र अपागता सबै ) | | | ३०३ | |
| ३.६ | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्रीका लागि विद्यालय अनुदान | | | ९३३ | |
| ३.७ | विद्यालय सञ्चालन र व्यवस्थापन अनुदान | | | २५६५ | |
| ३.८ | आधारभूत तह कक्षा (६-८) मा अंग्रेजी गणित र विज्ञान विषयका लागि शिक्षण सहयोग अनुदान | | | ४६१ | |
| ३.९ | माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी गणित र विज्ञान विषयका लागि शिक्षण सहयोग अनुदान | | | १७३४ | |
| ३.१० | विपन्न लक्षित छात्रवृत्तिका लागि कक्षा (६-१२) अध्ययनरत बालबालिकाहरुका लागि छात्रवृत्ति अनुदान | | | २३४ | |
| **जम्मा ( क ३ )** | | | | **२२३१३** | |
| **संघीय सशर्त (ख) कार्यक्रम अनुदान तर्फ** | | | | | |
| ३.११ | शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | | | २३०० | |
| ३.१२ | शैक्षिक पहुँचमा सुनिश्चितता अनौपचारिक तथा वैकल्पिक शिक्षा (सामुदायिक सिकाइ केन्द्र | | | ७५० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३.१३ | शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास विद्यार्थी परीक्षण मूल्याङ्कन शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरीवेक्षण | | | १०३७ | |
| ३.१४ | केन्द्रबाट छनौट भएका नमुना विद्यालय तथा विशेष विद्यालयको भौतिक पूर्वाधार विकास तथा प्राविधिक धार ल्याव व्यवस्थापन अनुदान | | | १०००० | |
| जम्मा ( ख ) | | | | १४०८७ | |
| कुल जम्मा (क र ख ) | | १२२१०० | १२२७७० | १३०३०० | |
| ३११.१ | कोभीड १९ वाट पुगेको शैक्षिक क्षतिको आपूरण तथा अन्य विपतको समयमा सिकाइ निरन्तरताको लागि कार्यक्रम (ReAl Plan ) कार्यक्रम | - | - | ३०० | |
| ३११.२ | प्रयोगशाला / पुस्तकालय / E - Learning | - | - | १००० | |
| ३१२.१ | लागत साझेदारीमा साक्षरता कार्यक्रम तथा आजीवन सिकाई | - | - | २०० | |
| ३१२.२ | सामुदायिक सिकाई केन्द्र | - | - | ३०० | |
| ३१२.३ | अनिवार्य तथा नि:शुल्क शिक्षा कार्ययोजना कार्यान्वयन | - | - | २५० | |
| ३१३.१ | Teacher Mentoring | - | - | २९५ | |
| ३१३.२ | IEMIS update | - | - | ३०० | |

**७.५.२ संघ ससर्त तर्फ (५ बर्षको प्रक्षेपण )**

| क्र स | कार्यक्रम एवम् क्रियाकलाप | आधार बर्ष ०८२।८३ | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाचौ | ५ वर्षको जम्मा रु ००० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | आधारभुत तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक कर्मचारीहरु समेत) | ७३९०० | ७३९०० | ७३९०० | ७३९०० | ७३९०० | ७३९०० | ३६९५०० | प्रचलित एवम् संशोधित तलव स्केल र वृद्धि भत्ता अनुसार संशोधन हुनेछ |
| २ | माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक कर्मचारी प्रविधिक धारका प्रशिक्षक समेत) | २०००० | २०००० | २०००० | २०००० | २०००० | २०००० | १००००० | |
| ३ | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | १०६८२ | १०६८२ | १०६८२ | १०६८२ | १०६८२ | १०६८२ | ५३४१० | प्रत्येक वर्षको वजेट नीति तथा कार्यक्रम र कार्यान्वयन मार्गदर्शन एवम् कार्यक्रम |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनका लागि विद्यालयलाई अनुदान | ९३३ | ९३३ | ९३३ | ९३३ | ९३३ | ९३३ | ४६६५ | कार्यन्वयन पुस्तिका अनुसार हेरफेर हुनेछ |
| ५ | सार्वजनिक विद्यालका विद्यार्थीहरुका लागि निशुल्क पाठयपुस्तक अनुदान | १३१८ | १३१८ | १३१८ | १३१८ | १३१८ | १३१८ | ६५९० | |
| ६ | सार्वजनिक विद्यालमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृत्ति  आवासीय तथा गैर आवासीय | ३०३ | ३०३ | ३०३ | ३०३ | ३०३ | ३०३ | १५१५ | |
| ७ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | २५६५ | २५६५ | २५६५ | २५६५ | २५६५ | २५६५ | १२८२५ | |
| ८ | शैक्षिक पहुँच सुनिश्चितता अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम परंपरागत विद्यालय वैकल्पिक विद्यालय साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत | ७५० | ७५० | ७५० | ७५० | ७५० | ७५० | ३७५० | |
| ९ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | ३६४७ | ३६४७ | ३६४७ | ३६४७ | ३६४७ | ३६४७ | १८२३५ | |
| १० | केन्द्रबाट छनौट भएका नमुना विद्यालय तथा विशेष विद्यालयको  भौतिक पूर्वाधार विकास तथा प्राविधिक धार ल्याव व्यवस्थापन अनुदान | १०००० | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० | |
| ११ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | २३०० | २३०० | २३०० | २३०० | २३०० | २३०० | ११५०० | |
| १२ | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क सेनिटरी प्याड | ४३६ | ४३६ | ४३६ | ४३६ | ४३६ | ४३६ | २१८० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | व्यवस्थापनका लागि प्रतिविद्यार्थी अनुदान | | | | | | | | |
| १३ | माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | १७३४ | १७३४ | १७३४ | १७३४ | १७३४ | १७३४ | ८६७० | |
| १४ | आधारभूत तह कक्षा (६-८) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ४६१ | ४६१ | ४६१ | ४६१ | ४६१ | ४६१ | २३०५ | |
| १६ | शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मूल्याङ्कन शिक्षक मेन्टरिङ तथा सुपरिवेक्षण | १०३७ | १०३७ | १०३७ | १०३७ | १०३७ | १०३७ | ५१८५ | |
| १७ | विपन्न लक्षित छात्रवृत्तिका लागि छनोट भएका कक्षा ६-१२ | २३४ | २३४ | २३४ | २३४ | २३४ | २३४ | ११७० | |
| वजेट (ससर्त संघ अनुदान) | | | १३०३०० | १३०३०० | १३०३०० | १३०३०० | १३०३०० | ६५१५०० | |
| **६.५.३.प्रदेश ससर्त तर्फ २०८२।८३** | | | | | | | | | |
| क्र स | कार्यक्रम एवम् क्रियाकलाप | आधार बर्ष | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाचौ | ५ वर्षको जम्मा | प्रत्येक बर्ष नीति तथा कार्यक्रम र वजेट हेरफेर भए अनुसार संशोधित हुनेछ। |
| १ | खानेपानी शौचालय एवम् WASH | ०८२/८३ | ७०० | ७०० | ७०० | ७०० | ७०० | ३५०० | |
| वजेट (ससर्त प्रदेश अनुदान) | | | ७०० | ७०० | ७०० | ७०० | ७०० | ३५०० | |
| कुल वजेट ( संघ र प्रदेश ससर्त ) रु | | | १३१००० | १३१००० | १३१००० | १३१००० | १३१००० | ६५५००० | ….i |
| संघप्रदेशसंग प्रस्तावित कार्यक्रमवजेट रु | | | १२०९० | १२०९० | १२०९० | १२०९० | १२०९० | ६०४५० | ….ii |
| कुल जम्मा वजेट रु | | | १४३०९० | १४३०९० | १४३०९० | १४३०९० | १४३०९० | ७१५४५० | …i&ii |

### ७.५.४. स्थानीय स्रोत तर्फ प्रक्षेपण (विद्यालय / अभिभावक र स्थानीय संघ संस्थाको सहकार्य र साझेदारी समेत ) २०८२।८३ आधार बर्ष

| क्र स | कार्यक्रम एवम् क्रियाकलाप | आधार बर्ष रु ००० | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाचौ | ५ वर्षको जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | पाठ्यपुस्तक तथा IEMIS पुनर्ताजागी कार्यक्रम | ५० | ५० | ५० | ५० | ५० | ५० | २५० | प्रत्येक बर्षको नीति तथा कार्यक्रम |
| २ | प्रअ बैठक तथा व्यबस्थापन, भ्रमण खर्च | २२५ | २२५ | २२५ | २२५ | २२५ | २२५ | ११२५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | तथा शिक्षा सम्वन्धी विविध कार्यक्रम खर्च | | | | | | | | अनुसार परिवर्तन हुनेछ |
| ३ | परीक्षा सञ्चालन तथा व्यवस्थापन | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | |
| ४ | लेखापरीक्षण खर्च | २२५ | २२५ | २२५ | २२५ | २२५ | २२५ | ११२५ | |
| ५ | अंग्रेजी माध्यम कक्षा सञ्चालनका लागि पाठ्यपुस्तक सामाग्री खरिद ढुवानी | ५० | ५० | ५० | ५० | ५० | ५० | २५० | |
| ६ | मेवाहाङ भाषा पाठ्यपुस्तक कार्यान्वायन कार्याशाला | ५० | ५० | ५० | ५० | ५० | ५० | २५० | |
| ७ | कुलुङ भाषा पाठ्यपुस्तक कार्यान्वायन कार्यशाला | ५० | ५० | ५० | ५० | ५० | ५० | २५० | |
| ८ | बाल विकास क्षमता अभिबृद्धि कार्यक्रम | ५० | ५० | ५० | ५० | ५० | ५० | २५० | |
| ९ | कुलुङ, मेवाहाङ पाठ्यपुस्तक व्यबस्थापन | ५० | ५० | ५० | ५० | ५० | ५० | २५० | |
| १० | छात्रबृत्ति कार्यक्रम | ७०० | ७०० | ७०० | ७०० | ७०० | ७०० | ३५०० | |
| ११ | प्रअ प्रोत्साहन कार्यक्रम | ३२० | ३२० | ३२० | ३२० | ३२० | ३२० | १६०० | |
| १२ | शिक्षण सिकाइ अनुदान करार शिक्षक तलब अनुदान | १५२१२ | १५२१२ | १५२१२ | १५२१२ | १५२१२ | १५२१२ | ७६०६० | |
| १३ | मा.वि. विज्ञान तथा गणित विषयका शिक्षकहरुलाई प्रोत्साहन कार्यक्रम | २८८ | २८८ | २८८ | २८८ | २८८ | २८८ | १४४० | |
| १४ | स्थानीय पाठ्यक्रम निर्माण तथा पुस्तक छपाई | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | |
| १५ | दिर्घकालिन शैक्षिक योजना | ५०० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | |
| १६ | राष्ट्रपति रनिङ शिल्ड सञ्चालन तथा व्यबस्थापन | १०० | १०० | १०० | १०० | १०० | १०० | ५०० | |
| १७ | राष्ट्रिति रनिङ शिल्ड प्रतियोगिता | ३०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० | |
| १८ | स्मार्ट विद्यालय सफ्ट्वेयर खरिद | २०० | २०० | २०० | २०० | २०० | २०० | १००० | |
| १९ | एक वडा एक आवासिय विद्यालय निर्माण तथा सञ्चालनका लागि अन्तरक्रिया सञ्चालन | १५० | १५० | १५० | १५० | १५० | १५० | ७५० | |
| २० | एस ई ई मा उत्कृष्ट एक विद्यार्थी तथा एक शिक्षक कर्मचारी तथा कृषक सम्मान कार्यक्रम | १५० | १५० | १५० | १५० | १५० | १५० | ७५० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २१ | महाकाली आविका लागि कम्प्युटर खरिद | ७५ | ७५ | ७५ | ७५ | ७५ | ७५ | ३७५ | |
| २२ | कम्प्युटर खरिद योजना | ७५ | ७५ | ७५ | ७५ | ७५ | ७५ | ३७५ | |
| २३ | अभिभावक शिक्षा कार्यक्रम | २०० | २०० | २०० | २०० | २०० | २०० | १००० | |
| जम्मा रु ( स्थानीय स्रोत ) | | २००२० | २००२० | २००२० | २००२० | २००२० | २००२० | १००१०० | |

## ७.५.५ प्रमुख कार्यक्रम एवम् क्रियाकलाप र बजेट प्रक्षेपण तथा स्रोत व्यवस्थापन - संक्षिप्त

**(क ) क्षेत्रगत एवम् क्रियाकलापगत प्रस्तावित बजेट प्रक्षेपण तथा स्रोत व्यस्थापन (२०८३।८४-२०८७।८८)**

| क स | क्षेत्र | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | कुल बजेट रु ००० | % | क्रिया कलाप |
|---|---|---|---|---|---|---|---|---|---|
| आन्तरिक स्रोत तर्फ | | | | | | | | | |
| १ | शिक्षाका मुख्य उपक्षेत्र | १७८८६ | १७८८६ | १७८८६ | १७८८६ | १७८८६ | ८९४३० | | ९८ |
| २ | अन्तरसम्बन्धित विषय क्षेत्र | १८२६० | १८२६० | १८२६० | १८२६० | १८२६० | ९१३०० | | १०८ |
| ३ | सुशासन तथा व्यवस्थापन | ४१६९ | ४१६९ | ४१६९ | ४१६९ | ४१६९ | २०८४५ | | २८ |
| ४ | अनुगमन तथा मुल्याङ्कन | १०७२ | १०७२ | १०७२ | १०७२ | १०७२ | ५३६० | | ११ |
| जम्मा | आन्तरिक स्रोत | **४१३८७** | **४१३८७** | **४१३८७** | **४१३८७** | **४१३८७** | **२०६९३५** | | २३५ |
| % | आन्तरिक स्रोत | | | | | | | **२२.४३ %** | |
| वाह्य स्रोत तर्फ | | | | | | | | | |
| १ | शिक्षाका मुख्य उपक्षेत्र | | | | | | | | |
| २ | अन्तरसम्बन्धित विषय क्षेत्र | ११२४० | ११२४० | ११२४० | ११२४० | ११२४० | ५६२०० | | **१२** |
| ३ | सुशासन तथा व्यवस्थापन | | | | | | | | |
| ४ | अनुगमन तथा मुल्याङ्कन | ८५० | ८५० | ८५० | ८५० | ८५० | ४२५० | | **६** |
| ५ | संघ प्रदेश ससर्त | १३१००० | १३१००० | १३१००० | १३१००० | १३१००० | ६५५००० | | १८ |
| जम्मा | बाह्य स्रोत | **१४३०९०** | **१४३०९०** | **१४३०९०** | **१४३०९०** | **१४३०९०** | **७१५४५०** | | ३६ |
| % | वाह्य स्रोत | | | | | | | **७७.५७ %** | |
| **आन्तरिक र वाह्य स्रोत तर्फ** | | | | | | | | | |
| १ | शिक्षाका मुख्य उपक्षेत्र | १७८८६ | १७८८६ | १७८८६ | १७८८६ | १७८८६ | ८९४३० | | **९८** |
| २ | अन्तरसम्बन्धित विषय क्षेत्र | २९५०० | २९५०० | २९५०० | २९५०० | २९५०० | १४७५०० | | **१२०** |
| ३ | सुशासन तथा व्यवस्थापन | ४१६९ | ४१६९ | ४१६९ | ४१६९ | ४१६९ | २०८४५ | | **२८** |
| ४ | अनुगमन तथा मुल्याङ्कन | १९२२ | १९२२ | १९२२ | १९२२ | १९२२ | ९६१० | | **१७** |
| ५ | संघ प्रदेश ससर्त | १३१००० | १३१००० | १३१००० | १३१००० | १३१००० | ६५५००० | | **१८** |
| आन्तरिक र वाह्य स्रोत | | **१८४४७७** | **१८४४७७** | **१८४४७७** | **१८४४७७** | **१८४४७७** | **९२२३८५** | | **२७१** |
| % | आन्तरिक र वाह्य स्रोत | | | | | | | **१०० %** | |

# परिच्छेद ८
# अनुगमन तथा मूल्याङ्कन

## ८.१ परिचय

सिलीचोङ गाउँपालिकाले शिक्षा कार्यक्रम कार्यान्वयन वार्षिक स्वीकृत कार्यक्रम अनुरुप कार्यान्वयन गर्नेछ। स्थानीय तह र विद्यालयको आधारभूत तहमा संचालन हुने कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनमा जोड दिइएको छ। प्रत्येक विद्यालयले र पालिकाले बजेटको सिमा र तोकिएको मापदण्ड अनुसार कार्यक्रम सञ्चालन गर्नेछन । कार्यक्रम सञ्चालनको लागि बजेट र आवश्यक प्रबन्ध पालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले अगुवाई गर्नेछ ।

कार्यक्रमहरुको कार्यन्वयन भए नभएको अनुगमन मूल्याङ्कन गर्न पालिका तहमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजनमा अनुगमन समिति र बिद्यालय तहमा बि.व्य.स. र प्र.अ.को नेतृत्वमा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनको अनुगमन गरिनेछ। विद्यालय अनगुमनका क्रममा गाउँपालिकावाट समग्र पक्षको (शैक्षक, प्रशासनिक, शैक्षिक र भौतिक) नियमित अनगुमन, सुपरीवेक्षण, निरीक्षण हुनेछ। अनगुमन पश्चात सरोकारवालाहरुसँग समीक्षा बैठक गरी अनकुरणीय पक्षको प्रचार प्रसार र सुधारात्मक पक्षका लागि कार्ययोजना निर्माण र कार्यान्वयन गरिनेछ । कार्यक्रम कार्यान्वयनको लागि नीतिगतरुपमा पालिका र विद्यालयस्तरमा कार्यक्रम अनुगमन तथा मूल्याङ्कन समिति सक्रिय हुनेछ।

### ८.१.१ वर्तमान अवस्था

स्थानीय तहमा शैक्षिक क्षेत्राधिकार अनुसारका कार्यहरुमा अनुगमन, नियमन र मूल्याङ्कन गर्ने कार्य गरिरहेको छ । खासगरी गाँउपालिकाको शिक्षा,युवा तथा खेलकुद शाखावाट र जनप्रतिनीधिहरुवाट पनि समय समयमा अनुगमन, मूल्याङ्कन, निरीक्षण र सुपरीवेक्षण गरिएको छ। विद्यालयमा वि.व्य.स. र प्र.अ.को नेतृत्वमा अनुगमन गर्ने गरेको छ । अनुगमन मूल्यांकनका संरचना वा निकायहरु खडा भएतापनि सक्रिय बनाउन सकिएको छैन। कहिलेकाही गरिएका अनुगमनले सुधारात्मक सुझाव दिने तर त्यसको कार्यान्वयन गर्ने पद्धति वसाल्न सकिएको छैन । समग्र कार्यक्रम कार्यान्वयन, प्रगति समिक्षाको थालनी गर्नु जरुरी रहेको छ। प्रभावकारी अनुगमन र मूल्याङ्कनको स्थायी प्रणाली निर्माण र परिचलनमा ध्यान पुग्न सकेको छैन। सिकाई सफलता र राम्रा अभ्यासहरुको दस्तावेजिकरण र प्रचार प्रसार खाँचो रहेको छ।

ऐन, नियमअनुसार कार्य भए नभएको लेखाजोख गर्ने, लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्ने र क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीति तथा नीतिगत प्रवाहको मूल्याङ्कन गर्ने कार्यहरू नियमित रूपमा भैरहेका छन् । सबै तहको सेवा व्यवस्थापन तथा सेवा प्रवाहका लागि वित्तीय व्यवस्थापकीय र प्राविधिक पक्षको अनुगमन लेखाजोखा तथा मूल्याङ्कन गर्न आवश्यक छ। अनुगमन तथा मुल्याङ्कनको क्षेत्र एवम् दायरा तपसील वमोजिम रहेको छ।

| | | |
|---|---|---|
| सामुदायिक तहगत विद्यालय ३५ | सामुदायिक सिकाई केन्द्र २ | • विद्यालय शिक्षा प्रशासन र दैनिक सेवा प्रवाह<br>• अन्य शैक्षिक कार्यक्रम एवम् शैक्षिक गतिविधिहरु<br>• पेशागत विकासका सहजीकरण कार्यहरु |

अनुगमन प्रकृया तपसिल बमोजिम हुनेछ।

| | अनुगमन गर्ने निकाय | अनुगमन प्रकृया | जिम्मेवारी | अनुगमन समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १ | वडा शिक्षा समिति | अवलोकन, | संयोजक | मासिक | आगन्तुक |
| २ | गाउँ शिक्षा समिति | निरीक्षण, | संयोजक | मासिक | पुस्तिका, |
| ३ | वडा कार्यालय | सुपरिवेक्षण, | अध्यक्ष तथा पदाधिकारी | मासिक | विद्यालय |
| ४ | पालिका | प्रतिवेदन | अध्यक्ष तथा पदाधिकारी | त्रैमासिक | अनुगमन |
| ५ | शिक्षा विकास तथा समन्वय इकाइ | | इकाइ प्रमुख | वार्षिक | फाराम, |
| ६ | जिल्ला समन्वय समिति | | प्रमुख तथा पदाधिकारी | वार्षिक | कक्षाकोठा |
| ७ | शिक्षा, युवा तथा खेलकुद शाखा | | शाखा प्रमुख | मासिक | अनुगमन |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | शिक्षा तथा मानव श्रोत विकास केन्द्र | | तोकिए वमोजिम | वार्षिक | फाराम, प्रतिवेदन |
| ९ | प्रदेश शिक्षा विकास निर्देशनालय | | तोकिए वमोजिम | वार्षिक | |
| १० | नागरिक समाज तथा गैर सरकारी सङ्घसंस्था | | संयुक्त टोली | मासिक | |
| ११ | संघ र प्रदेशस्तरका विषयगत निकायहरु | | तोकिए वमोजिम | आकस्मिक | |

गाउँ शिक्षा योजनाको जानकारी सरोकारवालाहरूको सामुहिक उपस्थितिमा सूचना तथा प्रविधि र अन्य माध्यमबाट जानकारी गराइनेछ। योजनाको कार्यन्वयनको क्रममा आवश्यक सहयोग तथा सहकार्यको लागि गाउँपालिका तथा सम्वन्धित वडाहरूले यस योजनासँग सम्वन्धित तह तथा निकायहरूसँग आवश्यक प्रत्यक्ष भेटघाट वा पत्राचार गर्नेछन्। योजनाको कार्यान्वयनको क्रममा गाउँपालिका वडाहरू, सम्वन्धित समिति तथा उपसमितिहरूको वैठक कार्यतालिका वा आवश्यकता अनुसार हुनेछ।

### ८.१.२ उद्देश्य

- बार्षिक बजेट तथा कार्यक्रम तयारी र कार्यान्वयन गर्नु,
- एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयनका नतिजाहरूको विवरण तयार, समीक्षा र सुधार गर्नु,
- नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्नु।

### ८.१.३ रणनीति

- एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र उपयोग गरिनेछ,
- अनुगमन, मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग गरिनेछ,
- शैक्षिक सूचना व्यस्थापन प्रणालीलाई थप सुदृढीकरण गरिनेछ,
- राष्ट्रिय सूचकको अतिरिक्त आवश्यकता अनुसार स्थानीय सूचकहरूलाई समेत सूचना प्रणालीमा आवद्ध गरिनेछ,
- योजनाका आगत (Input), प्रक्रिया (Process), परिणाम (Output), उपलब्धि (Outcome) र प्रभाव (Impact) समेतको अनुगमन तथा मूल्याङ्कनका लागि संरचना र जनशक्तिको प्रबन्ध गरिनेछ,
- प्रमाणमा आधारित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गरिनेछ,
- अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई उपयोग गरिनेछ,
- कुल बजेटको निश्चित हिस्सा अनुगमन तथा मूल्याङ्कनमा छुट्याई नतिजा मूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्बन गरिनेछ,
- सहभागिता मूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गरिनेछ,
- कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एव प्रतिवेदन प्रणालीको प्रबन्ध गरिनेछ,
- पुरस्कार र दण्ड प्रणालीको विकास गरिनेछ।

### ८.१.४ प्रमुख उपलब्धि र नतिजा

#### उपलब्धि

- प्रभावकारी अनुगमनको माध्यबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुनेछ।
- कार्यक्रमको आवधिक समिक्षा भई सफलतालाई निरन्तरता, असफलतालाई सुधार, कमिकमजोरीमा सुधार र पुनर्योजना गर्न मद्दत हुनेछ
- समग्र कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुनेछ

#### नतिजा

- नतिजामा आधारित अनुगमन प्रणाली स्थापित भएको हुनेछ
- अनुगमनका आधारमा नतिजामा सुधार  भएको हुनेछ
- अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास हुनेछ
- विद्यार्थी उपलब्धि परीक्षणका नतिजाका आधारमा सुधार गर्ने परिपाटी स्थापित हुनेछ
- विभिन्न कार्यक्रमहरूको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुनेछ
- असल सिकाइहरुको दस्तावेज तयार हुनेछ

### ८.१.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक  लक्ष्य र अनुमानित वजेट

| क्र. स. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) २०८३।८४ देखि २०८७।८८ | | | | | | वजेट (५ बर्षे ) | स्रोत र जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | पालिका शिक्षा नीति तथा योजना र कार्यक्रम समन्वय  अनुगमन तथा मूल्याङ्कन समिति गठन र परिचालन | पालिका | १ | १ | १ | १ | १ | ५ | ५०० | पालिका |
| | प्रगति समीक्षा र पृष्ठपोषण | पटक | २ | २ | २ | २ | २ | १० | २५० | |
| २ | शैक्षिक  कार्यक्रम अनुगमन र मूल्याङ्कन समिति गठन र परिचालन | वडा | ५ | ५ | ५ | ५ | ५ | २५ | ६२५ | वडा |
| | प्रगति समीक्षा र पृष्ठपोषण | पटक | ५ | ५ | ५ | ५ | ५ | २५ | १२५ | |
| ३ | शैक्षिक कार्यक्रम अनुगमन  तथा मूल्याङ्कन समिति गठन र परिचालन | विद्यालय | ३५ | ३५ | ३५ | ३५ | ३५ | १७५ | ० | विद्यालय |
| | प्रगति समीक्षा र पृष्ठपोषण | पटक | ३५ | ३५ | ३५ | ३५ | ३५ | १७५ | ३५० | पालिका |
| ४ | अनुगमन प्रणालीका लागि सूचक विकास र परिमार्जन | पटक | १ | १ | १ | १ | १ | ५ | २५० | पालिका / शिक्षा शाखा |
| | अनुगमनकर्ताको  क्षमता विकास अभिमुखीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | ससर्त / पालिका |
| | विद्यालयस्तर कार्यक्रम अनुगमन तथा मुल्याङ्कन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ७५० | पालिका  / शिक्षा शाखा |
| ५ | चौमासिक , अर्धबार्षिक र वार्षिक समीक्षा | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ७५० | पालिका / शिक्षा शाखा |
| ६ | विद्यालय स्तरीकरण एवम् कार्यसम्पादन परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | पालिका |
| ७ | विद्यालयस्तरको स्थिति प्रतिवेदन तयारी र सम्प्रेषण | पटक | ३५ | ३५ | ३५ | ३५ | ३५ | ३५ | १० | पालिका |
| ८ | विद्यालयको सामाजिक परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | ० | ससर्त  / पालिका |
| ९ | विद्यालयको लेखा परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | ० | ससर्त / पालिका |
| १० | प्रभाव अध्ययन तथा अनुसन्धान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५०० | पालिका |
| ११ | स्थिति प्रतिवेदन तयारी र सम्प्रेषण | पटक | १ | १ | १ | १ | १ | ५ | २५० | ससर्त  शिक्षा शाखा |
| **जम्मा  (आन्तरिक स्रोत )** | | | **१०७२** | **१०७२** | **१०७२** | **१०७२** | **१०७२** | | **५३६०** | **आधारबर्ष ०८२।८३** |
| १ | कार्यान्वयन सहयोगी पुस्तिका विकास र वितरण- विद्यालयस्तर | पटक / बार्षिक | १ | १ | १ | १ | १ | ५ | ७५० | सशर्त संघ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | कक्षा अवलोकन र विद्यालय अनुगमन तथा कार्यक्रम मूल्याङ्कन साधन विकास र परिमार्जन | पटक / बार्षिक | १ | १ | १ | १ | १ | ५ | ५०० | सशर्त संघ |
| ३ | कार्यसम्पादन/ स्तरीकरण र स्वमूल्याङ्कन (विद्यालयस्तर ) | विद्यालय /बार्षिक | २३ | २३ | २३ | २३ | २३ | ११५ | ५०० | सशर्त संघ |
| ४ | अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन अवस्थाको प्रतिवेदन तयार | पटक / बार्षिक | आवश्यकता माग अनुसार | | | | | १ | २५०० | सर्सत प्रदेश |
| | अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन अवस्थाको प्रतिवेदन तयार | पटक / बार्षिक | आवश्यकता माग अनुसार | | | | | १ | | ससर्त प्रदेश |
| ५ | विद्यालयस्तरीय र नगरस्तरीय परीक्षा अनुगमन (परीक्षा केन्द्र ) | पटक / बार्षिक | २ | २ | २ | २ | २ | १० | ० | सर्सत संघ |
| ६ | आधारभूत शिक्षा परीक्षा वाहेक अन्य परीक्षा अनुगमन (परीक्षा केन्द्र ) | पटक / बार्षिक | २ | २ | २ | २ | २ | १० | ० | सर्सत / शि वि स ए |
| **जम्मा (बाह्य स्रोत )** | | | ८५० | ८५० | ८५० | ८५० | ८५० | | ४२५० | **आधारबर्ष ०८२।८३** |

## अनुसूचीहरु

**१.योजनामा लिपिवद्ध केही छोटकरी शब्दहरुको विस्तारित रुप (Acronyms / Abbreviations)**

| | |
|---|---|
| आ वि | आधारभूत विद्यालय |
| मा वि | माध्यमिक विद्यालय |
| नि मा वि | निम्न माध्यमिक विद्यालय |
| प्रा शि | प्राथमिक शिक्षक |
| नि मा शि | निम्न माध्यमिक शिक्षक |
| मा शि | माध्यमिक शिक्षक |
| विव्यस | विद्यालय व्यवस्थापन समिति |
| शिअसंघ | शिक्षक अभिभावक संघ |
| विसुयो | विद्यालय सुधार योजना |
| सा प | सामाजिक परीक्षण |
| ले प | लेखा परीक्षण |
| प्र अ | प्रधानाध्यापक |
| क अ | कम्प्युटर अप्रेटर |
| स का | सहयोगी कार्यकर्ता |
| ईसिडी ECD | Early childhood Development . |
| ईमिस IEMIS | Integrated Educational Management Information System |
| प्र प्र अ | प्रमुख प्रशासकीय अधिकृत |
| शि वि स ए | शिक्षा विकास तथा समन्वय एकाई |
| BEE वि ई ई | Basic Education Examination |
| SEE एस ई ई | Secondary Education Examination |
| SLC एस एल सी | School Leaving Certificate |
| SESP | School Education Sector Plan |
| SDG | Sustainble Development Goal |
| CEHRD | Center for Education Human Resource Development |
| ICT | Information & Communication Technology |
| NG | Non Graded |
| PMEC | Priotise Mininmum Enabling Conditon |
| ReAL Plan | Recovery & Accelerated Learning Plan |

## २.शिक्षा योजना निर्माणका लागि कार्यपालिका वैठक र निर्णयहरु

**(शिक्षा योजना निर्माणका लागि गठित सल्लाहकार समिति , अनुगमन तथा मुल्याङ्कन समिति र कार्यदल समेत )**

आज मिति २०८२ साल माघ १५ गते बिहिबारको दिन विहान ११: ०० बजे यस सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री भूपालराज राईज्यूको अध्यक्षता र देहाय बमोजिमको उपस्थितीमा बसेको सिलिचोङ गाउँपालिकाको आ.व. ०८२/८३ को एघारौं कार्यापालिका बैठकबाट देहाय बमोजिमको प्रस्तावहरु उपर छलफल गरी सर्वसहमतिले निर्णय पारित गरियो ।

उपस्थिती:

| क्र.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भूपालराज राई | अध्यक्ष | |
| २ | देविता राई | उपाध्यक्ष | |
| ३ | गणेश राई | वडाध्यक्ष | |
| ४ | मोहन समसेर राई | वडाध्यक्ष | |
| ५ | प्रतापसिंह तामाङ | वडाध्यक्ष | |
| ६ | देवेन्द्र राई | वडाध्यक्ष | |
| ७ | ईश्वर राई | वडाध्यक्ष | |
| ८ | सन्तोष राई | कार्यपालिका सदस्य | |
| ९ | सागर राई | कार्यपालिका सदस्य | |
| १० | रेविका रसाइली | कार्यपालिका सदस्य | |
| ११ | शारदा कुमारी राई | कार्यपालिका सदस्य | |
| १२ | लक्ष्मी वि.क. | कार्यपालिका सदस्य | लक्ष्मी |
| १३ | मनकुमारी राई | कार्यपालिका सदस्य | |
| १४ | प्रविण राई | प्रमुख प्रशासकिय अधिकृत | |

**प्रस्ताव नं. ४: शैक्षिक योजना निर्माणका लागि सल्लाहाकार समिति अनुगमन/मुल्याङ्कन समिति र योजना निर्माण कार्यदल गठन सम्वन्धमा ।**

निर्णय: प्रस्ताव नं. ४ उपर छलफल गर्दा सिलीचोङ गाउँ तहको शैक्षिक निर्माण गर्नका लागि स्थानीय तहको शैक्षिक योजना निर्माण सम्वन्धी मार्गदर्शन,२०७९(. परिमार्जित संस्करण, २०८१ ) बमोजिम तपशिल वमोजिमको सल्लाहकार समिति,अनुगमन/मूल्याङ्कन समिति र योजना निर्माण कार्यदल गठन गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

तपशिल:

क. सल्लाहाकार समिति:

१. संयोजक/अध्यक्ष– श्री भूपाल राज मेवाहाङ

२. सदस्य-श्री देविता कुलुङ

३. सदस्य- श्री राम वहादुर कुलुङ

४. सदस्य- श्री गणेश कुलुङ

२०८२।१०।१६

५. सदस्य- श्री [illegible]न शमशेर कुलुङ

६. सदस्य- श्री प्र[illegible]प सिंह तामाङ

७. सदस्य-श्री देवेन्द्र राई

८. सदस्य-श्री ईश्वर राई

९. सदस्य सचिव- श्री प्रविण राई

ख. योजना अनुगमन/मुल्याङ्कन समितिः

१. अध्यक्ष- गाउँपालिका अध्यक्ष

२. सदस्य- गाउँपालिका उपाध्यक्ष

३. सदस्य- सम्बन्धीत विषय विज्ञ एक जना

४. सदस्य- सामाजिक विकास समितिका संयोजक

५. सदस्य सचिव- प्रमुख प्रशासकिय अधिकृत

ग. योजना निर्माण कार्यदलः

१. संयोजक/अध्यक्ष- श्री रमेश कार्की

२. सदस्य – श्री दुर्गा किरण राई( विद्यालय व्यवस्थापन समितिका अध्यक्ष)

३. सदस्य- श्री राजु विष्ट

४. सदस्य – श्री गणेश राई ( प्रधानाध्यापक)

५. सदस्य – श्री ईन्द्र बहादुर राई (प्रधानाध्यापक)

६. सदस्य – श्री टेकनाथ चापागाई (प्रधानाध्यापक)

७. सदस्य – श्री टेक सिंह राई (प्रधानाध्यापक)

८. सदस्य – श्री सुरेन्द्र सिंह ठगुन्ना( शिक्षक)

९. सदस्य सचिव – श्री वुद्धि कुलुङ

### ३.पालिकास्तरमा मस्यौदा योजनाको प्रस्तुतीकरण र सुझाव सङ्कलनका केही झलकहरु









## ४.शिक्षा योजना निर्माणका लागि वडास्तरीय सुझाव सङ्कलनका केही झलकहरु



सिलीचोङ गाउँपालिका , वडा न १ को कार्यालय सिसुवाखोला




सिलीचोङ गाउँपालिका , वडा न २ को कार्यालय बाला



सिलीचोङ गाउँपालिका , वडा न ३ को कार्यालय ताम्कु



सिलीचोङ गाउँपालिका , वडा न ३ को कार्यालय ताम्कु




सिलीचोङ गाउँपालिका , वडा न ४ को कार्यालय मांतेवा



सिलीचोङ गाउँपालिका , वडा न ५ माहेश्वरी मा वि